# आजसम्म लडिएको सबैभन्दा विशाल युद्ध

धन्यवाद तपाईलाई, भाई ओर्मन। परमप्रभुले तपाईलाई आशिष दिनुभएको होस्।

2 शुभ प्रभात, मित्रहरु। आज बिहान फेरी पनि यहाँ आउन पाउँदा अत्यन्त खुसी छु, र एक प्रकारले अलि अप्रत्याशित, मलाई लाग्छ, म आफैलाई, र म पक्का छु कि मण्डलीलाई नि यहि हुनेछ। र म केवल पढ्दै थिए अनि...धन्यवाद बहिनी। र प्रभुले मण्डलीमा ल्याउनको लागि, मेरो हृदयमा थोरै कुरा राख्नुभएको जस्तो देखिन्छ, र मैले सोचे कि यो गर्ने ठिक समय हो। र अब यो...

3 जब म आइपुगे, र त्यसपछि थाहा थिएन कि हामी यो आईतबार यहाँ हुनेछौ, मैले घोषणा गरेको छु कि मसँग मण्डलीको एउटा—एउटा लागि सन्देश छ। यदि परमेश्वरको इच्छा भए, यो सन्देश अर्को आईतबार ल्याउन, म चाहन्छु। र त्यहाँ अलिकति लामो समय हुनेछ, त्यसैले, यो सम्भवतया बाह्र–तिस, एक बजे, शायद त्यो समयसम्म बाहिर निस्कने छैन। यो धेरै समयदेखि मेरो मनमा थियो, र मलाई लाग्छ कि म किन मैदानमा धेरै समय देखि सक्रिय भईन भने जवाफ जनता दिन पर्छ। र मैले यसको चारैतिर प्रचार गरको छु, तर म पक्का छु कि यो जहाँ आउन पर्ने त्यहाँ कहिल्यै आएको छैन। त्यसैले मलाई लाग्छ, प्रभुको इच्छा भए, अर्को आईतबार, म केवल आफ्नो समय लिन चाहन्छु र राख्न चाहन्छु, कारण र किन, र तपाईहरुलाई थाहा दिनेछु, शास्त्रीय रूपमा, के हुँदैछ, हेर्नुहोस्, यो सबै के को बारेमा हो। किनभने, म शायद विदेश वा कतै जानेछु। म अहिले उहाँले कहाँ जानको लागि मलाई बोलाउनुहुनेछ भनि, प्रतिक्षा गरिरहेको छु। अन्तिम...

4 लगभग तिन रात अगाडि, वा दुई रात, मध्यरातको नजिक मलाई एउटा फोन कल आएको थियो; र यो अस्पतालमा रहेकी कुनै महिलाको लागि प्रार्थना गर्नको निम्ति थियो। र तिनीहरुले मलाई कल गरे, र भने, "प्रार्थना गर्नुहोस्।" मैले त्यो नाम भुले जुन तिनीहरुले मलाई दिएका

थिए, कि...भन्यो कि यो श्रीमती जेम्स बेलको एउटा साथी हुनुहुन्थ्यो, हाम्रो बहिनी यहाँ मण्डलीमा, एउटा अश्वेत बहिनी, एकदम वफादार, राम्रो महिला हुनुहुन्छ। मलाई लाग्छ नाम सेफार्ड थियो, जुन मलाई दिएको थियो। त्यसैले म खाटबाट बाहिर निस्किए र घुडा टेके, र—र मेरी श्रीमतीलाई भने। बजिरहेको फोनको घन्टीले, उसलाई ब्युँझायो। र मैले भने, "हामी श्रीमती सेफर्डको लागि प्रार्थना गर्नुपर्छ, हामीलाई कल गर्नुभएको बहिनी, उनी श्रीमती जेम्स बेलको साथी हुनुहुन्छ। त्यसैले हामीले उनको निम्ति प्रार्थना गर्यौं, ओछ्यानमा फ़र्कियौं।

5 र त्यसपछि लगभग १० वा एघार बजे, अर्को दिन, मलाई फेरी कल आयो। यो बिल्ली थियो। अनि उसले भन्यो, यो श्रीमती सेफर्ड हुनुहुन्न थियो, भन्यो यो श्रीमती बेल, आफै हुनुहुन्थ्यो, श्रीमती बेलको साथी होइन। "यो श्रीमती बेल हुनुहुन्थ्यो, र उहाँ अस्पतालमा हुनुहुन्थ्यो, अत्यन्त गम्भीर अवस्थामा।" र हतार हतार अस्पताल पुग्यौ, तर उनी गईसकेकी थिईन्। परमप्रभुले श्रीमती बेललाई, घर बोलाउनुभएको थियो।

6 श्रीमती. बेल बर्षौं देखि, यहाँ मण्डलीमा हामीसँग एउटा विश्वासयोग्य भी भेला हुनुभएको छ। उनको पति, जेम्स, र म, सँगै काम गर्यौं, मेरो बुवासँग, धेरै वर्षसम्म, बाहिर, काम गर्यौं...हामीले यो यी स्पर्सहरु, पेन्सिलभानिया देखि, यहाँको कोल्गेटसम्म, धेरै वर्ष अगाडि, मलाई लाग्छ तिस वर्ष, वा त्यो भन्दा धेरै अगाडि चलाएका थियौ। र हामीले बहिनी बेललाई माया गर्छौ। उनी एक महान व्यक्ति थिईन्।

7 र म बुझ्छु कि उनलाई पित्त थैलीको अवस्थाको तीब्र आक्रमण थियो, र तिनीहर...उहाँको चिकित्सक, जसलाई यसको मामिला राम्रोसँग थाहा थियो, उहाँ त्यसबेलामा शहरबाट बाहिर हुनुहुन्थ्यो। र एउटा नयाँ चिकित्सकले उहाँलाई हेर्न आउनुभएको थियो, र—र आकस्मिक शल्य क्रियाको लागि सल्लाह दिनुभयो, र उनमा यो कहिल्यै बाँच्न सकेन। र—र उनी...मलाई लाग्छ...जुन तरिकामा मैले यसलाई बुझ्छु, कि उनको नियमित चिकित्सकले—शल्यक्रियाको लागि परामर्श दिनुहुदैन थियो, किनभने उनी भारी थिईन् र उनको पित्त थैली खराब थियो। र उनमा पत्थरी थियो, मलाई लाग्छ, वा भित्र केहि थियो, र—र परमप्रभु दयालु रहनुभयो। उनलाई त्यस्ता घातहरु पहिले हुने गर्थ्यो र प्रभुले धेरै पटक, यी कुराहरुबाट हेरचाह गर्नुभएको थियो। तर यो हुन आयो कि...ठिक छ, यदि

हामीले यसलाई पूर्ण नापमा ल्यायौ भने, हामीले यो भन्छौ: परमेश्वरले बहिनी बेललाई बोलाउनुभएको थियो, र त्यस तरिकामा यसलाई लिईनुपर्छ, तपाई देख्नुहुन्छ।

8 र कसरी उहाँले छुट्टाउनुभयो...यसलाई मेरो चारैतिर ल्याउनुभयो, कि मैले सोचे कि यो श्रीमती...श्रीमती सेफर्ड हुनुहुन्थ्यो। म श्रीमती सेफर्डलाई चिन्दिन। उहाँ आज यहाँ हुनुहुन्छ होला, यस बिहान, र मैले उहाँको मुहारलाई हेरे भने चिन्न सक्छु होला। तर, यो भनिएको थियो कि यो श्रीमती सेफर्ड हुनुहुन्थ्यो। र चाहे यो सबै यसरी गरिएको थियो होला, ताकी यदि यो...यदि मैले श्रीमती बेल त्यस्तो आकारमा हुनुहुन्थ्यो भनि थाहा पाएको भए, म सम्भवतः त्यहाँ जान्थे र उनको लागि तुरुन्तै अन्तरक्रिया गरेको हुन्थे। र त्यसपछि, हेर्नुहोस्, कि, परमेश्वरले हामीले त्यसो गरेको चाहनुभएन, शायद। त्यसैले, "हामी जान्दछौ कि परमेश्वरलाई प्रेम गर्नेहरुको निम्ति सबैकुराले भलाईको लागि काम गर्दछ।"

9 र म निश्चित कि बहिनी बेलले हाम्रो प्रभुलाई प्रेम गर्नुहुन्थ्यो। उनी एक असल स्त्री थिईन्। अब, उहाँ हामी मध्ये एक हुनुहुन्छ। यहाँनिर, हामी माफ कुनै पनि रङ्गको रेखाहरु छैन। परमेश्वरको परिवारले रङ्गको कुनै रेखा कोर्दैनन्। चाहे हामी रातो, खैरो, कालो, वा पहिले, यसले फरक पार्दैन, सेतो। जे केहि पनि यो होस्, हामीहरु ख्रीष्टमा दाजुभाई दिदीबहिनीहरु हौँ। र त्यसैले हामी—हामी उनलाई प्रेम गर्छौं। र हामी उहाँलाई याद गर्छौं, मण्डलीले। कति धेरै म उहाँलाई याद गर्छु, बहिनी बेल, ती महान, ठूलो, "आमेनहरु" त्यहाँ पछाडि कुनाबाट आउथ्यो। र उहाँलाई माथि घरमा लगेर, उहाँले प्रभु येशूको बारेमा कुरा गर्नुहुन्थ्यो।

10 र यदि मैले सहि बुझेको छु भने, केहि क्षण अगाडि भन्दा पहिले कहिल्यै थाहा पाएको थिएन, तर मलाई लाग्छ कि उहाँको अन्त्येष्टि यहि मण्डलीमा हुनेछ। [भाई नेभिलले भन्नुहुन्छ, "त्यो सहि हो।"—सम्पा।] यहि आउदो मंगलबार ["एक बजे।"] एक बजे। र मलाई लाग्छ तपाई र म कार्यवाहक हौँ ["त्यो सहि हो।"] यस अन्त्येष्टिको सेवामा।

11 तर, केवल मण्डलीमा, कि हामी आज एक कमजोर छौ यस बिहानमा, हाम्रो बहिनी बेलको सम्मानमा, हामी हाम्रो शिर झुकाएर, एक क्षणको लागि हाम्रो खुट्टामा उभिऔं।

12 जीवनको परमेश्वर, जसले जीवन दिनुहुन्छ र लिनुहुन्छ, जसरी पुरानो समयको अय्यूबले भनेका थिए, “प्रभुले नै दिनुहुन्छ र प्रभुले नै लिनुहुन्छ; परमप्रभुको नाउँ धन्यको होस्।” केहि वर्ष पहिले, तपाईले हामी माझ बहिनी बेललाई पठाउनुभयो, हामीसँगै सहनागरिक हुनको निम्ति, परमेश्वरको साझामण्डलको निम्ति। र हामी तपाईलाई उनी हाम्रो अगाडि भएको हरेक प्रेरणाको निम्ति तपाईलाई धन्यवाद दिन्छौ, कसरी उहाँ गाउन र गवाहि दिन मन पराउनुहुन्थ्यो, र यति धेरै आत्मामा भरिन्थिन् कि उहाँ कराउन र चिच्याउन थाल्नुहुन्थ्यो। र उहाँ येशू ख्रीष्टको सुसमाचारमा शर्माउनुहुन्न थियो, किनकि, उहाँको लागि, यो मुक्तिको लागि परमेश्वरको शक्ति थियो। उहाँको वर्षको संख्या देखेर, र समय आउछ जब हामी सबैले जवाफ दिन पर्छ। र तपाईले, यस बिहान, तपाईको उपस्थितिमा, उहाँले हामीबाट लैजानुभएको छ। किनकि, यो साच्चै, जब हामीले उहाँलाई छोड्यौ, हामीहरु परमेश्वरको उपस्थितिमा छौ।

13 ओ परमेश्वर, सबैकुराको लागि हामी तपाईलाई धन्यवाद दिन्छौ। हामी प्रार्थना गर्छौं कि तपाईले उहाँको श्रीमान्, मेरो मित्र, जेम्सलाई; उहाँको छोरा, उहाँको छोरीहरु, ती सबैलाई आशिष दिनुहुनेछ। हामी बुझ्छु कि उहाँको केटा जर्मनीबाट, सशस्त्र सेना बाहिरबाट उडिरहनुभएको छ, घर आउनको निम्ति, उहाँले पृथ्वीमा, आफ्नो दिवंगत आमालाई अन्तिम श्रद्धान्जली दिनको लागि। आज बिहान त्यो युवकको मन कत्ति धड्किरहेको हुनुपर्छ। म उहाँको निम्ति प्रार्थना गर्दछु, प्रभु। परमेश्वर, उहाँलाई आशिष दिनुहोस्। जिम्मीलाई आशिष दिनुहोस्, र कसरी उहाँ...उहाँले त्यहाँ काम गरिरहेको हेर्दा, र थकित घण्टाहरु, उहाँको परिवारको जीविकोपार्जन गर्नको निम्ति। म प्रार्थना गर्दछु कि यो महान परिवार अलग नहोस्, तर अर्को छेउको भूमिमा परिवारको चक्र अखण्ड हुनेछ।

14 हुन सकोस् हामी, प्रभु, अब हामी कवच र गर्डरलाई अलि कस्न सकौँ, थोरै कस्न सकौँ, र अहिले युद्धमा जान सकौँ, हामीसँग एक हप्ता अघि भएको भन्दा एक जनाको कमिका साथ लड्न। हामी प्रार्थना गर्दछौ कि तपाईले हामीलाई सम्हाल्नुहुनेछ र बलियो बनाउनुहुनेछ, र हामी अघि बढ्दै गर्दा तपाईले मद्दत गर्नुहुनेछ, र कुनै दिन हामी सबै फेरी अर्को छेउमा भेला हुन सक्छौ। किनकि हामी माग्दछौ येशूको नाउँमा। आमेन।

15 अब दिवंगत बहिनीको आत्माले शान्ति पाओस्। म यो भन्न चाहन्छु

कि उहाँ—उहाँको अन्त्येष्टि यहाँ आईतबार, वा मंगलबार प्रचार गरिनेछ, र हामी...जो कोहि पनि आउनुहुनेछ आउनको लागि स्वागत छ। मलाई लाग्छ भाई नेभिलले यहाँ प्रबन्धहरु गर्नुभएको छ, र तपाईसँग त्यो छ। अब, आज, म केवल...

16 हेर्नुहोस्, त्यहाँ धेरै छैन। यदि त्यहाँ पछाडि भाई र बहिनी स्लटरको निम्ति कतै मेच ल्याईएको छ भने। मैले तपाईको फोन पाए, बहिनी स्लटर, र तपाईको प्रार्थनाको लागि गयौ...अर्को बहिनी स्लटर, त्यो खरायोको ज्वरो, टुलारेमिया सहित बहिनी जिन स्लटर। उहाँको पक्कै पनि नराम्रो मामला छ, तर हामी परमेश्वरमा भरोसा गर्छौ कि उहाँ सहि सलामत हुनुहुनेछ।

17 अब हामी केहि धर्मशास्त्रहरु पढ्न चाहन्छौ। र म आज बिहान केवल सिकाउन चाहन्छु, मेरो समय लिएर, किनकि जब म बाहिर, एरिजोनाबाट फर्केर आएको छु, अनि, मेरो घाटी अलि कच्चा भएको छ।

18 र अब, अर्को आईतबार, नभुल्नुहोस्, र मलाई लाग्छ बिल्लीले विज्ञापनहरु—पत्राचार गरिसकेको छ। र यो अलिकति लामो सेवा हुनेछ, हामी विश्वास गर्छौ, त्यसैले जत्ति सक्दो चाडो आउनुहोस्। हामी शुरू गर्न चाहन्छौ, ठिक लगभग न–तिस, वा मेरो मतलब, दस बजे। र शायद, याद गर्नुहोस्, लगभग एक वा एक–...शायद, वा बाह्र–तिस, एक बजे, केहि त्यस्तै, तिन वा चार घण्टा, वा अझै बढि, अनि केवल धर्मशास्त्र, म लिन चाहन्छु। तपाईको कलम र कागज लिएर आउनुहोस्, र यसलाई बाहिर राख्नुहोस्। त्यहाँ कुनै प्रश्नहरु छन् भने, तपाई यो सोध्नु—सोध्नुहोस्, तपाई हेर्नुहोस्, र शायद हामीले यो व्याख्या गर्न सक्छौ, हामीले मद्दत गर्न सक्ने गर्छौ।

19 अब आउनुहोस् केहि धर्मशास्त्र पढौ, पहिलो, अब। मसँग बाईबलमा तिनवटा ठाउँहरु छन्, जुन म पढ्न चाहन्छु। र ती मध्ये पहिलो, यदि तपाईले टिपोट गर्न चाहनुहुन्छ भने, र यदि तपाईसँग कलम छ भने, आज बिहान, म जनाउन चाहन्छु, धेरै पाठहरुमा जुन म चाहन्छु...वा केहि धर्मशास्त्रहरु, बरु, जुन म उल्लेख गर्न चाहन्छु। पहिलो चाहि पहिलो पत्रुस ५:८–१०, एफिसी ६:१०–१७, र दानिएल १२:१–१४। अब, पढ्नमा, हाम्रो समय लिएर।

20 र सबैजना व्यावहारिक रूपमा बसिरहेका छन्। त्यसैले, अझै पनि केहि उठिरहेका छन्, पछाडि र एक छेउ पट्टि। तर हामी सकेसम्म चाँडो पार गर्ने

प्रयास गर्दैछौ र तपाईलाई बाहिर जान दिनेछौ, त्यसपछि हामी बिरामीहरुको लागि प्रार्थना गर्न जाँदैछौ।

21 एउटा सानी केटि यहाँ यस बिहानमा लेटिरहेकी छिन्, जो एकदमै बिमार छिन्। म बुझ्छु कि उनी एकदमै बिमारी थिईन्, हिजो। र म उनको निम्ति प्रार्थना गर्नुभन्दा पहिले, यस बिहान, पहिलो, म—म केवल उनले सुनेको चाहन्थे। र मलाई यस सानी केटिको अवस्था थाहा छ। र उनी एकदमै बिमार छिन्, तर हामीसँग एउटा एकदमै महान स्वर्गीय पिता हुनुहुन्छ जो सबै रोगहरुबाट विजयी भन्दा पनि बढि हुनुहुन्छ। र मैले एउटा—एउटा सानो...

22 मैले श्रीमती वूड्सलाई सोधे कि यदि उहाँले यो पढ्न सक्नुहुन्छ भने, तर उहाँ—उहाँ यसो गर्नमा थोरै अनिच्छुक—हुनुहुन्थ्यो। एउटा लेख, जहाँ एउटा चिकित्सा डाक्टर निश्चित रूपमा छक्क परेको थियो। जब, उहाँ दिव्य चंगाईको एउटा आलोचक हुनुहुन्थ्यो र कसैलाई पनि यसको बारेमा उहाँको कार्यालयमा कुरा गर्न दिनुहुन्नथ्यो; र उहाँको नर्स, पनि। त्यसैले, यो यस्तो भयो, एउटा बिरामी भेटियो जुन एउटा क्यान्सर केस थियो, एउटा ठूलो क्यान्सर। उहाँले त्यससँग केहि गर्न चाहनुहुन्न थियो, त्यसैले उहाँले उसलाई अर्को क्लिनिकमा पठाउनुभयो। तिनीहरुले त्यहाँ यससँग केहि गर्न चाहदैन थिए, त्यसैले तिनीहरुले उनलाई फिर्ता पठाए। त्यसैले तिनीहरु... ओ, यो स्तनमा थियो, र यो एकदम भयानक अवस्थामा थियो। र सबै छाला खाईसकेको थियो। र क्यान्सर, यो तल स्तनसम्म पुग्यो, तल करङसम्म। मलाई लाग्छ मैले के भन्न खोजेको तपाईले बुझ्नुभएको छ।

23 तिनीहरुले नर्वेको हाम्रो सानो डाक्टर साथीलाई ल्याए जो यस बिहान हामीसँग बसिरहनुभएको छ।

24 र उहाँसँग उहाँको सबै सामग्री तयार छ, किनभने उहाँलाई थाहा थियो कि—कि उनले उहाँलाई शल्य क्रिया गरी स्तन निकालेको चाहनुहुन्थ्यो। र यो एकदम रक्तपातपूर्ण कार्य थियो। र—र उहाँसँग उहाँको सबै प्याकहरु, सबैथोकहरु थिए। नर्सले महिलालाई तयार पारिन र उनलाई शल्यक्रिया कक्षमा ल्याईन्, र त्यसपछि उनी उपकरणहरु लिनलाई फर्किईन्...जुन चिकित्सक र उनको सहायकले, स्तन निकाल्नको लागि प्रयोग गर्नुपर्छ। र तिनीहरुसँग त्यहाँ तौलिया र चिजहरु उनको माथि राखिएको थियो। र त्यसैले उनीहरुले शुरू गरे...

25 जब उहाँ घुम्न थाल्नुभयो, उनको श्रीमानले कोठाको अन्त्यमा बसेर प्रार्थना गर्न सक्छन् कि भनेर जान्न चाहन्थे। उहाँ एक पवित्रताको प्रचारक हुनुहुन्थ्यो। र उहाँ खातको खुट्टाको छेउमा बस्नुभयो, र प्रार्थना गरिरहनुभयो। निस्सन्देह, डक्टर त्यसकुरामा धेरै सन्तुष्ट थिएनन्, तपाईलाई थाहा छ, उहाँ त्यहाँ भित्र भएकोमा। तर जबसम्म उहाँले हेर्नुहुन्न, र यसले उहाँलाई चोट पुर्याउदैन, किन, "मलाई लाग्छ त्यो ठिकै थियो; उहाँ—बेहोस हुदैन भने।"

26 त्यसैले बसेर, प्रार्थना गरिरहदा, त्यहाँ कोठामा झडप आउछ। र डाक्टर जानको लागि फर्कन्छ...उहाँको उपकरण सहित, स्तन निकाल्न शुरू गर्दै। उहाँले प्याक पछि प्याक सार्नुभयो। त्यहाँ स्तनमा दाग सम्मपनि थिएन; एउटा दाग पनि थिएन। उहाँले भन्नुभयो, "के—के...के यो सर्छ?" र उहाँले शुरू गर्नुभयो...अनि नर्सले उनको गवाहि दिए। तिनीहरु दुवै बाहिर गए र पेन्टिकोष्टल बने, पवित्र आत्माले भरिए, प्रभुको सेवा गर्दै। एउटा दाग पनि थिएन।

27 डाक्टर होलब्रूक आफैले, गवाहि दिनुभयो, भन्नुभयो, "त्यहाँ एक मिनेट अगाडि, त्यहाँ—त्यहाँ महिला सुनेकी थिईन्, र नर्स, र ठूलो ठूलो क्यान्सर सबै उनको स्तनमा बाहिर धकेलियो। र एक मिनेट पछि, जहाँ त्यो सरेको थियो त्यहाँ एउटा दागसम्म पनि थिएन।" त्यो यहाँ अमेरिकामा हाम्रा राम्रा मेडिकल डाक्टरहरु मध्ये एक हो। उहाँले भन्नुभयो उहाँ ठिक त्यसबेलामा विश्वस्त हुनुभयो। र उहाँ, अझै पनि, उहाँ मण्डलीको एउटा डिकन हुनुहुन्थ्यो। बुझ्नुभयो?

28 हेर्नुहोस्, मानिसले केवल सोच्छन् मण्डली केहि कुरा हो जहाँ तपाई जानुमात्रै हुन्छ, र यो, "ओ, तपाई त्यहाँ असल हुन सिक्न जानुहुन्छ, वा केहि त्यस्तै।" यो त्यस्तो होइन, मित्र। होइन। परमेश्वर परमेश्वर हुनुहुन्छ। उहाँ आज उत्तिकै महान हुनुहुन्छ जत्ति उहाँ हुनुहुन्थ्यो, पहिले हुनुहुन्थ्यो। र उहाँ सधै एकैनाशको हुनुहुनेछ। र उहाँ एउटा...हामी केवल उहाँलाई प्रेम गर्छौं।

29 अब, हामी अब पहिलो पत्रुसबाट पढ्न चाहन्छौ, ५ औ अध्याय, ८ औ र १० औ पद, शुरू गर्नको लागि।

*सचेत रहो,...जागा रहो; तिमीहरूको शत्रु दियाबलस,...*
*कसलाई भेट्टाऊँ, र खाइहाँलू भनी, गर्जने सिंहझैं खोजिहिँड्छ:*

*विश्वासमा...*दह्रिला भएर *त्यसको विरोध गर, किनकि संसारभरि नै तिमीहरूका दाजुभाइहरूले पनि यस्तै कष्टको अनुभव गरिरहनुपरेको छ।*

*सबै अनुग्रहका परमेश्वरले* येशू ख्रीष्टमा *आफ्नो अनन्त महिमाको* निम्ति तिमीहरूलाई *बोलाउनुभएको छ,* तिमीहरूले *केही बेर कष्ट भोगेपछि, उहाँले नै तिमीहरूलाई फेरि नयाँ पार्नुहुनेछ,* स्थिर गर्नुहुनेछ, शक्तिशाली पार्नुहुनेछ, र *बसाल्नुहुनेछ।*

30 परमेश्वरको प्रशंसा होस्! अब एफिसीको पुस्तकमा। हामीहरु यहाँ एफिसीको पुस्तक पल्टाउन चाहन्छौ, ६ औ अध्याय, र १० औ देखि १७ पदसम्म पढ्न चाहन्छौ, मैले चिन्ह लगाएको छु।

*अब अन्त्यमा, मेरा भाईहरु, प्रभुमा र उहाँका शक्तिको, सामर्थ्यमा बलवान् होओ।*

*दियाबलसका युक्तिहरूका विरुद्धमा खड़ा हुन सक्नलाई, परमेश्वरका सारा हातहतियार धारण गर।*

*किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका—सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याइँका आत्मिक सेनाहरूका विरुद्ध हो।*

*यसैकारण* आफ्नो लागि *परमेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको* सामना *गर्न सक,...र सबै काम गरेर, खड़ा हुन सक्ने होओ।*

*यसकारण आफ्ना कम्मर सत्यले कसेर,...धार्मिकताको छाती–पाता लाएर खड़ा होओ;*

*र खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर तयार होओ;*

सबैकुराहरु *भन्दा माथि,...साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ।*

*मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ,* जोचाहिँ *परमेश्वरको वचन हो:*

31 अब दानिएलको पुस्तकमा, म अझै केहि धेरै पढ्न चाहन्छु। अब, दानिएल १२ औ अध्यायमा। म १ बाट शुरू गर्न चाहन्छु, र यसको लगभग केहि एउटा—एउटा लामो भाग पढ्न चाहन्छु, चौध पदसम्म।

*त्यस समयमा...तिम्रा मानिसहरूलाई रक्षा गर्ने प्रधान राजकुमार मिखाएल देखा पर्नेछन्: र त्यहाँ...यस्तो सङ्कष्टको समय आउनेछ, कि जातिहरू सुरु भएदेखि त्यस बेलासम्म त्यस्तो कहिल्यै* भएको *छैन: तर त्यसबेला तिम्रा मानिसहरू जीवनको पुस्तकमा नाम लेखिएका, सबै बचाइनेछन्।*

*पृथ्वीको धूलोमा सुतेका भीड़हरू उठ्नेछन्, र केही अनन्त जीवनको लागि,...र अरूहरू चाहिँ शर्म र अनन्त* तिरस्कारको *लागि।*

*बुद्धिमान्हरू आकाशको चमकजस्तै चम्कनेछन्; र धेरैलाई धार्मिकतामा डोऱ्याउनेहरू* चाहिँ—चाहि *ताराहरूजस्तै सदासर्वदै चम्किरहनेछन्।*

*तर तिमीचाहिँ, हे दानिएल, यस चर्मपत्रका—मुद्दाका वचनहरू...पुस्तक, अन्तको समयसम्म बन्द गरी मोहोर लगाएर राख: धेरै जना ज्ञान बढ़ाउनलाई, यता र उता जानेछन्।*

तब *म, दानिएलले हेरें र मेरो सामु अरू दुई जना उभिए, ... क जना नदीको यतापट्टि किनारमा र अर्को* एउटा...*एक जना अर्कोपट्टि किनारमा।*

*तीमध्ये एक जनाले नदीको पानीमाथि हुने, मलमलको लुगा लगाउनेलाई भने, यी अचम्मका कुराहरू पूरा हुन अघि* कति... *समय लाग्ला?*

*त्यस नदीका पानीमाथि हुने, मलमलको लुगा लगाएका मानिसलाई मैले सुने, जब उहाँले आफ्नो दायाँ हात र बायाँ हात स्वर्गतिर उठाए, र सदासर्वदा* रहनुहुनेको *नाममा, यसो भनेर तिनले शपथ खाएका मैले सुनें, यो* साढ़े तीन वर्षका *निम्ति हुनेछ; जब पवित्र जनहरूको* शक्ति *अन्तमा तोड़िनेछ,...तब यी सबै कुरा पूरा हुनेछन्।*

32 म विश्वास गर्छु कि म त्यहाँनिर रोकिन्छु। म एउटा पाठ लिन चाहन्छु, यदि त्यसबाट यो एउटा पाठ भनिन्छ भने, त्यसबाट, यसको निष्कर्ष

निकाल्नको लागि: *आजसम्म लडिएको सबैभन्दा विशाल युद्ध।* त्यहि नै म पाठको निम्ति प्रयोग गर्न चाहन्छु।

33 अब, कसरी मैले आज बिहान यस पाठलाई लिनको निम्ति आएको छु: हामीहरु भर्खरै फर्केका छौ; केहि ट्रस्टीहरु, यहाँ मण्डलीमा, र म आफै, बाहिर एरिजोनामा थियौ। र हामी साच्चै नै, फिनिक्समा एउटा सभा गर्नको लागि, भाई शरिटलाई, उहाँको मण्डलीमा भेट्न बाहिर गयौ। तर जब मैले थाहा पाए कि एउटा—एउटा भाई शहर मै हुनुहुन्थ्यो, पालमा सेवा गर्दै, ठिक छ, त्यसपछि मैले सभा आयोजना गर्नको लागि अलिकति इच्छुक महसुस गरिन। मैले सोचे कि शायद म आईतबार दिउसो यो गर्नेछु, ताकी तिनीहरुको मण्डलीहरुमा कसैलाई समस्या नहोस्। तर, थाहा पाए कि, उहाँको आईतबारको दिउँसोको सेवा पनि, रहेछ। र म एउटा—एउटा सेवा राख्न कुरामा थोरै चिन्तित भए।

34 र त्यसैले हामी भाईहरु, दिनभरी जानुको सट्टा, जसरी हामी बाहिर शिकारमा निस्कियौ, हामी शहरमा गयौ, र तयार भयौ, र भाई एलेनको सेवाहरुमा गयौ। भाई ए. ए. एलेनले सेवाहरु गरिरहनुभएको थियो। त्यसैले हामी सेवामा गयौ, र भाई एलेनले एउटा शक्तिशाली प्रवचन प्रचार गर्नुभयो। हामीसँग—समय थियो, एउटा राम्रो समय, भाई एलेनलाई सुन्दै, गायकहरुलाई—सुन्दै, र त्यस्तै, कसरी उनीहरुले गाए, र कराए, र एउटा महान सेवा गरे।

35 र त्यसपछि हामीले, बाटो भरि, प्रभुको हात देख्यौ। जहाँकहिँ पनि हामी गयौ, प्रभु येशूले हामीलाई भेट्नुहुन्थ्यो। र त्यहाँ मरूभूमिमा, आफै बाहिर हुनुमा केहि कुरा छ। त्यहाँ यसको बारेमा केहि छ, कि यदि तपाई कहिल्यै त्यो तरिकामा एक्लै हुनुभएको छ भने, त्यहाँ केहि कुरा छ जसले तपाईलाई खिचिरहेको छ। त्यो, मलाई लाग्छ, मलाई ती बाहिरका ठाउँहरु मनपर्ने एउटा कारण हो। तपाई शत्रुको शक्तिबाट टाढा हुनुहुन्छ, यति धेरै जति हामीसँग यहाँ छ।

36 शैतानसँग काम गर्नको लागि केहि भएन भने त्यो लगभग हानिरहित हुन्छ। त्यो सँग...तपाईलाई ती दुष्ट आत्माहरु याद छ जुन फौजीबाट निकालिएको थियो? तिनीहरुसँग...तिनीहरु थप दुष्ट काम गर्न चाहन्थे, त्यसैले तिनीहरु सुँगुरहरुमा जान चाहन्थे। त्यसैले, काम गर्नको लागि शैतानसँग केहि हुनुपर्दछ, कसैबाट काम गर्नको लागि।

37 र त्यहि तरिकामा परमेश्वरले पनि, गर्नुहुन्छ। उहाँसँग हामी हुनुपर्दछ। उहाँ हामीमा निर्भर हुँदै हुनुहुन्छ, हामीबाट काम गर्नको लागि।

38 र हामीहरु यात्रामा हुँदा, धेरैजना सपनाहरु सहित आए। र प्रभु येशू कहिल्यै पनि असफल हुनुभएन तर सहि व्याख्या दिनुभयो, र त्यहि नै हो, ठ्याक्कै त्यहि तरिकामा भयो।

39 र त्यसपछि हामीलाई खेलसम्म डोहोर्याउन र यो कहाँ हुँदै थियो भनि बताउन, उहाँ हामी प्रति भलो हुनुहुन्थ्यो। र, तपाईलाई थाहा छ, यतिकै त्यसरी वरपर हुन, यो अद्भूत कुरा हो। वरिपरी घुम्न, राती, क्याम्पफायर गर्न, सबैबाट टाढा, मिल र मिल र मिल टाढा, र चट्टानी—किनारा वरिपरी चम्किरहेको क्याम्प फायर हेर्न। र, ओ, यो अद्भूत थियो!

40 त्यहाँ एकजना भाई, जो आफ्नी श्रीमतीसँग समस्यामा थिए, जसको... धेरै वर्ष पहिले, उनले एउटा सभामा आफ्नो शिर उठाईन्, जहाँ मेरो सेवा भईरहेको थियो। र मैले उनीहरुलाई आफ्नो शिर झुकाउनको निम्ति भनेको थिएँ; दुष्ट आत्मा थियो जसले एउटा—एउटा महिलालाई छोड्दै छोडेन, मंचमा। र महिला, केवल अपमानजनक रूपमा, जसरी नि उनले आफ्नो शिर उठाईन्। र आत्माले महिलालाई छोड्यो, मंचमा, उनमा गयो। र यो लगभग चौध वर्ष पहिले थियो, र महिला गम्भीर स्थितिमा थिईन्; यति धेरै, मानसिक रूपमा पनि, कि उनले ती कामहरु पनि गर्थिन् जुन सहि थिएन। उदाहरणको लागि, आफ्नै श्रीमानलाई छोडिन्, गईन् र उनको श्रीमानसँग बसिरहेकै बेलामा अर्को पुरुषलाई बिहे गरिन्; र उनले यो गरेको थाहा नभएको दाबी गरिन्। र त्यसैले तिनीहरु—तिनीहरुले उनलाई यसको लागि जाँच गर्न खोजे...त्यसलाई के भन्छ, जब तपाई...एम्नेसिया? यो... मेरो, त्यो नाम के हो। मलाई लाग्छ त्यो सहि हो, डाक्टर। तर यो त्यस्तो थिएन। यो एउटा आत्मा हो। र उनी...र महिला मेरो राम्रो साथी थिईन्। तर त्यस रातबाट, आगे, उनले मलाई एकदमै घृणा गर्यो। अवश्य पनि, यो किन त्यस्तो थियो भनि तपाईले देख्न सक्नुहुन्छ।

41 तर त्यसपछि जब उनको श्रीमान आए, र प्रार्थना गर्नको निम्ति हामी कोठामा घुँडा टेक्यौ, त्यसपछि पवित्र आत्मा तल आउनुभयो। यति नै थियो। त्यसपछि उहाँ त्यस रात उनको श्रीमान कहाँ देखा पर्नुभयो, एउटा सपनामा। उहाँ एउटा सपना सहित आउनुभयो, उहाँले यो एउटा मजाक हो

भनि सोच्नुभएको थियो। यो पत्ता लाग्यो कि, यो उहाँको श्रीमतीको चंगाईको लागि उत्तर थियो। कसरी पवित्र आत्माले काम गर्नुभयो!

42 तल ट्युक्सनमा, भाई नोर्मन र तिनीहरुसँग, र त्यहाँ प्रभुले फेरी पनि महान, शक्तिशाली कुराहरु र कुराहरु प्रकट गर्दै काम गर्न थाल्नुभयो।

43 एक रात, यस निष्कर्षमा यहाँ मलाई के ले ल्यायो, म भाई वूड र भाई सोथमनसँग उभिरहेको थिएँ। र हामीहरु...यो लगभग रातको दस बजे थियो, र म माथि आकाशमा हेर्दै थिए, र एउटा ठूलो विस्मय मेरो माथि आयो। र मैले भने, “केवल हेर्नुहोस्! सबै त्यो महान, स्वर्गीय सेना!” र मैले भने, “सबैकुरा पूर्ण रूपमा सुमेलमा छ।”

44 र भाई वूडले भन्नुभयो, “दुईवटा ताराहरु जुन एक अर्कामा नजिक छ त्यो हेर्दै गर्दा, कि, यसले यसलाई एउटा ज्योति जस्तो देखिने बनाएको छ।”

45 मैले भने, “तर, तपाईलाई थाहा छ, भाई वूड, विज्ञानको अनुसार, त्यो सप्तर्षिमा, सानो सप्तर्षि, ठूलो सप्तर्षि, ती ताराहरु लगभग दुई इन्च पनि टाढा देखिदैन; र हामी तिनीहरुभन्दा जति टाढा छौ तिनीहरु एकअर्काबाट त्यो भन्दा टाढा छन्। र यदि तिनीहरु यस पृथ्वीमा शुरू गरे भने, यसले लगभग, हजारौ मिल प्रति घण्टामा आउनुपर्छ, तिनीहरुलाई पृथ्वीमा आईपुग्न सयौ देखि सयौ वर्ष लाग्नेछ।” र मैले भने, “यी सबै महान, विशाल प्रणालीमा यहाँ, र अझै पनि तिनीहरुले हामीलाई भन्छन् कि तिनीहरुले चस्माबाट हेर्छन्, एक सय बिस मिलियन प्रकाश समय देख्न सक्छन्, त्यहाँ टाढा; र त्यहाँ अझै पनि जुन र ताराहरु छन्। र—र, अझै पनि, परमेश्वरले तिनीहरु मध्ये हरेकलाई बनाउनुभयो। र उहाँ तिनीहरुको माझमा बस्नुहुन्छ।”

46 र मैले भने, “त्यहाँ कतै, मैले आफैलाई तोकेर देखाए, एक पटक वेधशालामा, राशि चक्रमा; कन्याबाट शुरू गरेर, कर्कट राशि हुँदै, र तल अन्तिमको सिंहसम्म, लियो जो सिंह हो। ख्रीष्टको पहिलो आगमन, कन्याबाट भयो; दोश्रो आगमन, यहूदाको कुलको सिंहबाट।” र मैले भने, “मैले त्यो राशि हेर्ने उत्तम प्रयास गरे, र मैले यो देख्न सकिन। तर, अझै पनि, यो त्यहाँ छ। तिनीहरु जो प्रशिक्षित छन्, यो त्यहाँ छ भनि जान्दछन्। अय्यूबले यो देखे। मानिसहरुले यसमा हेर्ने गर्थे। यो एउटा बाईबल थियो, एक दिनमा। तर त्यो प्रकास वार्षाको पुरै—लाखौ र अरबौको ठूलो

जनसमूह। परमेश्वरको यी सबैको बीचमा बस्नुहुन्छ, र उहाँले तल हेर्नुहुन्छ। पावल त्यहाँ छन्। मेरी आमा त्यहाँ हुनुहुन्छ, कतै, तल हेरिरहनुभएको।"

47 र मैले त्यो स्वर्गीय मजबानको क्रमलाई सोचे, ती मध्ये कुनै पनि आफ्नो ठाउँभन्दा बाहिर छैनन्। हरेकले आफ्नो समय, पूर्ण रूपमा राख्छन्। परमेश्वरको महान सेना! मैले सेनाहरुको बारेमा सोचे; कसरी यदि त्यो चन्द्रमा आफ्नो ठाउँबाट बाहिर निस्कन्छ भने, केहि मिनेटमै, पृथ्वी फेरी पनि पानीले ढाकिनेछ। पृथ्वी ठिक उस्तै हुनेछ जब परमेश्वरले यसलाई प्रयोग गर्ने निर्णय गर्नुभएको थियो, हामीलाई यहाँ पृथ्वीमा राख्नको लागि। "यो आकार विनाको, शून्य, र अन्धकार थियो, र पानी पृथ्वीको चौडाईमा थियो।" र यदि त्यो चन्द्रमा कहिल्यै सर्छ भने, यसले फेरी पनि त्यहि काम गर्नेछ। जब चन्द्रमा प्–पृथ्वीबाट थोरै मात्रै सर्छ, ज्वारभाटा आउँछ। जब यो तल जान्छ, ज्वारभाटा पच्छ्याउछ। यो परमेश्वरको महान सेना हो। र जब मैले यसको बारेमा सोचे...कि त्यहाँ परमेश्वरको महान सेना भएकोमा...

48 अब, हामी ओछ्यानमा गयौ। र त्यसपछि मैले सोच्न थाले कि ती मध्ये एउटा पनि आफ्नो स्थानबाट बाहिर निस्केको छैन। ती सबै आफ्नो ठाउँमा छन्। र यदि तिनीहरु, त्यहाँ कतै, सर्छ भने, यो एउटा कारणको लागि हो, र यसले पृथ्वीलाई असर गर्नेछ। हामीले भर्खरै यसको नतिजाहरु देख्छौ, तिनीहरु मध्ये केहि उनीहरुको ठाउँबाट अन्य ठाउँमा सर्दै। यो असरदार छ। यसले सबैकुरामा असर गर्छ।

49 र मैले सोचे, त्यसपछि, यदि त्यो महान स्वर्गीय सेना, त्यसरी, आफ्नो स्थान बर्करार राख्नु पर्छ, सबैकुरा क्रमानुसार बनाउनको लागि, पार्थिव सेनाको विकारको बारेमा के हो? कसरी, जब एउटा आफ्नो ठाउँबाट बाहिर जान्छ, कसरी यसले सबैकुरालाई बिगार्छ! एउट सदस्यको व्यवस्था बिग्रिएपछि परमेश्वरको सम्पूर्ण कार्यक्रम नै गडबड हुन्छ। हामीले आत्माको व्यवस्थालाई निरन्तरता दिन प्रयास गरिरहनुपर्छ।

50 र म, परमेश्वरलाई, यस बिहान, हामीहरु यो वास्तविक चंगाईको सेवामा ल्याउनेछौ, ताकी हामीले यो भाग राख्न सकौँ...त्यो समूह जुन हामीले यस बिहान छतको मुनि भेला गराएका छौ, यति मेलमिलापमा, कि पवित्र आत्माले शरीरको हरेक सदस्यलाई राख्नुहुनेछ, जो यहाँ यस बिहानमा, यति मिलापमा हुनुहुन्छ, आत्मा र शरीरको यस्तो सहज चंगाई नहुन्जेलसम्म, यदि हामीले हाम्रो पदहरुलाई ठिक स्थितिमा राख्छौ भने।

51 अब, मैले शुरूमा भने जस्तै, यस महिला जसलाई क्यान्सर थियो जसलाई डाक्टर होलब्रूकले लिनुभयो...उड्न गईरहेको थियो। अब, त्यो क्लिनिकमा फड्काउने आवाज ल्याउने परमेश्वर, र एउटा दाग पनि नराखिकन क्यान्सर लानुहुने, के तपाईलाई थाहा छैन कि उही परमेश्वर यहाँ हुनुहुन्छ भनि? र उहाँले प्रतिक्षा गरिरहनुभएको एक मात्र कुरा, उहाँको—उहाँको सेनालाई आफ्नो पदमा बस्न, जसरी ताराहरु, आफ्नो स्थानमा बसेका छन्।

52 अब, के तपाईलाई थाहा छ, हामीसँग युद्धहरु पछि युद्धहरु भएका छन्, र युद्धका हल्लाहरु भएका छन्? र यदि पृथ्वी खडा हुन्छ भने, हामीसंग प्रशस्त धेरै युद्धहरु हुन्छ। तर के तपाई बुभ्नुहुन्छ कि सारा ब्रम्हाण्डमा त्यहाँ वास्तवमा केवल दुईवटा शक्तिहरु मात्रै छन्? राष्ट्रहरु बीचको हाम्रा सबै भिन्नताहरु, र एकअर्काका भिन्नताहरु, र सबैथोक, यो सबै दुईवटा शक्तिमा टुंगिन्छ। त्यहाँ केवल दुईवटा शक्तिहरु छन्, र त्यहाँ केवल दुईवटा राज्यहरु मात्रै छन्; दुईवटा शक्ति, र दुईवटा राज्यहरु। बाकि रहेका सबै, साना साना कुराहरु, यी मध्ये एक शक्तिमा जोडिएका छन्। र ती शक्तिहरु परमेश्वरको शक्ति र शैतानको शक्ति हो। त्यहि नै...हरेक युद्ध, हरेक विकार, सबैकुरा जुन आउछ, यो या त परमेश्वरको शक्ति वा शैतानको शक्तिले नियन्त्रण गरेको छ, किनकि त्यहाँ केवल ती दुईवटा शक्तिहरु छन्। र त्यो जीवनको शक्ति वा मृत्युको शक्ति हो। अब, त्यो मात्र दुई शक्तिहरु हुन्।

53 र शैतानले मात्रै...त्यसको शक्ति, त्यो सँग, परमेश्वरको विकृत शक्ति छ। यो वास्तविक शक्ति होइन। सबैकुरा जुन शैतानसँग छ, यो परमेश्वरको शक्तिको विकृत रुप हो। मृत्यु केवल विकृत जीवन हो। भ्रुट सत्य गलत तरिकामा भनिएको हो। बुभ्नुभयो? व्यभिचार एउटा—एउटा क्रियाको दुरुप्रयोग हो, धार्मिक कार्यको दुरुप्रयोग हो। बुभ्नुभयो? शैतानसँग भएको सबैकुरा त्यो हो जुन् केहि कुरा विकृत गरिएको हो, तर यो एउटा शक्ति हो।

54 र हामी, आज, यहाँ बस्दा, र एउटा वा अर्को शक्तिले हामीलाई नियन्त्रण गर्न जाँदैछ। त्यसैले दुष्टलाई बाहिर निकालौं। स्वर्गको ताराहरु जसरी हामीले आफ्ना स्थानहरु लिऔं।

55 जसरी बाईबलले भन्छ, "भौतारिरहेका ताराहरु," माथि यहूदाको पुस्तकमा, "आफ्नो लाज बाहिर निकाल्दै।" र हामी भौतारीहरेका ताराहरु बन्न चाहँदैनौ; सोच्छौ यदि *यो* सहि हो, सोच्छौ यदि *त्यो* सहि हो सोच्छौ

यदि यो हुन *आउनेछ* भने, सोच्छौ यदि...यो कसरी हुन सक्छ। न भौतारिनुहोस्। ती स्वर्गका ताराहरु जसरी बस्नुहोस्, एउटा सच्चा सिपाही आफ्नो कर्तव्यको पदमा जसरी। त्यहाँ खडा हुनुहोस्, विश्वास गरेर! जीवन र मृत्यु।

56 अब, एक सेना, जब वास्तवमा सेना, एउटा राष्ट्रले अर्को राष्ट्रको विरुद्धमा जानको लागि तयार बनाउँछ, यो पहिले त बसेर पत्ता लगाउन पर्छ के सहि र के गलत हो भनि, र कतै तिनीहरु अर्को राष्ट्रको विरुद्धमा जान सक्षम छन् या छैनन्। येशूले त्यो सिकाउनुभयो। र यदि मानिसले यो गर्थे भने, यदि राष्ट्र—तल बस्छ, अनि रोकिन्छ र ती कुराहरुमा विचार गर्छ, दुवै तर्फी, हाम्रो अब कुनै युद्ध हुनेथिएन।

57 अब, हामीले पायौ, यदि एउटा मानिसले त्यसो गर्दैन भने, यदि राष्ट्रका सेना प्रमुखहरु पिहला, तल बस्दैनन्, र पत्ता लगाएर हेर्दैनन् कहिँ तिनीहरु सहि छन् या छैनन् भनि, र तिनीहरुको मनशाय र उदेश्य सहि छन् या छैनन्, र तिनीहरुसँग अर्को सेनालाई जित्ने पर्याप्त बल र शक्ति छ या छैन हेर्दैनन् भने, तिनीहरु हार्ने निश्चित हुन्छ।

58 यहि निर हो जहाँ सेनापति कस्टरले आफ्नो घातक गल्ती गरेका थिए। सेनापति कस्टर, जस्तो मैले बुझेको छु, सरकारबाट आदेश पाएका थिए, सिअक्सको भूमिमा नजानको लागि, किनभने यो तिनीहरुको लागि धार्मिक समय थियो। यो आराधनाको समय थियो। तिनीहरुले चाड मनाईरहेका थिए। तर कस्टर मातेका थिए, र उनले यो जसरी नि गर्छु भनि सोचे। आदेश होस् वा नहोस्, उनले यो नाघे। र त्यसपछि तिनीहरुले वास्तवमा केहि निर्दोष मानिसहरुलाई गोली हाने, तिनीहरुलाई गोली हाने। मलाई लाग्छ तिनीहरुले केहिलाई हाने। यो स्काउट थियो, बाहिर, खानाको लागि शिकार गरिरहेको, तिनीहरु—तिनीहरु आराधनामा हुँदा तिनीहरुको मानिसहरुलाई खुवाउनको लागि थिए। र कस्टर, पार गर्दै, तिनीहरुलाई देखे, र तिनीहरु तिनीहरुको पक्षमा थिए, र तिनीहरुले यी स्काउटहरुलाई गोली हाने। र यी स्काउटहरु उम्के, र फर्केर गए। तिनीहरुले के गरे? तिनीहरुले हातहरियार लिए, र यहाँ तिनीहरु आए। र त्यो सेनापति कस्टरको अन्त्य थियो, किनकि उनले बसेर सोचेनन्, पहिला।

59 उनको त्यहाँ कुनै काम थिएन। उनलाई त्यहाँ हुने कुनै हक थिएन। उनले इन्डियनहरुलाई पूर्वी तटबात धकेलेर, सक्केसम्म, पश्चिमी तटसम्मै

पार गरेका थिए। र तिनीहरुसँग सन्धि थियो, तर उनले सन्धि तोड्यो। र जब उनले सन्धि तोड्यो, तब उनले युद्ध हारे।

60 र त्यसैले एउटा सेना, एउटा युद्धको लागि तयार हुने क्रममा, पहिला त्यहाँ केहि सेनाहरुको, एउटा छनौट हुनुपर्छ। तिनीहरुले लड्नको लागि पोशाक लगाउनुपर्छ। तिनीहरु लडाईको लागि प्रशिक्षित हुनुपर्छ।

61 र म विश्वास गर्छु कि आजसम्म लडेको सबैभन्दा विशाल युद्ध, अहिले कार्यमा जानको लागि तयार छ। म विश्वास गर्छु कि परमेश्वरले आफ्नो सेनाहरुलाई चुनिरहनुभएको छ। म विश्वास गर्छु कि उहाँले तिनीहरुलाई पोशाक लगाउदै, प्रशिक्षण दिदै हुनुहुन्छ। र अब लडाई मोर्चा तयार पारिएको छ, शुरू हुनको लागि तयार छ।

62 यो महान, पहिलो युद्ध जुन लडिएको थियो, त्यो स्वर्गमा शुरू भयो, जब माईकल र उनको स्वर्गदूतहरुले लुसिफर र त्यसको दूतहरुको विरुद्ध लडे। यो पहिलो शुरू भयो, पहिलो युद्ध स्वर्गमा भएको थियो। त्यसैले, पाप पृथ्वीमा उत्पत्ति भएको थिएन, यो स्वर्गमा उत्पत्ति भयो।

63 र त्यसपछि यसलाई स्वर्गबाट तल खसालियो, स्वर्गबाट फालियो, पृथ्वीमा, मानव जातिमा खस्यो। त्यसपछि युद्ध, स्वर्गदूतहरुबाट, मानवको युद्ध बन्यो। अनि शैतान परमेश्वरको सृष्टिलाई नष्ट गर्न आयो, जुन परमेश्वरले आफ्नो लागि सृष्टि गर्नुभएको थियो। त्यसले, शैतान, यो नष्ट गर्न आयो। त्यहि नै त्यसको उदेश्य थियो, यो नष्ट गर्नु। त्यसपछि युद्ध यहाँ पृथ्वीमा शुरू भयो, र हामीमा शुरू भयो, र त्यसबेला देखि अहिलेसम्म भईरहेको छ।

64 अब, कुनै पनि युद्ध तैनातमा राख्नु अघि, तिनीहरुले पहिले भेट हुने मैदान रोज्नुपर्छ, वा एउटा ठाउँ जहाँ युद्ध लडिनेवाला छ, एउटा चुनेको स्थान।

65 पहिलो विश्व युद्धमा, यो त्यहाँ राखिएको थियो, एउटा नो–म्यान्स–ल्याण्ड र ती ठाउँहरु जहाँ तिनीहरु लडे। र तिनीहरुले एउटा ठाउँ चुन्नुपर्छ।

66 जसरी इस्राएल फलिश्तीहरुसँग लडाईको लागि गए, त्यहाँ दुवै पक्षमा एउटा—एउटा—एउटा डाँडा थियो जहाँ तिनीहरु जम्मा भए। र त्यहाँनिर हो जहाँ गोलियत बाहिर आए र इस्राएलका सेनाहरुलाई बोलाए। त्यहि नै ठाउँमा दाऊदले उनलाई भेटे, घाटीमा, जब तिनी दुई पहाडहरुको बीचमा बग्ने सानो खाडी पार गरे, तिनले पत्थरहरु टिपे।

67 त्यहाँ एउटा ठाउँ चुनिनुपर्छ। र यसमा, त्यहाँ एउटा—एउटा आपसी भूमि हुनुपर्छ, नो–म्यान्स–ल्याण्ड, र तिनीहरुले *यहाँ* यस ठाउँमा लडाई गर्छन्। तिनीहरुले केवल गर्दैनन्, एउटा *यहाँनिर* लड्छ, र अर्को *त्यहाँ* तल, र एउटा *यहाँनिर* भाग्छ। त्यहाँ एउटा लडाई मोर्चा छ जहाँ तिनीहरु भेट्छन् र आफ्नो शक्तिको परिक्षण गर्छन्, जहाँ हरेक सेनाले अर्को सेनाको विरुद्ध आफ्नो बलको परिक्षण गर्छ, एउटा आपसी भेटको स्थान। अब, यो (पाउनु) नछुटाउनुहोस्।

68 जब यो महान युद्ध पृथ्वीमा शुरू भयो, त्यहाँ आपसी भेट हुने ठाउँ हुनुपर्दछ। युद्ध शुरू गर्न र लडाईको उग्र रुपको लागि, त्यहाँ एउटा ठाउँ चुनिएको हुनुपर्छ। र त्यो युद्ध भूमि मानवको दिमागमा शुरू हुन्छ। त्यहाँनिर हो जहाँ युद्ध शुरू हुन्छ। मानवको दिमाग युद्ध शुरू हुने ठाउँको रूपमा चुनिएको थियो, जुन यो शुरू भएको थियो, र त्यो यसकारणले हो कि निर्णयहरु दिमागमा बनाईन्छ, शिरमा। अब, तिनीहरुले त्यो कुनै संस्थाबाट कहिल्यै शुरू गरेका थिएनन्। तिनीहरुले कहिल्यै पनि यो कुनै मेकानिकल मामलाबाट शुरू गरेका थिएनन्। मैदान कहिल्यै पनि त्यहाँबाट शुरू भएको थिएन। त्यसैले कारणले, त्यो संस्थाले कहिल्यै, कहिल्यै परमेश्वरको काम गर्दैन, किनभने युद्ध भूमि, जहाँ तपाईले आफ्नो शत्रुलाई भेट्नुपर्छ, त्यो दिमाग हो। तपाईले आफ्नो छनौट गर्नुपर्छ। यसले तपाईलाई भेट्छ।

69 म यो सानी केटिलाई यहाँ भएको चाहन्छु, जो एकदम बिमार छिन्, यो सुन्नको लागि निश्चित पार्नुहोस्, एकदम नजिकबाट सुन्नुहोस्।

70 निर्णयहरु दिमाग, टाउकोमा बनाईन्छ। त्यहाँ निर हो जहाँ शैतानले तपाईलाई भेट्छ, र निर्णयहरु, किनभने परमेश्वरले मानिसलाई त्यस तरिकामा बनाउनुभयो।

71 अब, मसँग (यदि तपाईले मेरो नोटमा यहाँ हेर्दै हुनुहुन्छ भने) एउटा सानो नक्सा कोरेको छु। मसँग यो थियो यहाँ धेरै अगाडि होइन, मा…बोर्डमा प्रयोग गरेको थिएँ। मानव जाति गहुँको दाना जस्तै गरी बनाईएको थियो। यो एउटा बीउ हो। र मानव जाति एउटा बीउ हो। शारीरिक रूपमा, तपाई तपाईको बुवा र आमाको बीऊ हुनुहुन्छ; र जीवन बुवाबात आउछ, गुदी आमाबाट आउँछ। त्यसैले, दुईजना, सँगै, अण्डा—रगत, सँगै आउँछ। र रक्तकोषिकामा जीवन छ। र त्यहाँनिर यो शुरू हुन्छ, विकास हुन्छ, बच्चा—बनाउछ। अब, कुनै पनि बीउको बाहिरी भागमा खोल हुन्छ; भित्र गुदी हुन्छ;

र गुदीको भित्र जीवनको किटाणु हुन्छ। ठिक छ, त्यस तरिकामा हामीहरु बनाईएका हौँ। हामीहरु शरीर, प्राण, र आत्मा हौ। बाहिरी, शरीर, खोल; त्यसको भित्र, अन्तस्करण र त्यस्तै, जुन प्राण हो; र प्राणको भित्र, एउटा आत्मा हुन्छ। आत्माले अरु सबैलाई शासन गर्छ।

72 अब, यदि तपाई घर पुग्नुभए पछि तल बस्नुहुन्छ, र तिनवटा साना गोलाकार कोर्नुहुन्छ। तपाईले पाउनुहुनेछ कि बाहिरी शरीरको पाँच इन्द्रियहरु छन्, र त्यो हेर्ने, चाख्ने, महसूस गर्ने, सुँघ्ने, सुन्नेबाट सम्पर्क गरिएको छ। त्यो पाँच इन्द्रियहरु हुँ जसले मानव शरीरलाई नियन्त्रण गर्छ।

73 शरीरको भित्र एउटा प्राण छ, र त्यो प्राण कल्पनाहरु, विवेक, स्मृति, तर्कहरु, र स्नेहद्वारा नियन्त्रित छ। त्यो कुराहरुले प्राणलाई नियन्त्रण गर्दछ।

74 तर, आत्मा, यसमा मात्रै चेतना छ। आत्मा...ओ, आउनुहोस् यसमा जाऔं। आत्मासँग एउटा इन्द्रिय छ, र त्यो इन्द्रियलाई, कि त विश्वास वा शंकाले, प्रभुत्व राख्छ। त्यो एकदम सहि हो। र यसको लागि त्यहाँ केवल एउटा मात्रै बाटो छ, त्यो स्वेच्छा नैतिक क्रिया हो। तपाईले शंका वा विश्वास स्वीकार गर्न सक्नुहुन्छ, ती मध्ये एकमा काम गर्न चाहनुहुन्छ। त्यसैकारणले, शैतानले मूख्य भागबात शुरू गर्यो, परमेश्वरको वचनमा मानिसको आत्मालाई शंका गर्ने कारण बनाउन। परमेश्वरले मूख्य भागमा शुरू गर्नुहुन्छ, उहाँको वचन त्यस आत्मामा राख्न। त्यहाँ तपाई हुनुहुन्छ। त्यहि नै यसले गर्छ।

75 यदि यो मण्डली, ठिक अहिले सँगै राख्न सके, र यसरी एकसाथ बुनिन्छ कि हरेक व्यक्ति एक सहमतिमा हुनेछ, कतै शंकाको छायाँ हुँदैन, अर्को पाँच मिनेटमा, त्यहाँ एउटा पनि कम्जोर व्यक्ति हाम्रो माझमा हुनेथिएन। त्यहाँ पवित्र आत्माको चाह राख्ने एकजना पनि हुनेछैन तर यो प्राप्त गर्नेथिए। यदि तपाईले केवल त्यो निश्चित कुरा मिलाउन सक्नुभए हुनेथियो। अब, त्यहाँनिर हो जहाँ युद्ध शुरू हुन्छ, ठिक तपाईको दिमागमा, चाहे तपाईले इच्छा गर्नुभएको होस् या नहोस्।

76 अब याद गर्नुहोस्, यो इसाई विज्ञान होइन अब, वस्तु माथि दिमाग। त्यो छैन...दिमागले जीवन ग्रहण गर्छ, जुन परमेश्वरको वचन हो, र त्यहाँ जीवन ल्याउँदछ। तपाईको विचारले मात्रै यो गर्दैन। तर, परमेश्वरको वचनले, तपाईको विचारको मध्यम ल्यायो। बुझ्नुभयो? यो विचार होइन,

जसरी इसाई विज्ञानले यसलाई बनाउँछ, वस्तुको माथि दिमाग। होइन। त्यसो होइन।

77 तर, तपाईको दिमागले यो स्वीकार गर्छ। यसले टिप्छ। तपाईको दिमाग केद्वारा नियन्त्रित छ? तपाईको आत्मा। र तपाईको आत्माले परमेश्वरको वचन समाउछ, र त्यो कुरा हो जसमा यो जीवन छ। यसले तपाईमा जीवन ल्याउछ। ओ, भाई! जब त्यसले ठाउँ लिन्छ, त्यो मध्यमबाट, तपाईमा जीवन आउँछ, परमेश्वरको वचन तपाईमा प्रकट हुन्छ। "यदि तिमी ममा वास गर्छौ, र मेरो वचनहरु तिमीमा वास गर्छ भने, तब के चाहन्छौ त्यो माग र तिम्रो लागि त्यो पूरा गरिनेछ।"

78 तब त्यसले के गर्छ? हृदयको बीचबाट, जुन प्राण हो, त्यहाँबाट, खुवाउने सबै माध्यम जान्छ। यसको समस्या, हामीहरु *यहाँ* धेरै शंका सहित उभिरहेका छौ, *त्यहाँ* बाहिर भएको कुरा स्वीकार गर्ने कोशिष गर्दै। तपाईले त्यो बन्द गर्नुपर्छ; र परमेश्वरको सत्य वचनसँग त्यो माध्यममा तल आउनुपर्दछ, र त्यसपछि यो, आफै, आपसेआप, तल जान्छ। यो तपाईको भित्री कुरा हो। त्यहि भित्रको कुरा हो, जुन गनिन्छ।

शैतानको प्रवेश भित्रबाट हुन्छ।

79 अ ब, तपाई भन्नुहुन्छ, "म चोरी गर्दिन। म पिउँदिन। म यी कुराहरु गर्दिन।" त्यसको यससँग कुनै सम्बन्ध नै छैन।

80 हेर्नुहोस्, यो भित्री कुरा हो। चाहे तपाई जत्तिसुकै राम्रो, जति नै नैतिक, जति नै सत्यवादी किन नहोस्, ती कुराहरुको सम्मान हुन्छ। तर येशूले भन्नुभयो, "मानिस नयाँ गरी नजन्मेसम्म।" बुभ्नुभयो? त्यहाँ भित्र केहि कुरा हुनुपर्दछ। यदि तपाईको हुदैन भने, त्यो कृत्रिम राखिएको हो, तल तपाईको हृदयमा तपाईले यो जसरी नि गर्न चाहनुहुन्छ। यो कृत्रिम हुन सक्दैन। यो वास्तविक हुनुपर्दछ।

81 र त्यहाँ एक मात्र बाटो छ जुन तल आउन सक्दछ, र त्यो स्वतन्त्र नैतिक क्रियाबाट हो, प्राणमा आउदछ, तपाईको विचारहरुबाट। "जसरी एउटा मानिसले आफ्नो हृदयमा सोच्छ, त्यो त्यहि नै हो।" "यदि तपाईले यस पहाडलाई, 'हटिजा' भन्नुहुन्छ, र आफ्नो हृदयमा शंका गर्नुहुन्न भने, र तपाईले भन्नुभएको कुरा पुरा हुनेछ भनि विश्वास गर्नुहुन्छ भने, तपाईले जे भन्नुभयो तपाईले त्यो पाउनुहुनेछ।" तपाईले बुभ्नुभयो? त्यहाँ तपाई

हुनुहुन्छ। बुझ्नुभयो? त्यहाँ युद्धभूमि छ। यदि तपाईले त्यो शुरू मात्रै गर्न सक्नुभयो भने, पहिलो।

82 हामीहरु कामहरु पूरा गरिएको हेर्न यत्ति चिन्तित छौ। हामीहरु परमेश्वरको लागि काम गर्न यति चिन्तित छौ। यो सानी केटिसँग छैन... चिन्ता, कुनै शंका, जिउनको लागि चिन्ता छैन। उनी ठिक हुन चाहन्छिन्। अरुहरु यहाँ छन्, निको हुन चाहन्छन्। र जब हामी त्यस मामलाको बारेमा सुन्छौ, डाक्टरले जसरी, मरेकाको पुनरुत्थान, ठूलो शक्तिशाली कुरा जुन हाम्रो परमेश्वरले गर्नुभयो, त्यसपछि हामी चिन्तित छौ। र यसको कुराहरु, हामीहरु यी इन्द्रियहरुबाट जाने कोशिष गर्छौ, यहाँ भएको केहि कुरा बुझ्न, जस्तो कि अन्तस्करण।

83 कति धेरै मानिसहरु, धेरै पटक, वचनलाई गलत अर्थ लगाएका छन्। र मैले वेदोको बोलावट गरको करणले, गलत तरिकाले बुझिएको छ। मैले भने, "म वेदीको वोलावटमा धेरै थिईन," यो अर्थ लगाएको होइन कि तपाईले वेदीको बोलावट गर्नुहुन्न।

84 तर कसैले कसैलाई हातले समातेर ल्यायो, भन्छ, "ओ, भाई जोन, तपाईलाई थाहा छ? तपाई र म सधै छिमेकि रहेका छौ। यहाँ माथि वेदीमा आउनुहोस्, तल जानुहोस्।" ऊ के गरिरहेको छ? मसँग यहाँ कालोपाटी भएको भए, उसले के गरिरहेको छ भनेर देखाउने सक्थे। उसले आफ्नो प्राण, स्नेहमा काम गर्न कोशिष गर्दै थियो। त्यसले काम गर्दैन। त्यो बाटो होइन। निश्चय नै, यो होइन।

85 हुनसक्छ उसले आफ्नो प्राणको इन्द्रियहरुबाट, उसको एउटा (के?) स्मरणमा काम गर्दै होला। "ओ, भाई जोन, तपाईको राम्री आमा हुनुहुन्छ। उहाँको धेरै समय अगाडि मृत्यु भयो।" एउटा स्मरण! बुझ्नुभयो? तपाईले त्यो गर्न सक्नुहुन्न।

86 यो तल स्वतन्त्र नैतिक क्रियाको रेखामा आउनुपर्दछ। तपाई, आफै, परमेश्वरको वचन...तपाईको आमा एउटा असल महिला भएको कारणले तपाई आउनुभएको होइन। तपाई असल छिमेकी भएको करणले आउनुभएको होइन। तपाई आउनुभयो किनकि परमेश्वरले तपाईलाई आउनको निम्ति बोलाउनुभयो, र तपाईले उहाँले उहाँको वचनको आधारमा स्वीकार गर्नुभयो। त्यहि वचन नै सबै कुराको अर्थ हो। त्यो वचन! यदि तपाईले सबैकुरा बाटोबाट बाहिर निकाल्न सक्नुहुन्छ भने, सबै विवेक,

सबै इन्द्रियहरु, र केवल वचनलाई भित्र आउन दिनुहुन्छ भने, त्यो वचन ठिक उस्तै नै उत्पादन हुनेछ।

87 यहाँ, हेर्नुहोस् यसले केसँग ढाकेको छ? तपाई भन्नुहुन्छ, "ठिक छ, अब," तपाई भन्नुहुन्छ, "ठिक छ, यी, विवेक र इन्द्रियहरु, र त्यस्तै अन्य, यससंग कुनै सरोकार राख्दैन, भाई ब्रन्हाम?" निश्चय नै, राख्छ। तर यदि तपाईले वचनलाई भित्र आउन दिनुहुन्छ, र यसलाई विवेकले ढाक्नुहुन्छ, तब यो हुर्कन सक्दैन; यो एउटा विरुपित वचन हुनेछ।

88 के तपाईले कहिल्यै भुइँमा रोपेको मकैको राम्रो दाना देख्नुभएको छ, र त्यसमाथि लट्ठी खस्न दिनुभएको छ? यो बाङ्गो बढ्नेछ। कुना पनि दाखको बोट, जुनै पनि कुरा जुन माथि बढ्छ, त्यो, किनकि केहि कुराले यसलाई बाधा पुर्याएको छ।

89 ठिक छ, आज हाम्रो पेन्टिकोष्टल विश्वासमा यहि नै समस्या छ। हामीले यसलाई धेरै कुराले बाधा हुन दको छौ, त्यो विश्वास जुन हामीलाई सिकाईएको थियो, पवित्र आत्मा जुन हामीमा जिईरहनुभएको थियो। हामीले धेरै कुराहरु आउन दिएका छौ, अरु कसैले हेरेर।

90 र शैतानले सधै कसैको असफलतामा तपाईलाई औंल्याउने प्रयास गरिरहेको छ, तर त्यसले तपाईलाई वास्तविक गवाहिबाट टाढा राख्न खोज्दछ जुन सच्चा छ। त्यसले तपाईलाई एउटा पाखण्डीलाई देखाउनेछ, केहि समय, जो केहि कुराको नक्कल गरेर बाहिर गएको थियो। उसले त्यसो गरेको थिएन, किनभने त्यसले नक्कल गरिरहेको थियो। तर यदि यो परमेश्वरको वचनको साँचो श्रोतबाट आएको हो भने, "स्वर्ग र पृथ्वी बितेर जानेछ, तर मेरो वचन बितेर जान सक्दैन," त्यो त्यहि बस्नुपर्छ।

तपाईले यो देख्नुहुन्छ, बहिनी?

91 यो दिमागमा मान्नुपर्छ, त्यसपछि यो हृदयले विश्वास गरिन्छ। त्यसपछि परमेश्वरको वचन एउटा वास्तविकता बन्दछ, त्यसपछि प्राण र शरीरको हरेक इन्द्रियहरु केवल पवित्र आत्मासँग बाहिर निकालिन्छ। त्यसपछि तपाईको परमेश्वरको भावना, तपाईको परमेश्वरको विवेक, सबै कुरा जुन ईश्वरीय छ, तपाईबाट बग्दछ। त्यहाँ कहिँपनि शंका छैन। त्यहाँ केहि पनि कुरा उठ्न सक्दैन।

92 त्यहाँ स्मरणमा केहि पनि आउन सक्दैन, र भन्छ, "ठिक छ, मलाई याद छ कि श्रीमती जोन्सले परमेश्वरलाई भरोसा गर्न कोशिष गर्दै हुनुहुन्थ्यो,

र श्रीमती *यो–र–त्यो*। श्रीमती डो ले चंगाईको लागि परमेश्वरलाई भरोसा गर्न कोशिष गर्दै हुनुहुन्थ्यो, एक समय, र उहाँ असफल हुनुभयो।” बुझ्नुभयो?

93 तर यदि त्यो माध्यम बाहिर सफा भएको छ र शुद्ध पारिएको छ, र भित्र पवित्र आत्माले भरिपूर्ण छ, त्यो स्मृतीमा समेत आउँदैन, श्रीमती जोन्स र उहाँले के गर्नुभयो कुराले फरक पार्दैन। यो तपाई र परमेश्वर, सँगै हुनुहुन्छ, र तपाई दुई बाहेक अरु कोहि छैन। त्यहाँ तपाई हुनुहुन्छ। त्यो तपाईको युद्ध हो। त्यसलाई शुरूमै मार्नुहोस्। त्यसलाई त्यसको बाटोमै रोक्नुहोस्। यो तपाईले युद्धलाई कति लामो बनाउन सक्नुहुन्छ भन्ने कुरा होइन। यो, यसलाई ठिक अहिले रोक्नुहोस्!

94 यदि तपाई आउनुहुन्छ भने, र तपाईले त्यो स्मरण र विवेक, सबैकुरालाई, सोचेर राख्नुहुन्छ भने, “ठिक छ, म असफल हुन सकूँला। यो सहि नहोला।” त्यस्तो नगर्नुहोस्, पटक्कै।

95 तपाईले सबैकुरालाई एकातर्फ फालिदिनुहोस्, र माध्यम खोल्नुहोस्, र भन्नुहोस्, “परमेश्वर, तपाईको वचन अनन्त सत्य हो, र यो मेरो लागि हो। यदि सबै मण्डली असफल हुन्छ भने, यदि पुरै संसार असफल हुन्छ भने, तैपनि म असफल हुन सक्दैन, किनभने म तपाईको वचन लिईरहेको छु।” त्यहाँ युद्ध छ। त्यो कुरा हो।

96 सर्वशक्तिमान परमेश्वरले किन महिलाको स्तनबाट क्यान्सर हटाउनुहुनेछ, एउटा दाग बिना, र एउटा बच्चा लेट्छ र मर्छ? होइन, श्रीमान।

97 एउटा सानी केटि यहाँ आउछ, धेरै समय भएको छैन, उच्च मा बि बाट। उनकि आमाले मलाई बोलाउनुभयो, भन्नुभयो, “भाई ब्रन्हाम, मेरी केटीलाई हज्किन्स रोग लागेको छ।” त्यो क्यान्सर हो, गाँठोको रूपमा आएको। र डाक्टरले उनको घाटीबाट भाँचिएको एउटा टुक्रा लिए, पठाए, र यो पूर्ण रूपमा हज्किन्स रोग थियो।

98 त्यसैले उहाँले भन्नुभयो, “अर्को भाँचियो भने, शायद उनको हृदयमा भाँचिएको थियो। जब यसले गर्छ, सम्झिनुस गयो।” भन्नुभयो, “उनलाई भएको छैन...जुन तरिकामा त्यो भाँचिदै छ, उनलाई, जहिकतै, लगभग तिन महिना थियो, बाँच्नलाई।”

99 आमाले भनिन्, “मैले के गर्ने? उनलाई विद्यालयमा फिर्ता पठाउने?”

100 भन्नुभयो, "उनलाई जान दिनुहोस्, किनभने उनी शायद अचानक जानेछिन्।" र भन्नुभयो, "केवल उनलाई जान दिनुहोस् र एउटा सामान्य जीवन दिनुहोस्, जस्तो उनले सक्छिन्। उनलाई यसको बारेमा केहि पनि नसोध्नुहोस्।"

त्यसैले महिलाले मलाई भनिन्, "मैले के गर्नुपर्छ?"

101 मैले भने, "उनलाई माथि ल्याउनुहोस् र उनलाई प्रार्थनाको पंक्तिमा राख्नुहोस्।" र मैले भने, "तपाई पनि उनीसँगै आउनुहोस्।" मलाई थोरै रमाइलो अनुभूति भयो।

102 र जब सानी केटि आईन्, त्यस बिहान, निलो देखिने ओठसँग, मेकअप देखि, र जसरी विद्यालयले तिनीहरुलाई गराउछ। र—र सानी कुरा आईन्। मलाई थाहा थिएन उनी को हुनेछिन्; मलाई फोनमा कल गर्न जाँदै थिएन्। मैले उनको हात समाते। मैले भने, "शुभ प्रभात, बहिनी।" त्यहाँ उनी थिईन्। त्यो उनी थिईन्। केवल केहि क्षण, तल उनको आमालाई हेरे र दुवैजनालाई परमेश्वर बिना, ख्रीष्ट बिना देखे। मैले भने, "कसरी तपाईले यी आधारहरुमा चंगाईको आशा गर्न सक्नुहुन्छ? के तपाईले येशू ख्रीष्टलाई तपाईको आफ्नो व्यक्तिगत मुक्तिदाता भनि स्वीकार गर्नुहुन्छ?" मैले भने, "के तपाई तल पोखरीमा आउनुहुनेछ र आफ्ना पापहरुको क्षमाको निम्ति येशू ख्रीष्टको नाममा बप्तिष्मा लिनुहुन्छ?"

उनीहरुले भने, "हामीहरु त्यो गर्नेछौ।"

103 ओ, के भयो तपाईलाई थाहा छ। महिला आज बिहान यहाँ बसिरहनु भएको हुनसक्छ। तपाईहरु धेरैलाई त्यो किस्सा थाहा छ। भाई माईक ईगन, यहाँको ट्रस्टी मध्ये एक, उहाँले त्यो मामिला हेर्नुभएको थियो। त्यो लगभग चार वा पाँच वर्ष अगाडि भएको थियो। सानी केटि फिर्ता चिकित्सककोमा लागिएको थियो, हज्किन्स रोगको एउटा निशान पनि उनमा पाईएन।

104 कुरा के थियो? तपाईले माध्यम खोल्नुपर्नेथियो, पहिलो। तपाईले सिपाही, पवित्र आत्मा लिनुपर्छ, जो युद्धको अग्रपंक्तिमा हुनुहुन्छ, जसले परमेश्वरको वचन लिन्छ। उहाँ वचन हुनुहुन्छ। र उहाँ त्यहाँ उभिनुहुन्छ, तब त्यहाँ केहिले पनि यसलाई रोक्न सक्नेछैन। त्यहाँ केहिले पनि सक्दैन… प्रत्येक अन्य माध्यमहरु हटाईएको छ। जसरी पुरानो बोइलर फ्लुको साथ रोकियो; तपाईले यसमा आगो राख्नुहोस्, यसले तपाईको चिजलाई उडाउनेछ। त्यहि नै यति धेरै उडाईएका इसाईहरुसँग समस्या छ, किनभने

तिनीहरुले माध्यमलाई साफ गर्दैनन्, तिनीहरु तल भित्र जाँदैनन्। तपाईले यसलाई साफ गर्नुपर्छ, विवेक, स्मरण, विचार, सबैकुरालाई एकतर्फी राखेर, र भित्र बाट भएर आएर, त्यस चोखो वचनको साथ, जुन सत्य हो।

105 चाहे दस हजार *यस* छेउमा किन नमरोस्, आज, भरोसा गर्दै; भोली, दस हजार *त्यस* छेउमा मरे पनि, भरोसा गर्दै; त्यसको मसँग कुनै सरोकार छैन। म एक व्यक्ति हुँ। म त्यो हुँ जसले भरोसा गरिरहेको छ। म त्यो हुँ जसले यो विश्वास गर्छ। र हामी फर्केर पारी हेर्छौं, तब यदि हामीले हाम्रा माध्यमहरु खोल्न चाहन्छौ, यदि हामीले सके, अनि हेर्छौं। हामीले *यो* एउटा र *त्यो* एउटा, र *यो* एउटा र *त्यो* एउटा, ती हजारौ, गवाहि दिँदै पाउँछौ।

106 तर शैतानले तुरुन्तै फर्कने प्रयास गर्छ। हेर्नुहोस्, यदि त्यसले त्यहाँ भित्र अलिकति पनि, जान सक्छ भने, त्यसले तपाईको सेनालाई त्यहि बेला ल्याउछ।

107 यदि तपाईसँग तपाईको इन्द्रिय, हेराई, स्वाद, महसूस, गन्ध, र सुनुवाई छन् भने, ती सबै ठिकै छ, तर तिनीहरुलाई वचनसंग सहमत नहुन्जेल विश्वास नगर्नुहोस्। तिनीहरु सबै ठिकै छ, तर, यदि तिनीहरु वचनसंग मेल खाँदैन भने, तपाई त्यसलाई नसुन्नुहोस्। अब, कल्पनाहरु, विवेक, स्मरणहरु, तर्कहरु, र स्नेहहरु, तिनीहरु सबै वचनसँग मेल खान्छ भने ठिकै छन्। तर यदि तपाईको स्नेह वचनसँग सहमत हुँदैन, त्यसबाट छुटकारा पाउनुहोस्। तपाईले भट्टै, एउटा फ्लु उडाउनुहुनेछ। बुझ्नुभयो? यदि तपाईको तर्कहरु वचनसंग मेल खादैन भने, त्यसबाट टाढा रहनुहोस्। त्यो सहि हो। इन्जिन...यदि तपाईको याद, यदि तपाईको कल्पनाहरु, यदि तपाईको विवेक, कुनै पनि कुरा, त्योसँग सहमत हुँदैन जुन भित्र छ, यसबाट छुटकारा पाउनुहोस्।

108 तब तपाईसँग के छ? तपाईसँग सौर्य प्रणाली छ। हाल्लेलुयाह! यो, परमेश्वरले ताराहरुलाई क्रमबद्ध रूपमा राख्नुभयो र भन्नुभयो, "मैले तिमीलाई नबोलाएसम्म त्यहि बस!" तिनीहरु त्यहि बस्छन्। केहि पनि कुराले तिनीहरुलाई सार्ने छैन। जब परमेश्वरले मानिसलाई उहाँको हातमा ल्याउँन सक्नुहुन्छ, उहाँले इन्द्रियहरु, विवेक, सबैकुरालाई साफ गर्नसक्ने बेलासम्म, यसको पछाडि रहेको परमेश्वरसँग, आत्मामा खडा हुनसकुन्जेलसम्म, त्यहाँ संसारमा एउटा पनि शैतान छैन जसले त्यहाँ भित्र एउटा पनि शंका उत्पन्न गराउन सक्छ। त्यो सहि हो।

त्यो वरपर आएर भन्छ, "तिमीलाई खासै राम्रो महसूस भएको छैन।"

109 तपाईको विवेक पनि त्यतै, गएको छ। फु यति स्पष्ट छ कि, यसले कराउँछ, "हाल्लेलुयाह!" निर्गमले एउटा सिट्टी बजाउछ, "परमेश्वरलाई महिमा होस्!" यो चम्किन्छ, निश्चय नै, अत्यन्त सफा र स्पष्ट, परमेश्वरको वचनलाई त्यसबाट भएर काम गर्नको लागि, परमेश्वरको शक्ति। बुझ्नुभयो? त्यो मूख्य कुरा हो।

110 त्यहाँ तपाईको युद्धभूमि छ। तपाईको युद्ध भूमि फर्केर शुरूमा आएको छ, फर्केर यहाँ प्राणमा, फर्केर त्यो दिमागमा जुन खुलिन्छ। दिमाग—प्राणको द्वार हो, आत्माको द्वार, अझै। तपाईको दिमाग खुल्छ र आत्मालाई स्वीकार गर्छ, वा यसले आत्मालाई इन्कार गर्छ। तपाईसँग थोरै सचेतना, र सानो भावनाहरु, र थोरै संवेदनाहरु, र यी सबै कुराहरु हुन सक्दछ। त्यसको यससंग कुनै सरोकार छैन। त्यो केवल सानो संवेदना र चिजहरु हुन्। तर जब यो वास्तविकतामा आउँछ, तपाईको दिमागले यो खोल्छ। तपाईको दिमागले कि यो स्वीकार गर्छ कि अस्वीकार गर्छ। त्यहि नै हो, मित्रहरु।

परमेश्वर, यी कोहिले पनि यो नछुट्टाउन्।

111 हेर्नुहोस्, यो तपाईको दिमाग हो जसले ढोका खोल्दछ; वा ढोका बन्द गर्छ, वा तपाईको विवेकलाई सुन्छ, तपाईको स्मरणलाई सुन्छ, तपाईको स्नेहलाई सुन्छ। तर जब तपाईको दिमागले आफैलाई यस्ता कुराहरुबाट बन्द गर्दछ, र परमेश्वरलाई, उहाँको आत्मालाई, भित्र आउन दिदछ, यसले बाकि रहेका चिजहरुलाई उडाईदिन्छ। सबै शंका हटेको छ। सबै डर हटेको छ। सबै शंकाका संवेदनाहरु हटेको छ। हरेक भावनाहरु हटेको छ। त्यहाँ परमेश्वरको वचन बाहेक अरु केहि खडा भएको छैन, र शैतानले त्यसको विरुद्धमा लड्न सक्दैन। होइन, श्रीमान। त्यसले यसको विरुद्धमा लड्न सक्दैन। अब, त्यो सत्य हो भनि हामी जान्दछौं।

112 यी लडाईहरु अडानको बगैंचाको दिन देखि नै, मानिसको मनमा लडाई भईरहेको छ। शैतानले यो शुरू गर्यो। त्यसले हव्वालाई भेट्दा के गर्यो? त्यसले परमेश्वरको वचनलाई इन्कार गरेन, तर त्यसले यसलाई लिपपोत गर्यो। त्यसले यहाँ कतै भएको सानो माध्यमहरुलाई रोक्यो। त्यसले भन्यो, "तर निश्चय नै परमेश्वर..." उत्पत्ति ३:१। बुझ्नुभयो? "निश्चय नै, परमेश्वर, यी सबैकुरा जुन उहाँ—उहाँ—उहाँले प्रतिज्ञा गर्नुभयो..." वचन सहि

थियो भनि त्यसलाई थाहा थियो। तर त्यसले थाहा थियो कि त्यसले ठिक सिधा आएर यसलाई भन्न मिल्दैन, यत्तिकै उफ्रिन मिल्दैन, तर त्यसले—त्यसले—त्यसले यसलाई चिनी–लेप लगायो।

113 जसरी आमाले हामीलाई औषधि खुवाउनुहुन्थ्यो, र उहाँले क्यास्टर तेलमा सुन्तलाको रस हाल्ने प्रयास गर्नुहुन्थ्यो। मेरो, बरु सुन्तलाको रस बिना क्यास्टर तेल लिनुहोस्! कुनै पनि कुरा जुन पाखण्डी छ! बुझ्नुभयो? उहाँ...हामीहरु रातको समयमा उठ्नुपर्ने हुन्थ्यो, र उहाँले हामीलाई कोईलाको तेल दिनुहुन्थ्यो, कण्ठ शोधको लागि। र उहाँले कोईलाको तेल हाल्नुहुन्थ्यो, र त्यस माथि चिनी हाल्नुहुन्थ्यो; हेर्नुहोस्, एक किसिमको पाखण्डी। तर यसले केवल तपाईको टन्सिलहरु जलाउथ्यो, लगभग, चिनीले छोडेपछि, तल जान्थ्यो।

114 ठिक छ, यो त्यस्तै नै हो, मित्र। शैतान यसको बारेमा—पाखण्डी हुन खोज्छ। त्यसले तपाईलाई त्यो भन्दा केहि उत्तम, एउटा सजिलो बाटो, अझै समझदार योजना देखाउन खोज्छ। तर त्यहाँ रमेश्वरले शुरूमा राख्नुभएको, उहाँको वचन भन्दा अरु समझदार योजना छैन। त्यहि वचनलाई थाम्नुहोस्। यसमा पकड राख्नुहोस्। यसले तपाईमा पकड राखेको होस्। त्यहाँ यहिसँग बस्नुहोस्। त्यहि—त्यहि नै कुरा हो।

115 हव्वाले उनको तर्क सुनाउनको लागि, आफ्नो दिमाग खोल्दा युद्ध चर्कियो। त्यो धूममार्गबाट यो आयो। त्यो—त्यो नै माध्यम हो जहाँबाट यो तल आयो, उनको तर्कबाट। उनी, उनको प्राणमा, उनले तर्क गरिन्।

116 उनको आँखा दृष्टि थियो। उनले सर्पलाई देखेकि थिईन्। त्यो सुन्दर थियो, आकर्षक, उनको आफ्नै श्रीमानभन्दा धेरै नै सुन्दर। त्यो धर्तीको सबै पशुभन्दा धूर्त थियो, र त्यो शायद उनको श्रीमानभन्दा सुन्दर मानिस थियो। त्यो त्यहाँ उभिएको एउटा ठूलो मर्द पशु जस्तै थियो। त्यो यति महान थियो! र त्यसले उनलाई यो कति महान कुरा थियो भनि भन्न कोशिष गर्दै थियो।

117 र पहिलो कुरा जुन उनले गरिन्, उनले आफ्नो मन खोलिन्। र जब उनले त्यसो गरिन्, मानव तर्कले यसलाई जकड्यो। "किन, के त्यो रोमान्चक हुनेछैन?"

118 त्यहि नै कुरा त्यसले आज एउटा महिलालाई गर्छ। एक सुन्दर सानो पति सँगै भएको कुनै महिलाले, केहि महान, ठूलो, मर्दाना पुरुष भेट्टाउछ।

यस पुरुषले तर्कहरु खोल्ने प्रयास गर्नेछ। याद गर्नुहोस्, त्यो शैतान हो। त्यो शैतान हो। वा, यसको विपरित, पुरुषले महिलालाई, महिलाले पुरुषलाई, दुई मध्ये एक। उसले के गर्छ? तार्किक शक्तिमा काम गर्छ, त्यो विवेक वा केहि कुरा, त्यसबाट सर्न थाल्छ।

119 तर परमेश्वरको वचनलाई पहिलो स्थान दिनुहोस्। एउटा पुरुष आउन समेत सक्दैन...उसले पाप गर्न सक्दैन...हाल्लेलुयाह! यहाँ यो छ। यो ताजा, आईरहेको छ। एउटा मानिसले पहिलो परमेश्वरको वचनलाई नत्यागेसम्म पाप गर्न सक्दैन। उसले *पापसम्म* गर्न सक्दैन, त्यो "अविश्वास हो," जबसम्म उसले परमेश्वरको वचन, परमेश्वरको उपस्थिति;लाई त्याग्दैन, उसले पाप गर्न सक्दैन।

120 हव्वाले परमेश्वरको वचनलाई पाखा नलगाएसम्म पाप गर्न सक्दिन थिईन्, उनको प्राणको मार्फतबाट तर्कका माध्यम खोल्दै, र तर्क गर्न थालिन्। "किन, निश्चय नै। मेरो श्रीमानले मलाई कहिल्यै पनि यी कुराहरु बताएका थिएनन्, तर म विश्वास गर्छु कि तिमीले...उहाँले मलाई यसो नगर्नको निम्ति भन्नुभएको थियो, तर, तिमीलाई थाहा छ, तिमीले यसलाई यति सचा र स्पष्ट बनयौ। म—म विश्वास गर्छु कि यो अद्भूत हुनेथियो, किनभने तिमीले मलाई यो यति स्पष्ट पारिदिएको छौ।" हेर्नुहोस्, त्यहाँ पहिलो युद्ध भएको थियो। र, त्यस युद्धले, अन्य सबै युद्ध निम्त्याएको छ। र सबै रक्तपात जुन अहिलेसम्म हुन आएको छ, त्यो ठिक त्यहाँ अदनमा कारण भएको थियो। उनले परमेश्वरको वचनलाई अविश्वास गरिन्।

121 र यदि परमेश्वरको वचनको एउटा सानो अंशलाई पनि अविश्वास गरियो भने, त्यसले यो सबै समस्या निम्त्याउछ, हामी कसरी फर्केर जानेछौ, वचनलाई अविश्वास गरेर? तपाईले त्यो गर्न सक्नुहुन्न। यी सबै अन्यकुराहरु बन्द गर्नुपर्दछ, विवेक, स्मरणहरु, र भनौ...तर्कहरु, र यी सबै अन्यकुराहरु। "तर्कहरुलाई त्यागेर।" हामी यसको बारेमा, कत्तिपनि तर्क वितर्क गर्दैनै, कत्ति पनि गर्दैनौ।

122 हामीहरुले केवल यस आधारमा वचन स्वीकार गर्दछौ, "परमेश्वरले यसो भन्नुभयो," र तपाई र परमेश्वरको बीचमा एउटा धारा बनाउनुहुन्छ। त्यसपछि, तपाई र परमेश्वरको बीचमा सबै माध्यम खुला भएर आउदछ।

123 त्यहाँ युद्ध च, पहिलो, अग्रपंक्तिमा। एउटा .२२ राईफल प्रयोग नगरौ; आउनुहोस् एउटा—एउटा परमाणु बम लिऔ। आउनुहोस् कार्य सहि गरौ।

परमेश्वरको परमाणु बम ल्याऔ। "यो के हो, भाई ब्रन्हाम?" उहाँको वचनमा एफ–ए–आई–टि–एच। त्यो परमेश्वरको परमाणु बम हो। यसले रोग र शैतानलाई, दाँया र बाँया उडाईदिन्छ। यो—यसले तिनीहरुलाई नाश गरिदिन्छ। भेदभाव...ओ, यो...यसले केवल नष्ट गरिदिन्छ। यसले अधर्मी हरेक कुरालाई विघटन गरिदिन्छ। जब विश्वासको बम, यसको पछाडि परमेश्वरको वचन सहित खसालिन्छ, यसले हरेक शैतानलाई, हरेक बिमारी, हरेक रोगलाई उडाईदिन्छ।

124 तपाई भन्नुहुन्छ, "के त्यो सहि हो, भाई ब्रन्हाम? त्यसोभए किन यो, केहिमा काम गर्छ, र अरुमा गर्दैन?"

125 यो माध्यमको कारणले हो। तपाईले यसलाई बाहिर हेरेर यसलाई देख्न सक्नुहुन्छ। तर तपाईसँग यो *यहाँ* हुनुपर्छ, *यो* एउटा बाटोमा हेर्दै। *त्यहाँ* बाहिर होइन, भित्र हेर्दै; तपाई भित्र हुनुपर्छ, बाहिर हेर्दै। बुझ्नुभयो? तपाई तर्कद्वारा आउन सक्नुहुन्न। तपाई यी अन्य कुराहरुद्वारा आउन सक्नुहुन्न। तपाई ठिक यसको परमेश्वरको मध्यममा सिधा आउनुपर्दछ, ठिक प्राणमा। र तपाईले यो कसरी गर्नुहुन्छ? अन्तिम माध्यम के हो?

126 यसले तर्क–...ठिक तल। तपाईभन्नुहुन्छ, इन्द्रियहरु, "ओ, म—म यो महसूस गर्न सक्छु। हो, त्यहाँ यो छ। अँ–ह। ओ, म—मैले यो सुँघ्न सक्छु, वा त्यस्तै। यी कुराहरु त्यहाँ छन्। हो।" अर्को कुरा, तपाई तर्क गर्नुहुन्छ, "ठिक छ, यो यस्तो देखिन्छ कि उसले के को बारेमा बोलिरहेको छ त्यो उसले जान्नुपर्छ। चिकित्सकले भन्नुभएको छ कि म निको हुन सक्दिन। त्यो हुनुपर्छ।" तपाई देख्नुहुन्छ, ठिक त्यहाँनिर तपाई—तपाई गलत हुनुहुन्छ। त्यो शैतान त्यहाँ उभिरहेको हो। त्यो शैतान हो जसले तपाईलाई यी कुराहरुमा तान्दैछ। तपाईले यो विश्वास नगर्नुहोस्।

127 "हाल्लेलुयाह! परमेश्वरको वचनले भन्नुभयो म...'सबैकुराहरु भन्दा माथि, म तिमीहरु स्वास्थ्यमा समृद्ध भएको चाहन्छु।' त्यो सहि हो।" तपाई त्यहाँ बाहिर कसरी एउटा सच्चा सिपाही हुन सक्नुहुन्छ? हेर्नुहोस्, "म तिमीहरु स्वास्थ्यमा समृद्ध भएको चाहन्छु।'"

128 त्यहाँ यो छ, ठिक त्यहाँ, ती माध्यमहरु, तपाईले केवल ती कुरा प्राप्त गर्नुहोस्, खोल्नुहोस्। नगर्नुहोस्...

129 तपाईले केवल त्यसलाई बाईपास गर्नुहोस्, त्यसपछि यदि शैतान त्यसबाट भएर आउनसक्छ भने, यी विवेकबाट र यी अन्यकुराहरुबाट

आउन सक्छ भने, तब त्यो ठिक यहाँ तल प्राणको अन्त्यमा आउँछ, दिमागमा। अब, यदि त्यसले तपाईलाई लिन सके...तपाईले कहिल्यै—तपाईले कहिल्यै ती मध्ये एउटालाई हेर्नुहुन्न जबसम्म पहिलो तपाईले त्यसले *यहाँ* भित्र आउन दिनुहुन्न। तपाईले त्यसलाई भित्र आउन दिनुपर्छ। त्यसपछि जब त्यो भित्र आउँछ, त्यसले नियन्त्रण गर्दछ। त्यसोभए त्यसले के गर्छ? त्यसले विवेकअली प्रयोग गर्न थाल्छ। त्यसले *यो* प्रयोग गर्न थाल्छ, *यो* निर्गम प्रयोग गर्न थाल्छ। यो के हो? हेराई, स्वाद, महसूस, गन्ध, सुन्ने; कल्पना, विवेक, स्मरण, तर्क, स्नेह। त्यसले भित्र छिर्न पाउन्जेलसम्म, ती सबै विभिन्न साना माध्यमहरु प्रयोग गर्न थाल्छ, *यो* भन्दा माथि यहाँ। त्यो तपाईको दिमागमा आउनुपर्छ, पहिलो, अनि तपाईले यो स्वीकार गर्नुपर्छ। यसले...सुन्नुहोस्। यसले तपाईको विरुद्ध बल्लेबाज गर्न सक्छ, तर यो तपाईले यसलाई स्वीकार नगरेसम्म तपाईसम्म पुग्न सक्दैन।

130 जब शैतान हव्वाकहाँ गयो, र भन्यो, “तिमीलाई थाहा छ, फल चाख लाग्दो छ,” उनी एक पलको लागि रोकिईन्। ओ, त्यहाँ उनले एउटा गल्ती गरिन्, जब उनी एक पलको लागि रोकिईन्।

131 कुनै कुराको लागि नरोकिनु। तपाईसँग सन्देश छ। येशू जिउनुहुन्छ। परमेश्वर एउटा चंगाईकर्ता हुनुहुन्छ। त्यहि नै सन्देश हो। कुनै कुराको लागि नरोकिनु, कुनै तर्कहरुको लागि, कुनै अरू छैन।

132 तर उनी एक पलको लागि रोकिईन्। त्यहि नै बेला शैतान ठिक उनको दिमागमा गयो। भन्यो, “ठिक छ, यो तार्किक सुनिन्छ।” ओ, त्यसो नगर्नुहोस्। केवल परमेश्वरले के भन्नुभयो त्यो लिनुहोस्।

133 अब्राहाम, के हुन्थ्यो यदि उसले तर्क गर्न बन्द गरिदिएको भए, जब उहाँले उसलाई भन्नुभयो कि उसको साराबाट एउटा बच्चा हुन गईरहेको थियो, र उनी पैसट्ठी र ऊ पचहत्तर वर्षका थिए? र जब ऊ सय वर्षको भए, र उनी—उनी नब्बे वर्षको, ऊ, अझै पनि, ऊ—ऊ—उसले परमेश्वरको वचन सत्य हो भनि स्वीकार गरे। र उसले ती कुराहरुलाई, जुन भएको थिएन, त्यो भएकै जसरी भने। बुझ्नुभयो? उसले...यहाँसम्म कि आशा, के त्यहाँ कुनै आशा थियो? उसले आशाधरी प्रयोग गरेनन्।

134 “खैर,” तपाई भन्नुहुन्छ, “म आशा गर्छु कि म सबै ठिक पार्न सक्छु। म आशा गर्छु कि म निको हुनेछु। म आशा गर्छु कि मैले पवित्र आत्मा पाउनेछु।

मलाई आशा म एक इसाई हुँ। मलाई आशा छ म *यो* गर्छु।" तपाईले त्यो चाहनुहुन्न।

135 अब्राहामले कहिल्यै पनि त्यसमा हेरेनन्। आमेन। "आशाको विरुद्ध, उसले अझै पनि परमेश्वरको वचनको विश्वास गरे।" विश्वास आशाभन्दा बाहिर छ। विश्वास *यहाँ* भित्रबाट, आउँछ। आस्था *यहाँबाट* आउँछ।

136 कसरी त्यो भित्र पस्छ? यो मन मार्फतबाट, यो—यो द्वार, त्यहाँ युद्ध मोर्चा उभिएको छ।

137 अब, जब तपाईले युद्धलाई तैनातमा राख्नुहुन्छ! अब, शैतान ठिक हरेक हृदयमा बसिरहेको छ, यस बिहानमा। त्यो बसिरहेको छ, यो सानी केटीको हृदयमा। त्यो तपाईको हृदयमा बसिरहेको छ। त्यो त्यहाँ जतातते बसिरहेको छ। त्यसले भनिरहेको छ, "ओ, तैले कोशिष गरेको मैले पहिला देखेको छु। मैले त्यो पहिले सुनेको छु।"

138 त्यसलाई बाहिर फ्याँकीदिनुहोस्। त्यहि नै हो। त्यसलाई बाहिर फ्याँक्नुहोस्। बाईबलले यहाँ के भनेको छ, हाम्रो पाठमा? "त्यसलाई बाहिर निकाल्दै।" त्यो सहि हो "त्यसलाई बाहिर फ्याँक्दै।" हामीलाई तालिम दिईएको छ।

139 मलाई लाग्छ, "हामी प्रचारकहरुलाई के भएको छ?" म आश्चर्य मान्छु कस्तो खालको तालिम हामीले पाएका छौ।

140 परमेश्वरले महायुद्धको लागि तालिम दिदै हुनुहुन्छ। मत्ती २४ ले त्यहाँ भनेको छ, र दानिएल १२ ले पनि, भनेको छ, "त्यहाँ यस्तो संकष्टको समय हुनेछ, जस्तो पृथ्वीमा पहले कहिल्यै भएको थिएन।" र हामीहरु त्यो समयमा जिईरहेका छौ, जब संस्कृति, र शिक्षा, र कुराहरु, परमेश्वरको वचनलाई दबाएको छ, र तर्क र यस्तैकुरामा पुगेको छ। युद्ध अहिले छ। को खडा हुनेछ? हाल्लेलुयाह! युद्ध भित्र जानको लागि तयार छ। उनी अब तैनात छिन्। हेर्नुहोस् कस्तो ठूलो विपक्षी हामीले उता पायौ।

141 दाऊद जस्तो को हुनेछ? भने, "तिमी उभिएर त्यस खतना नगरिएको फलिश्तीलाई जीवित परमेश्वरको सेनाको अवहेलना गर्न दिनुहुन्छ? म गएर त्योसँग लड्नेछु।" आमेन। परमेश्वरले आज बिहान ती पुरुष र महिलाहरु चाहनुहुन्छ जसले उठेर भन्न सक्छन्, "म प्रभुलाई उहाँको वचनमा लिनेछु।" आमेन। के असफल हुन्छ त्यसले फरक पार्दैन, जहाँ *यो* र *त्यो*, र *त्यो* एउटाले के गर्यो। त्यसको यससँग कुनै सरोकार छैन।

तिमी शाऊल, र अन्य, यदि तपाई त्यसबाट डराउनुहुन्छ भने, तपाई जहाँको हुनुहुन्छ त्यहाँ फर्केर आउनुहोस्। तर, परमेश्वरको सेना अगाडि बढिरहेको छ, आमेन; भेलोरको पुरुष, विश्वास—को—पुरुषहरु, शक्तिका पुरुष, समभ्कका पुरुषहरु। तिनीहरुहरु होसियार हुनुपर्दैन। तिनीहरु शिक्षित हुनुपर्छ भन्ने छैन। तिनीहरु माध्यममा हुनुपर्छ। परमेश्वरले ती साना माध्यमहरु लिनुहुन्छ।

142 उनी एकपलको लागि रोकिईन्, तर्क गर्न, यसो भन्दै, "ठिक छ, अब, हेरौ।" ठिक छ, जस्तै, के भयो...

143 यो सानी केटी, यस बिहान, निस्सन्देह चिकित्सकले उनलाई भनेको छ, उनी केवल सडकको अन्त्यतिर छिन्, "त्यहाँ गर्न सक्ने केहि छैन।" ठिक छ, अब, त्यो त्यो चिकित्सक हो। म उहाँलाई निन्दा गर्दिन। त्यो मानिस एक वैज्ञानिक मान्छे हो। रोगले बच्चाले शरीरलाई जितेको देख्छ। यो केहि भन्दा बाहिर छ। उहाँसँग यो रोक्ने एउटा औसधी छैन।

144 त्यसैले त्यो क्यान्सरले त्यस महिलालाई जित्यो; निश्चय नै, मृत्युले त्यस बच्चालाई जितेको थियो; तर हाम्रो प्रमूख कप्तान, हाल्लेलुयाह, यो महान सेनाको, उहाँ पुनरुत्थान र जीवन हुनुहुन्छ। केहि पनि कुराले उहाँलाई जित सक्दैन। हाल्लेलुयाह!

145 सेनाको दिमाग उसको कप्तानमा हुन्छ, उसको बुद्धि। रोम्मेल, जर्मनीमा, जर्मनीको दिमाग थियो; हिटलर होइन। रोम्मेल! त्यो सहि हो। आईसेनहोवर! सेनाका मानिसहरु! प्याटन! ती मानिसहरु जो अगाडि थिए, यो कुन तरिकामा तिनीहरुले आदेश दिन्छन् त्यसमा भर पर्छ। तपाई आफ्नो कप्तानलाई पछ्याउनुहोस्, यदि उहाँ एउटा सहि खालको एउटा प्रमूख हुनुहुन्छ भने। यदि उहाँ सहिक प्रकारको हुनुहुन्छ भने, यदि उहाँ चार तारे प्रमूख हुनुहुन्छ भने, यदि उहाँ प्रमाणित हुनुहुन्छ भने, यदि उहाँ सहि हुनुहुन्छ भनि प्रमाणित गरिनुभएको छ भने, उहाँलाई पछ्याउनुहोस्। यद्धपि यो गलत लाग्न सक्छ, तपाईलाई, अगाडि बढ्नुहोस्। उहाँले तपाईलाई जस्तो भन्नुभएको छ त्यस्तै गर्नुहोस्।

146 हल्लेलुयाह! हामीसंग पाँच तारे प्रमूख हुनुहुन्छ, हिज्ञे जे–ई–एस–यु–एस, हामीमा पाँच तारा राख्दै, एफ–ए–आई–टि–एच। उहाँले कहिल्यै पनि युद्ध हार्नुभएको छैन। हाल्लेलुयाह! उहाँले मृत्यु, नरक, र चिहानलाई

जिनुभयो। शैतानलाई बाटोबाट हटाउनुभयो। उहाँ महान प्रमूख कप्तान हुनुहुन्छ। त्यसैले, शैतान तस्बिरमा समेत छैन।

147 सबैभन्दा ठूलो युद्ध जुन अहिलेसम्म चल्यो, त्यो ठिक अहिले भईरहेको छ। निश्चय पनि, यो छ। ओ! हाल्लेलुयाह!

148 जब म यसको बारेमा सोच्छु! जब म खडा भएर उहाँले गर्नुभएको कामहरु हेरे, उहाँले कुराहरु प्रकट गरेको हेरे, कुराहरु खोल्नु हुन्छ, भन्नुहुन्छ, "यो *यस* तरिकामा र *त्यस* तरिकामा हुनेछ," त्यहाँ यो छ! ओ, *यहाँ* पछाडि हेर्नुहोस्, र भन्नुहोस्, "महान कप्तान को हुनुहुन्छ?" ओ, म फर्केर *फलाना–र–फलाना* चिकित्सक हो भनेर हेर्दिन। म कप्तानले के भन्नुहुन्छ त्यो हेर्छु। "उहाँ हाम्रो मुक्तिको कप्तान हुनुहुन्छ।" हाल्लेलुयाह! मुक्ति के हो? छुट्कारा! महिमा! "उहाँ हाम्रो छुट्काराको कप्तान हुनुहुन्छ।"

149 हमलाको ठूलो घडी हातमा छ। हाल्लेलुयाह! सेना, चम्किरहेको हतियार सहित, रङ्गहरु बग्दै! विश्वास र शंकाले आफैलाई यस पालमा, तैनात राखिरहेको छ, यस बिहान; शंका एकातर्फ, विश्वास अर्कोतर्फ। सिपाहीहरु, आफ्नो कर्तव्यको पदमा खडा हुनुहोस्। हाल्लेलुयाह! हाम्रो कप्तान, बिहानीको ताराले, नेतृत्व गर्नुहुन्छ। उहाँ कहिल्यै फर्केर जानुहुन्न। उहाँलाई (कहिल्यै) वापसी शब्द नै थाहा छैन। उहाँ वापस फर्कन नै पर्दैन। आमेन। निश्चय नै।

150 आजसम्म लडिएको विशाल युद्ध, यो ठिक अहिले यहाँ भईरहेको छ, हो, श्रीमान, जीवन र मृत्युको बीच, रोग र स्वास्थ्यको बीच, विश्वास र शंकाको बीच, ओ, मेरो, स्वतन्त्रता र बन्धनको बीच। लडाई जारी छ! तपाईको भालाहरु टल्काउनुहोस्, सिपाहीहरु। हतियारलाई टल्काउनुहोस। परमेश्वरले आफ्नो सिपाहीहरुलाई तयार गर्दै हुनुहुन्छ। आमेन। परमेश्वरले आफ्नो सेनालाई अभिषेक गर्नुहुन्छ।

151 अमेरिकाले आफुले सक्केको उत्तम पोशाक आफ्नो सेनालाई लगाउछ; फलामको टोप, र हतियारहरु, र जे के पनि तिनीहरुसँग छ, हतियारका ट्यांकहरु, जे केहिसँग तिनीहरु भित्र जान्छन्।

152 परमेश्वरले आफ्नो सेनालाई पोशाक लगाउनुहुन्छ। हाल्लेलुयाह! कुन खालको उपकरण हामीले प्रयोग गर्छौं? तरवारको आत्मा, परमेश्वरको वचन! आमेन! "परमेश्वरको वचन दुई धारे तरवार भन्दा पनि धारिलो छ," हिब्रू ४, "हड्डीको भित्रसम्म पनि छेडेर जान्छ, यहाँसम्म कि—हड्डीको स्याह पनि,

मनको विचार समेत बुझ्नुहुन्छ।" परमेश्वरको वचन! उहाँको वचन विश्वास गर्नु, र त्यहि तरिकामा परमेश्वरले हतियारले तयार पार्नुहुन्छ।

153 त्यहि नै परमेश्वरले हव्वालाई आफ्नो सुरक्षाको लागि हतियार स्वरूप दिनुभएको थियो। र उनले आफ्नो हतियारलाई भाँचिन्। उनले त्यो कसरी गरिन्? उनको दिमागलाई तर्क गर्न खोलेर। तपाईले परमेश्वरको वचनसँग तर्क गर्नुहुँदैन। यससँग कुनै तर्क छैन। तपाई...यो केवल परमेश्वरको वचन हो। त्यहाँ यसको बारेमा कुनै—कुनै शंका नै छैन। त्यहाँ कुनै तर्कवितर्क छैन। यो परमेश्वरको वचन हो। त्यसले सबै मिलाउछ। त्यसले यो पाएको छ। त्यसले सदाको निम्ति निप्ट्याउछ।

154 हेर्नुहोस् मेरो अर्थ के हो, प्रिय? [बहिनीले भन्नुहुन्छ, "आमेन।"—सम्पा।] यो परमेश्वरको वचन हो। परमेश्वरले यो प्रतिज्ञा गर्नुभोय। परमेश्वरले त्यसो भन्नुभयो।

155 तिनीहरुले अब्राहामलाई भने, "तिमीले त्यो बच्चा पाउन जाँदै छौ भनि तिमीलाई कसरी थाहा भयो?"

"परमेश्वरले त्यसै भन्नुभयो।" त्यसले यो मिलाउछ।

"खैर, तिमीले किन पाएनौ त?"

156 "मलाई थाहा छैन मैले कहिले पाउनेछु भनि, तर मैले पाउनेछु। परमेश्वरले त्यसै भन्नुभयो। त्यसले मलाई कत्ति पनि रोक्दैन।" उहाँले बोलाऊ–...

157 "किन तिमी फर्केर आफ्नो घर जाँदैनौ, जहाँबाट तिमी आएको छौ?"

158 "म यस भूमिमा यहाँ एउटा तिर्थ यात्री र एउटा अपरिचित हुनुपर्छ।" आमेन!...?..."परमेश्वरले प्रतिज्ञा दिनुभयो। परमेश्वरले ठिक यस भूमिमा बच्चा दिनुहुनेछ जहाँ उहाँले मलाई पठाउनुभएको छ।" हाल्लेलुयाह!

159 परमेश्वरले तपाईलाई ठिक यस पवित्र आत्माको वातावरणमा निको पार्नुहुनेछ, जहाँ उहाँले तपाईलाई पठाउनुभयो। परमेश्वरले तपाईलाई यो दिनुहुनेछ। मात्रै विश्वास गर्नुहोस्। आमेन। ती प्राण, शरीर, इन्द्रियहरु, र विवेकका धुँआकश खोल्नुहोस्, र केवल परमेश्वरका वचनहरुलाई पहिले प्रवेश गर्न दिनुहोस्, त्यो दिमाग लिनुहोस्। त्यहाँ युद्धभूमि छ।

160 यो नभन्नुहोस्, “ठिक छ, यदि मैले यो महसूस गर्न सके, यदि मैले परमेश्वरको महिमा झरेको महसूस गर्न सके! ओ!” त्यसको यससँग कुनै सरोकार नै छैन; एउटा पनि छैन।

161 त्यो दिमाग खोल्नुहोस्। त्यो रणभूमि हो। त्यहाँनिर हो जहाँ युद्ध तैनात छ, ठिक यहाँ अगाडि पंक्तिमा, तपाईको दिमागमा। यसलाई खोल्नुहोस्, र भन्नुहोस्, “म...हरेक शंका, म मेरो शंकाहरुमा शंका गर्छु।” आमेन। “म मेरो शंकाहरुमा शंका गरिरहेको छु अहिले। म परमेश्वरको वचन विश्वास गरिरहेकोछु। यहाँ म आउदैछु, शैतान।” केहि कुरा हुन गईरहेको छ। निश्चय नै, यो हुनेछ। हो, श्रीमान।

162 उहाँले आफ्नो दासलाई उहाँको आत्माले अभिषेक गर्नुहुन्छ। उहाँले तिनीहरुलाई स्वर्गदूतहरु पठाउनुहुन्छ। मानिसहरुले त्यस कुराको मजाक उडाउछन्, कहिलेकाहि, “स्वगदूतहरु।” मलाई—मलाई तपाईसँग केहि कुरामा पल्टाउन दिनुहोस्, एक मिनेटको लागि। आउनुहोस् यहाँ हिब्रूमा पल्टाऔ, एक मिनेटको लागि। हिब्रू ४ औ अध्याय, ४ औ अध्याय, आउनुहोस्...मेरो मतलब, हिब्रूको १ अध्याय, र आउनुहोस् १४ औ पदमा पल्टाऔ।

> के ती *सबै स्वर्गदूतहरू मुक्ति पाउनेहरूका खातिर...सेवा गर्नलाई पठाइएका सेवा गर्ने आत्माहरू होइनन्?*
>
> *...तर कुन स्वर्गदूतलाई उहाँले कहिले* यसो भन्नुभयो...तिमी *मेरो दाहिने हातपट्टि बस...?*
>
> *...परमेश्वरका सबै स्वर्गदूतहरु...*

163 अब, यहाँ बाईबल ठिक फिर्ता आउँछ र हामीलाई बताउँछ, कि परमेश्वरले स्वगदूतहरु पठाउनुहुन्छ। महिमा! तिनीहरु के हुन्? “सेवा गर्ने आत्माहरु।” महिमा! सेवा गर्ने आत्माहरु, (कहाँ?) परमेश्वरको उपस्थितिबाट पठाईएको। के गर्नलाई? उहाँको वचनको सेवा गर्न। आमेन! तिनीहरु कुनै संगठित मण्डलीको सिद्धान्तको सेवा गर्नको लागि होइनन्, तर उहाँको वचनको सेवा गर्न। त्यहि नै हो। “सेवा गर्ने आत्माहरु, पठाईयो।”

164 तिनीहरु हुन् भन्ने हामीले कसरी थाहा पाउने? बाईबलले भन्यो, कि, “परमप्रभुको वचन अगमवक्ताहरुमा आयो।” के त्यो सहि हो? यी स्वर्गदूतहरुले उहाँको वचनको सेवा गर्छन्, उहाँको आत्माद्वारा; उहाँको

वचनको सेवा गर्छन्, पवित्र आत्माद्वारा। र आत्मा र वचन अगमवक्ताकहाँ आयो, र अगमवक्तासँग वचन थियो। त्यहि नै कारण हो कि तिनीहरुले गरेका आश्चर्य कर्म तिनीहरु गर्न सक्थे। यो मानिस थिएन; यो मानिसमा परमेश्वरको आत्मा थियो, ख्रीष्टको आत्मा मानिसमा थियो। किनकि परमेश्वरको वचन... उसले के गरेको थियो? सबै माध्यमहरु साफ गर्यो। परमेश्वरले उहाँलाई चुन्नुभएको थियो, र उहाँ पवित्र आत्माद्वारा अभिषेक गरिनुभएको थियो। र यो उहाँ हुनुहुन्न थियो। उहाँले एउटा दर्शनमा नदेखेसम्म कहिल्यै पनि केहि गर्नुभएन। एलियाले भने, कार्मेलको डाँडामा, "यी सबै मैले तपाईको आज्ञामा गरेको छु। अब, प्रभु, तपाई परमेश्वर हुनुहुन्छ भनि देखाउनुहोस्।" ओ, परमेश्वरलाई महिमा हो!

165 मैले यो धेरै पटक देखेको छु, जब तपाईले परमेश्वरको आत्माले एउटा ठाउँलाई हानेको देख्नुहुन्छ, र त्यो ठाउँ अभिषेक हुन्छ। यदि यो सानो समूह यहाँ यस बिहानीमा, केवल यो दिमाग लिन सके, हरेक शंका बाटो हटाए! अब कसरी तपाईले शंका गर्न सक्नुहुन्छ, जब तपाईले मरेको—मरेकाहरु बौरी उठेको, लंगडा हिडेको, र दृष्टिबिहिनले देखेको, र बहिरोले सुनेको देख्नुभएको छ?

166 परमप्रभुको स्वर्गदूत, यहाँ भित्तामा झुण्डिएको उहाँको तस्बिरले पनि, विज्ञानलाई जताततै, ठप्प पारेको छ। उहाँले के गर्नुहुन्छ? ठिक वचनसंग बस्नुहुन्छ। आमेन! यसले हरेक दुष्टलाई काट्छ। हो, यसले काट्छ। यो के हो? "सेवा गर्ने आत्माहरु, जुन परमेश्वरको उपस्थितिबाट पठाईएको छ," वचनको वक्ताहरुलाई अभिषेक गर्न, जो वचनसँग रहन्छ। र उहाँले वचनलाई चिन्हहरुले पुष्टि गर्नुहुन्छ, येशूलाई हिजो, आज, र सधै भरि एकसमान ल्याउँदछ। त्यहाँ उहाँ हुनुहुन्छ।

167 हामीले कसरी शंका गर्न सक्छौ, जब कि उहाँ दुवै वैज्ञानिक, भौतिक, आत्मिक, हरेक तवरले जुन प्रमाणित गर्न सकिन्छ, उहाँले *यहाँ* प्रमाणित गर्नुभएको छ?

168 के भयो? यो तपाईको दिमागहरुमा छ। हामीले चिजहरुको लागि मन खोल्छौ, भन्छौ, "ठिक छ, यो हुन्छ या हुदैन त्यो मलाई थाहा छैन। शायद, भोली मलाई सन्चो महसूस हुन्छ कि।" ओ, त्यसको यससँग कुनै सरोकार नै छैन।

169 जसरी मैले अक्सर भनेको छु, अब्राहामले सारालाई भनेको हुन सक्छ...उनी उमेर पार् गरिसकेकी थिईन्—महिला हुनको लागि। मेरो अर्थ के हो तपाईलाई थाहा छ; यो जीवनको समय हो, उनको अठ्ठाईस दिन, हेर्नुहोस्, उनी पैसट्ठी वर्षकि थिईन्। उनले शायद, पन्ध्र, बिस वर्ष पार् गरेकी थिईन्। र उसले उनलाई भने, शायद, अर्को केहि दिन, भने, "तिमीलाई केहि फरक महसूस भएको छ, प्रिय?"

"अलिकति पनि भएको छैन।"

170 "त्यसको यससँग कुनै सरोकार नै छैन। हामीहरु जसरी पनि, ठिक गईरहेका छौ। ठिक छ, अब, यदि तपाई फेरी पनि एउटा—एउटा युवती जसरी शुरू गर्नुहुन्छ भने, हामीलाई थाहा छ, त्यो जीवनको रगतद्वारा, ठिक छ, तब, हामीले त्यहाँ पाउँछौ कि यसले बच्चालाई तकियामा राख्नेवाला छ, र सबैकुरा ठिक हुनेछ। अब, आज तिमीलाई केहि फरक महसूस भएको छ? उहाँले मलाई प्रतिज्ञा गर्नुभएको दिन देखि एक महिना भईसकेको छ। के तिमीलाई फरक महसूस भएको छ, प्रिय?"

171 "अलिकति पनि छैन, अब्राहाम। त्यहाँ केहि कुराको एउटा चिन्ह पनि छैन। म—म अझै पनि उस्तै म—म अहिले विगत केहि वर्ष देखि छु। त्यहाँ अलिकति पनि फरक छैन।"

"परमेश्वरलाई महिमा होस्! हामीले यो जसरी पनि, पाउनेवाला छौ।"

172 "के तिम्रो मतलब, अब्राहाम, यसमा...हेर्नुहोस्, यदि उहाँले तपाईलाई प्रतिज्ञा गर्नुभएको हो भने, पक्कै पनि उहाँले हामीलाई *यो* तरिकामा एउटा चिन्ह दिनुहुनेछ। निश्चय नै उहाँले हामीलाई एउटा चिन्ह दिनुहुनेछ।" ह! हाल्लेलुयाह!

173 "एउटा कमजोर र व्यभिचारी पुस्ताले चिन्हको खोजी गर्दछ।" त्यो सहि हो। ऊ सँग एउटा चिन्ह थियो। यो के थियो? परमेश्वरको वचन। त्यो वचन थियो।

174 कसरी परमेश्वरले यस बच्चालाई निको पार्न सक्नुहुन्छ? परमेश्वरको वचनले त्यसो भनेको छ; चाहे मैले संवेदना महसूस गर्छु, वा गर्दिन। यदि म...चाहे जे सुकै होस्, परमेश्वरले त्यसो भन्नुभयो। त्यसले टुंग्याउछ।

175 अब्राहामले भने, "आफ्नो पोशाक तयार पार र सबैसँगै मिलाउ, हामीहरु यस भूमिबाट जाँदैछौ।"

"तपाई कहाँ जादै हुनुहुन्छ?"

176 "मलाई थाहा छैन।" आमेन। "तर, हामी जसरी पनि, जाँदैछौ। यहाँ हामी जान्छौ!" पोको पारेर जाँदैछौ। हाल्लेलुयाह! त्यो वास्तविक परमेश्वरको वचन हो। उसको अगाडि के पकड थियो? परमेश्वरको प्रतिज्ञा, परमेश्वरको वचन। "हामीले यो पाउनेछौ।"

177 "तिम्रा मानिसहरुबाट निस्केर आऊ, अब्राहाम। तिनीहरु, यसको कुरा यो हो, तिनीहरु शंका गर्ने र अविश्वास गर्नेहरु हुन्। तिनीहरुले तिमीलाई त्यस्तै नै बनाउँछन्। त्यसबाट बाहिर आऊ। आफैलाई अलग्याउ, र मेरो लागि जिउ।" यो के हो? "तिम्रो सबै विवेक र इन्द्रियहरु छोडेर आऊ, त्यसरी। आफ्नो दिमाग खोल, र यो म हुँ, भनि याद गर। आऊ, मसँग जिउ।" आमेन।

178 परमेश्वरले अब्राहामका प्रत्येक बीउलाई, आज बिहान, उही खालको जीवनको लागि बोलाई रहनुभएको छ। महायुद्ध जारी छ, अहिले, विश्वव्यापी रूपमा। परमेश्वरले आफ्ना छोराछोरीहरुलाई के बाट अलग्गिएको चाहनुहुन्छ? हेराई, स्वाद, महसूस, सुँघ्ने, सुन्ने; कल्पनाहरु, विवेक, स्मरणहरु, तर्क, स्नेह; सबैकुराबाट। तिनीहरुको दिमाग खोलेका होऊन् र परमेश्वरको वचनलाई भित्र आउन देऊन्, र वचनसँगै हिड्डून्। त्यो नै एउटा सच्चा सिपाही हो।

179 त्यहि तरीकामा ताराहरु उभिन्छन्। सौर्य प्रणाली परिवर्तन भएको छैन; राशि चक्र। बिहानीको ताराआफ्नो कर्तव्यको पदमा उदाउछ, हरेक बिहान, ठिक त्यहि तरिकामा जसरी यसले पृथ्वीको सृष्टि हुँदा गरेको थियो। साँझको ताराले यसको ठाउँ लिन्छ; हरेक ताराले। सानो सप्तर्षि, र ठिक मौषमको समयमा, यो जहाँ हुन पर्छ त्यहि छ। उत्तरको तारा स्थिर रहन्छ र कहिल्यै पनि सर्दैन। हाल्लेलुयाह! सबैकुरा उत्तरको ताराको वरपरी घुम्छ, ती सबै बाकि रहेका, किनकि यो ठिक पृथ्वीको केन्द्रमा छ।

180 त्यो ख्रीष्ट हुनुहुन्छ। आमेन। उहाँ त्यहाँ उभिनुहुन्छ, एउटा महान कप्तानले जसरी उहाँको सेनालाई आदेश दिनुहुन्छ।

181 जसरी मोशा पहाडमा आफ्नो हात उचालेर बसेका थिए, र इस्राएल लडिरहेको थियो, आफ्नो बाटो बनाउदै, र उनी आफ्नो हात उचालेर त्यहाँ उभिरहे। उनी सुर्यास्तसम्म आफ्नो हात उचालेर बसिरहे। तिनीहरु उनको हात थाम्न पर्यो। त्यो मोशा थियो।

182 उनी ख्रीष्टको चित्रण हुनुहुन्थ्यो। उनको हात माथि नै राखिराख्नको निम्ति, उहाँको हातहरु माथि क्रूसमा किलाले टाँगिएको थियो। हाल्लेलुयाह! र उहाँ महिमाको पर्खालमा चढ्नुभयो, आज, उहाँको रगतले भरिएको लुगा लगाएर परमेश्वरको अगाडि जानुभयो, त्यहाँ महामहिमाको दाहिने हातमा। र युद्ध, हरेक योद्धाको लागि, आफ्नो बाटो काट्नेछ। के हुनेछ भन्ने कुरामा मलाई कुनै मतलब छैन; परमेश्वरको वचनसँग, उहाँले आफैलाई स्वतन्त्रतामा लानुहुनेछ। आमेन।

183 एउटा अण्डाभित्र भएको चल्ला जस्तै, यदि उसले अन्दा बिस्तारै फोड्न डराउछ भने के हुन्छ? के हुन्छ यदि उसले अण्डा फुटाउन डराउँछ भने? के हुन्छ यदि अण्डा भित्र एउटा सानो चल्ला, एउटा सानो बचेरा, अण्डाको भागमा हान्न डराउँछ भने? उसले बाहिर कुनै आवाज सुन्यो भने के हुनेछ, भन्छ, "त्यो बोक्रालाई नाहान, यसले तिमीलाई दुखाउन सक्छ"? तर चरामा, प्रकृति आफैले, उसलाई भन्छ, "हान! यसको एउटा दुलो बनाउ।"

184 सबै पुराना संस्थाहरुलाई भन्न दिनुहोस्, "आश्चर्यकर्मका दिनहरु बितीगएका छन्। तपाईले आफैलाई दुखाउनुहुन्छ। तपाई कट्टरतामा जाँदै हुनुहुन्छ।"

185 खोलको विरुद्ध हान, जति सक्दो कडा। हाल्लेलुयाह! "शैतान, दूर जा! म यहाँबाट बाहिर आउदैछु।" यहि नै हो। "म यहि कति पनि, पल्टीरहेन छैन। म यहि कति पनि, बसिरहने छैन। म यो पुरानो शैतानको मैदानमा बसिरहनेछैन। यस बिहान, म मेरी बाटो लिँदैछु। आमेन। म एउटा चिल हुँ।" आमेन! हाल्लेलुयाह!

186 तर त्यस पुरानो चिल, त्यो त्यसबेलाको ट्रीपह्याम्मर नेक, त्यो खोलको विरुद्ध हानिरहेको छ। चाहे खोल जतिसुकै कडा होस्, यसले ठिक त्यसबाट हानेर निस्केको छ। पहिलो कुरा तपाईलाई थाहा छ, त्यसबेलामा, उसले आफ्नो पखेटा थोरै चलाउनसक्छ। ऊ ठिकै थियो।

187 तपाईको बाटो निकाल्नुहोस्। त्यो सहि हो। तपाईले यो कसरी गर्नुहुन्छ? यसलाई यसद्वारा विस्फोट गरेर, "**परमप्रभु यसो भन्नुहुन्छ। परमप्रभु यसो भन्नुहुन्छ। परमप्रभु यसो भन्नुहुन्छ।**" अन्तमा, तपाईले केहि ताजा हावा सुँघ्न सक्नुहुन्छ। "**परमप्रभु यसो भन्नुहुन्छ।**" तपाईको

टाउको बाहिर निकाल्नुभयो। "**परमप्रभु यसो भन्नुहुन्छ।**" अब कडा गरी धकेल्नुहोस्, तपाई बाहिर आउँदै हुनुहुन्छ!

188 ऊ फेरी पनि कहिल्यै खोलमा फर्किदैन। आमेन। ऊ स्वतन्त्र छ। ओ, मेरो! त्यो वचन एकपटक तयार हुन्छ, ती सबै इन्द्रियहरु र चेतनाहरु र कुराहरुबाट, *यहाँनिर* टुंगिनको लागि, र त्यो दिमाग खुल्छ र यसलाई ठाउँ दिन्छ। ओ परमेश्वर, दया राख्नुहोस्! त्यहाँ यसलाई फेरी बन्धनमा पार्ने कुनै कुरा छैन। तपाई स्वतन्त्र हुनुहुन्छ। ऊ जसलाई पुत्रले स्वतन्त्र पार्नुभएको छ ऊ खोलबाट बाहिर छ। तपाईको सम्प्रदायले तपाईलाई फेरी कहिल्यै बोलाउन सक्दैन। शैतानले कहिल्यै पनि फेरी तपाईलाई केहि पनि गर्न सक्दैन। त्यो सुसकार र भुक्न सक्छ, त्यसबेला।

189 तर तपाई राजमार्गमा हुनुहुन्छ, द्रुत गतिमा दौडदै, ओ, मेरो, राजाको राजमार्गमा दौडीरहेको हुनेछ, क्रूसको अभिषेक गरिएको सिपाही। र यो सबै तपाई चिलहरु हुनुहुन्छ, जो विश्वास सहित हुनुहुन्छ, संसारको ज्योति, येशूको घोषणा गर्दै, राजाको राजमार्गमा दौडदै। निश्चय नै। हो, श्रीमान!

190 यी "सेवा गर्ने आत्माहरु" हुन्, परमेश्वरको उपस्थितिबाट पठाईएका, सेवा गर्नको निम्ति, सेवा गर्न (के?) उहाँको वचन; कुनै धर्मज्ञान होइन, तर परमेश्वरको वचन। तिनीहरु सेवा गर्ने आत्माहरु हुन्, परमेश्वरबाट पठाईएको, सेवा गर्नको निमित्त। सेवा गर्ने आत्माहरु! ओ! र, याद गर्नुहोस्, यदि यसले वचनभन्दा बाहिरको केहिलाई सेवा गर्छ भने, यो परमेश्वरबाट आएको होइन। किनकि, "तपाईको वचन सधै स्वर्गमा पुष्टि हुन्छ।" सधै, स्वर्गमा हुन्छ, वचन–...परमेश्वरले यसलाई हेर्नुहुन्छ। र उहाँले कहिल्यै पनि उहाँको वचनभन्दा बाहिरको कुरा सेवा गर्नको निम्ति एउटा आत्मा पठाउनुहुन्न।

191 उहाँले कहिल्यै पनि एउटा महान ठूलो डि.डि.डि. पीएच.डि सहितको एउटा आत्मा पठाउनुहुन्न, जसको कलर पछाडि हुन्छ, त्यस्ता सबैकुरा, भन्छ, "ठिक छ, अवश्य पनि, आश्चर्यका दिनहरु बितिगएको छ। हामीहरु सबैलाई त्यो थाहा छ।" होइन। होइन। त्यो परमेश्वरबाट आएको होइन। यो वचनको विपरित छ।आमेन।

192 उहाँले त्यसलाई पठाउनुहुन्छ जसले वचनको आत्मालाई सेवा गर्दछ। आमेन।

193 ओ, मसँग लगभग चार वा पाँचवटा कुराहरु थिए, तर यस समय म यसलाई जान दिनेछु, अर्को आईतबाट लिनेछु। ठिक छ।

शैतान र त्यसको प्रेतहरु अभिषिक्त छन्।

194 यदि यी स्वर्गदूतका आत्माहरु तपाईलाई वचनमा ल्याउनको लागि अभिषिक्त छन् भने, जसले तपाईलाई वचन विश्वास गर्ने बनाउँछ, अब के तपाईले देख्न सक्नुहुन्छ कि तपाईले अगमवक्तालाई कहाँ सुन्नुभयो, परमेश्वरको एउटा सच्चा अगमवक्ता, जसले परमेश्वरको वचन अस्वीकार गर्छ? [मण्डलीले भन्छ, "छैन।"—सम्पा] होइन, श्रीमान। के भयो जब तिनीहरुका दिनका संस्थाहरु उठे र भने, "अब, ऊ गलत छ"? उनी आफै खडा भए, र एक्लै खडा भए। उनले भने, "यो सहि हो।"

195 त्यस दिनमा त्यहाँ तल मीकायालाई हेर्नुहोस्, एउटा पवित्र–भनाउदो, हेर्नुहोस्, इम्लाको छोरा। त्यहाँ चारसय अभिषेक भएका, मानिने, अभिषेक भएका अगमवक्ताहरु त्यहाँ उभिरहेका थिए, सबैलाई राम्ररी खुवाईएका, र राखिएका थिए, र महान ठूला डिग्रीहरु भएका, र उच्च शिक्षित र होसियार बुद्धिजीवीहरु। भने, "माथि जानुहोस्, हाम्रो वफादार राजा। परमप्रभु तपाईसँग हुनुहुन्छ। त्यो हाम्रै हो। यहोशूले यो हामीलाई दिएका थिए। त्यसैले तपाई माथि जानुहोस् र यो लिनुहोस्। त्यो एकदम सहि हो। तपाई माथि जानुहोस् र यो लिनुहोस्। के..." उसले भन्यो, "ठिक छ, यहो–..."

196 तपाईलाई थाहा छ, यहोशापातले बहने, "के त्यहाँ अर्को छैन, कतै?" ठिक छ, तिनीहरुसँग चारसय जना थिए। चारसय जनालाई किन विश्वास नगर्ने? उसले भन्यो, "तर, पक्कै पनि तपाईसँग अर्को छ, कतै।"

197 भन्यो, "म—म...ठिक छ, हामीसँग एउटा छ। त्यहाँ अर्को एउटा छ, तर, ओ, म उसलाई घृणा गर्छु।" हँ! बुझ्नुभयो?

198 "त्यहाँ—त्यहाँ, त्यो मान्छे हो जो बाट म सुन्न चाहन्छु, हेर्नुहोस्।" भन्यो, "उसलाई यहाँ ल्याऊ। उसले के भन्नेछ हेरौँ।"

199 र त्यसैले तिनीहरु गए र उनलाई भने, बहने, "अब, सुन। तिमीले आफ्नो प्रवचन सहि बनाउ, यो बिहान, किनकि तिमीले राजालाई प्रचार गर्दैछौ। तिमीले प्रचार गर्दैछौ...सबै—सबै फलिश्तीका, तपाई देख्नुहुन्छ, *फलाना–र–फलाना* मन्त्रीस्तरीय बैठकलाई, सम्पूर्ण मन्त्रीस्तरीय मण्डललाई। अब, तपाईलाई याद छ, यहाँ तिनीहरुले के भने। तिमीले पनि उही कुरा बहाना। तिमीले उही कुरा विश्वास गर।" त्यो सानो...

200 ऊ—ऊसँग त्यहाँ गलत मानिस थियो। त्यस मानिस यी पुराना तर्कहरुबाट निस्किसकेको थियो। उसले यी सबै धुआंलालाई सफा गरिरहेको थियो, हेर्नुहोस्, उसको विवेकलाई।

201 "र, ठिक छ, किन, तपाईलाई थाहा छ तिनीहरुले के गर्नेछन्? यदि तपाईले उही कुरा भन्नुहुनेछ भने, मलाई लाग्छ तिनीहरुले तपाईलाई जिल्लाको पुरोहित बनाउनेछन्। सम्भवतः तिनीहरुले गर्नेछन्। तिनीहरु—तिनीहरुले तपाईलाई यहाँको स्थानीय जिल्लाको प्रमूख निरिक्षक बनाउनेछन्, यदि तपाई—तपाई तिनीहरुसँग केवल सहमत हुनुहुन्छ भने।" त्यो परमेश्वरको वास्तविक मानिस थिएन।

202 किन, उनको धुआंला साफ गरिएको थियो, उनको सबै विवेक र सबैकुराहरु सफा गरिएको थियो। उनको दिमाग परमेश्वरको वचनको लागि खोलिएको थियो। र परमेश्वरको वचन, मात्रै, उनले विश्वास गर्थे। त्यो सेवा गर्ने आत्माहरु हुन्। त्यो एउटा सेवा गर्ने आत्मा हो।

203 उनले भने, "अहिले के भन्ने मलाई थाहा छैन। तर, म तपाईलाई यो एउटा कुरा भन्नेछु, म मात्रै त्यो भन्नेछु जुन परमेश्वरले मलाई भन्नको निम्ति भन्नुहुन्छ।"

त्यसैले तिनीहरुले त्यस रात पर्खे। उनले एउटा दर्शन देखे।

204 अर्को बिहान, म कल्पना गर्नसक्छु कि मीकायाले धर्मशास्त्रबाट हेर्दै भने, "अब, अब हेरौ। के त्यो दर्शन...अब, सबै ती मानिसहरु, यहाँ कतै केहि गडबड छ, किनकि यो तिनीहरुले भनेको कुराभन्दा विपरित छ। ठिक छ, यसले के भन्छ? हेरौ एलियाले यहाँ पछाडि के भनेका थिए, अगमवक्ताले, किनकि हामीलाई थाहा छ कि उहाँ एउटा अगमवक्ता हुनुहुन्थ्यो। के हेर्ने...परमप्रभुको वचन एलियामा आयो। हो। र यसले के भनेको थियो? 'अनि कुकुरले तपाईको रगत चाट्नेछ। इजिबेल, कुकुरहरुले उसलाई खानेछन्। र आहाबको धार्मिकताले...नाबोथको धार्मिकताले।'" उनले त्यसबेला भने...जब उनले त्यो देखे, उनले देखे कि उनको दर्शन ठिक परमेश्वरको वचन अनुरुप छ, त्यसपछि, त्यस वृद्ध अहाब उनीकहाँ आईपुगेको थियो।

205 ठिक त्यहाँ हिडेर आयो, भन्यो, "माथि जानुहोस्। तर मैले इस्राएललाई देखे..." हेर्नुहोस्, उनी त्यसबेलामा आफ्नो दर्शन बताउन लजाएनन्, किनकि यो परमप्रभुको वचन थियो। उनलाई थाहा थियो कि उनले त्यो चिज

पूर्ण रूपमा लिन सक्थे। के? उनले आफ्नो हृदय खोलेका थिए, परमेश्वरको वचनमा, र परमेश्वरको वचन उनमा प्रकट गरिएको थियो, त्यसैले उनलाई थाहा थियो कि त्यो पूर्ण रूपमा परमेश्वरको वचन थियो।

206 अब, तपाई भन्नुहुन्छ, "ओ, यदि म मीकाया मात्रै भईदिएको भए!" तपाई बन्न सक्नुहुन्छ। तपाई हुनुहुन्छ। तपाई, पनि हुनुहुन्छ, प्रिय। तपाई एउटा मीकाया, अगमवक्ता हुनुहुन्छ। तपाईले के गर्न सक्नुहुन्छ? आफ्नो मन खोल्नुहोस्। म तपाईलाई यस बिहानमा के भन्न खोजिरहेको छु? परमप्रभुको वचन। बुझ्नुभयो? तपाईको खोलेर, भन्नुहोस्, "अब, तपाईलाई थाहा छ, म विश्वास गर्छु कि म निको हुन सक्छु।" ठिक छ, यो के हो, त्यसोभए? के यो परमप्रभुको वचन हो? निश्चय नै, यो परमप्रभुको वचन हो।

207 र *यो* मान्छेले यहाँ भन्छ, "आश्चर्यकर्मका दिनहरु बितीगएको छ। तपाईले *यो* गर्न सक्नुहुन्न। र तपाई..." यसको बारेमा बिर्सिदिनुहोस्। परमेश्वरलाई प्रथम राख्नुहोस्।

208 यहाँ परमप्रभुको वचन आउदछ, र उनले यो बोले, र यो त्यस्तै नै भयो।

209 अब, शैतानले के गर्यो? शैतानले अरुलाई अभिषेक गर्यो। अब, शैतानले आफ्नो दासहरुलाई अभिषेक गर्छ। ओ, निश्चय नै। अँ–ह। निश्चय नै। त्यसले आफ्नो दासहरुलाई अभिषेक गर्छ। त्यसले तिनीहरुलाई के ले अभिषेक गर्छ? अविश्वासले। शैतान र त्यसको प्रेतहरुले मानवलाई परमेश्वरको वचनलाई अविश्वास गर्न अभिषेक गर्छन्।

210 अब, यदि तपाईले त्यसको पुष्टि गर्न चाहनुहुन्छ भने, तपाई उत्पत्ति ३:४ पल्टाउनुहोस्। त्यहाँ पछाडि पल्टाउनुहोस् अनि यो सुन्नुहोस्, मात्रै एक मिनेट, र हेर्नुहोस् यदि त्यो त्यसको पहिलो रणनीति थियो या थिएन भनि। त्यो त्यसले गरेको पहिलो कुरा थियो। त्यसले कहिल्यै पनि आफ्नो उही रणनीति त्याग्दैन। त्यसले यो हरेक समय गर्छ। अब, मात्रै हेर्नुहोस् यदि त्यो—त्यो के थियो भनि। अब, त्यो वचनसँग असहमत भएन। त्यसले केवल उनलाई एक किसिमको गलत अर्थ लगायो, तपाईलाई थाहा छ, केवल एक किसिमको बनायो जसरी त्यसले यो सुन्ने खालको बनोस् भन्ने चाहेको थियो, पूर्ण वचन नलिने। अब, उत्पत्ति, मैले यहाँ पाए, उत्पत्ति ३:४। हेरौ कि अब त्यो के भनिएको छ। ठिक छ।

*अनि सर्पले स्त्रीलाई भन्यो, तिमी निश्चय नै मर्ने छैनौ:*

211 “निश्चय नै मर्नेछैनौ।” हेर्नुहोस् त्यसले कसरी उद्धृत गर्यो? “ओ, हामी विश्वास गर्छौं कि आश्चर्यकर्मका दिनहरु बितीगएको छन्। पेन्टिकोष्टमा जसरी मानिसहरुले पवित्र आत्मा पाउछन् भन्ने कुरा हामी विश्वास गर्दैनौ। ओ, जसरी पनि तपाई बप्तिष्मा हुनुभएको छ, यसले केहि फरक पार्दैन।” शैतानलाई हेर्नुहोस्? त्यसको रणनीतिलाई हेर्नुहोस्? “ठिक छ, यदि चिकित्सकले तपाईलाई तपाई निको हुन सक्नुहुन्न भनछ भने, त्यसले यो निप्ट्याउछ।”

212 अब, अपमान गरेको होइन, चिकित्सकलाई अविश्वास गरेको होइन। चिकित्सक वैज्ञानिकको ठाउँबाट काम गरिरहेको छ। र चिकित्सकले आफूले गर्नसक्ने सबै गरिसकेको छ, त्यस व्यक्तिको जीवन बचाउनको लागि, र यो बचाईन सकिदैन, किनभने त्यहाँ उनले जानेको गर्न बाकि केहि छैन। उनी आफ्नो बुद्धिको अन्त्यमा छ। मान्छे इमानदार छ। तर, अब, ज्ञानको रूख ठिक छ, तर जब तपाई यो जानसक्ने सम्मको टाढा जानुहुन्छ, तब जीवनको रूखमा कदम राख्नुहोस् र अगाडि बढ्नुहोस्। आमेन। त्यहि नै हो। यसले केवल काम गर्नेछ। हो।

213 अब, शैतानको चाल के हो? त्यसले यहाँ के भन्छ? अब १—२ पढ हेर्नुहोस्। अब—यहाँ मलाई पहिलो पद पढ्न दिनुहोस्, ३ सम्म।

> *परमप्रभु परमेश्वरले बनाउनुभएका वन–पशुहरू* मध्ये, *सर्प* सबभन्दा *धूर्त थियो। र त्यसले स्त्रीलाई भन्यो,* के *परमेश्वरले तिमीहरूलाई...बगैँचाको कुनै पनि रूखको फल नखानू भनी भन्नुभएको छ?*

214 त्यसलाई सुन्नुहोस् अब, त्यो कति नराम्रो बन्दै जान्छ, र कसरी त्यसले—कसरी त्यसले वचनलाई सेतो पखाल्दै जान्छ। बुझ्नुभयो? त्यो...त्यसले के गर्ने कोशिष गरिरहेको छ? उनको दिमागमा प्रवेश गर्न खोज्दैछ। बुझ्नुभयो? त्यो उनीसँग, त्यहाँ वचन पहिले नै राखिसके पछाडि बोल्दैछ।

215 अब, शैतानलाई केहि पनि प्रबल बनाउन नदिनुहोस्। बुझ्नुभयो? तपाई परमेश्वरको वचन आफ्नो हृदयमा बलियो बनाएर राख्नुहोस्। बुझ्नुभयो? तपाईले उही गर्नुहोस्। अब हेर्नुहोस्, तपाई मीकायाहरु।

> *...स्त्रीले सर्पलाई भनिन्, बगैँचाका रूखहरूका फल हामी खान सक्छौं:* तर...

*तर बगैँचाको बीचमा* (बीचमा, हेर्नुहोस्) *भएको रूखका फलको विषयमा, परमेश्‍वरले...भन्नुभएको छ, त्यो चाहिँ नखानू, र नछुनू, नत्रता* तिमीहरू *मर्छौ।*

216 हेर्नुहोस्, अब, त्यो वचन हो। उनले त्यसलाई फर्काएर उद्धृत गरिन्। अब हेर्नुहोस्।

*अनि सर्पले स्त्रीलाई भन्यो, तिमी निश्चय नै मर्ने छैनौ:*

217 त्यसको चाल हेर्नुहोस्? बुझ्नुभयो? त्यसले के गर्न खोज्दै छ? पहिलो मानव, त्यसले त्यहाँ अनमोल स्त्रीलाई अभिषेक गर्न खोज्दै छ, परमेश्वरको छोरीलाई, परमेश्वरको वचनमा अविश्वास गराएर। त्यहि नै त्यसले उनलाई गर्ने बनाउन खोज्दै छ।

218 त्यसले त्यहि नै तपाईलाई गराउन खोज्दछ, प्रिय। त्यहि नै त्यसले तपाई हरेकलाई गराउन खोज्दछ, त्यहाँ, तपाईलाई अभिषेक गर्न। र तपाईले अब गर्न पर्ने एक मात्र काम...तपाई स्वतन्त्र नैतिक क्रिया हुनुहुन्छ। अब तपाईले चाहनुहुन्छ भने तपाईले यो स्वीकार गर्न सक्नुहुन्छ। तर यसलाई फाल्नुहोस्। यदि हव्वा त्यस क्षणमा नरोकिएको भए, सुन्नको लागि! केहि कुराको लागि पनि नरोकिनुहोस्। नरोकिनुहोस्।

219 जब—जब एलियाले गेहजीलाई भने, भने, "मेरो लट्ठी लिएर जाऊ, मरेको बच्चामाथि राखिदेऊ। र यदि कुनै पनि मानिस तिमीसँग बोल्न खोज्छ भने, फर्केर नबोल। यदि कसैले तिमीलाई रोक्न खोज्यो भने, गईनै राख।"

220 त्यस स्त्रीलाई हेर्नुहोस् जब उनले आफ्नी दासलाई बोलाईन्। उनले भनिन्, "खच्चरलाई काठी लगाएर अगाडि बढ, र मैले नभनुन्जेलसम्म नरोक।" त्यहि नै हो।

221 जब तपाईले सन्देश पाउनुभयो, जारी राख्नुहोस्। आमेन। भन्नुहुन्छ, "म हिड्न सक्दिन। हो म सक्छु! अब, ओ, म कमजोर हुँदैछु।" बस जारी राख्नुहोस्, नरोकिनुहोस्। सबैकुरालाई एक छेउमा राखेर, मात्रै त्यसबाट भएर जानुहोस्, भाई, तपाईले आफ्नो हातमा तरवार पाउनुभएको छ, केवल काट्दै जानुहोस्।

222 म एकपटक, एउटा फूटबल स्टेडीयममा गएँ, र प्रचार गर्न जाँदैथिएँ। र म ढोकानिर रोकिए र माथि हेरे, त्यहाँ माथि। यसले भनेको थियो, "यो

लडाईमा कुकुरको आकार होइन। यो कुकुरमा लडाईको आकार हो।" त्यसैले त्यहि ले नै हो जसले लडाई जित्छ। बुझ्नुभयो?

223 तपाई भन्नुहुन्छ, "ठिक छ, हेर्नुहोस्। हेर्नुहोस् यी ठूला मण्डलीहरु यसको विरुद्धमा छ।"

224 तिनीहरु कुन आकारका छन् मलाई त्यसको मतलब छैन। यो त कुकुरमा भएको लडाई हो, त्यसले गणना गर्छ। यो विश्वास हो जुन व्यक्तिमा छ। यदि तपाई कायर हुनुहुन्छ भने, आफ्नो दुलोमा फर्किनुहोस्। तर, भाई, यदि तपाई एउटा सिपाही हुनुहुन्छ भने, त्यहाँ बाहिर खडा हुनुहोस्। त्यहाँ युद्ध चलिरहेको छ। सहि र गलत जोडिएको छ। आउनुहोस् लडौं।

225 पिटर कार्ट राईट जस्तै, एउटा शहरमा गए, भन्नुभयो, "प्रभुले मलाई यहाँ—आएर जागृति गर्नको लागि भन्नुभयो।" उहाँले एउटा पुरानो भण्डार कोठा भाडामा लिनुभयो, त्यहाँ जानुभो र यसलाई सफा गर्न थाल्नुभयो।

226 र शहरको ठूलो बदमास, उसको छेउमा बन्दुक झुण्ड्याईएको थियो, त्यो तल आयो। ढोकामा आयो...ती मध्ये केहिले, भन्यो, "त्यो मान्छेले तल त्यहाँ के गर्दैछ?"

227 भन्यो, "उहाँ एउटा प्रचारक हुनुहुन्छ। उहाँको सभा हुन गईरहेको छ, त्यसले भन्यो।"

228 "ठिक छ," उसले भन्यो, "मलाई लाग्छ म तल गएर त्यसलाई बाहिर सडकमा पाल्छु, र यहाँबाट यसलाई भगाउछु। त्यहि नै हो। हामीलाई हाम्रो ठाउँ वरपर कुनै सभाहरु चाहिदैन।"

229 त्यसैले ऊ त्यहाँ तल जान्छ, ढोकामा हान्छ। र पिटर कार्टराईटले आफ्नो कोट लगाएका थिए, तपाईलाई थाहा छ, र उहाँले झ्याल र पर्खालहरु धुँदै हुनुहुन्थ्यो। एउटा सानो साथी, तपाईलाई थाहा छ।

230 वृद्ध प्रचार त्यस मानिस प्रति हास्नुभयो, तपाईलाई थाहा छ, उसको हातले कुकुराको मासु खाएकोमा; जुन आजको शिष्टाचार हो, तपाईलाई थाहा छ।

231 त्यसैले उहाँले बस झ्यालहरु धुँदै र वरिपरी ठिक पार्दै हुनुहुन्थ्यो। ठूलो बदमास माथि आयो, उहाँको कोटलाई तान्यो, उसको एक छेउमा बन्दुक झुण्डिरहेको थियो, भन्यो, "तिमीले के गर्दैछौ?"

232 “ओ,” उहाँले भन्नुभयो, “म झ्याल पखाल्दै छु।” र झ्याल धोईनै रहनुभयो, तपाईअली थाहा छ। उहाँसँग उदेश्य थियो। परमेश्वरले उहाँलाई जागृति गर्नको लागि भन्नुभएको थियो। तल, झ्याल धुँदै हुनुहुन्थ्यो।

उसले भन्यो, “हामीले यहाँ वरपर जागृतिलाई अनुमति दिदैनौ।”

233 उहाँले भन्नुभयो, “ओ, तर परमप्रभुले मलाई—जागृति गर्नको लागि भन्नुभएको छ।” बुझ्नुभयो? उहाँ आफ्नो काममा, लागिरहनुभयो। बुझ्नुभयो? बुझ्नुभयो?

234 “ठिक छ,” उसले भन्यो, “त्यहाँ एउटा कुरा छ जुन—तिमीले बुझ्नुपर्छ।” उसले भन्यो, “यो शहर वरपरलाई मैले चलाउछु।”

235 उहाँले भन्नुभयो, “ओ, तपाईले गर्नुहुन्छ?” र झ्याल धोएरै बस्नुभयो, तपाईलाई थाहा छ।

236 उसले भन्यो, “तिमीले जागृति गर्नुभन्दा अगाडि, पहिला तिमीले मलाई हान्नुपर्छ।”

उहाँले भन्नुभयो, “ओ, म गर्छु? ठिक छ, त्यसो भए म बस अर्को गर्नेछु।”

237 उहाँले बस आफ्नो कोट फुकाल्नुभयो। त्यहाँ हिड्नुभयो, र कलरमा पक्डनुभयो, र त्यसलाई तल भुइँमा लडाउनुभयो, र त्यसको माथि उफ्रनुभयो। भन्नुभयो, “यदि मैले शासन गर्नुछ भने, मैले लड्नुपर्छ। मेरो साहस बढाउनुहोस्, प्रभु।” त्यसबाट राल निकाल्नुभयो।

भन्नुभयो, “तिमीलाई यति पर्याप्त छ?”

238 उसले भन्यो, “हजुर।” त्यो उठ्यो र उहाँसँग हात मिलायो। उसले त्यस दिन, मण्डलीमा मुक्ति पाए।

239 त्यहाँ तपाई हुनुहुन्छ। बुझ्नुभयो? यो, परमेश्वरको वचन लिनुहोस् र हरेक शंकाबाट आफ्नो बाटो काट्नुहोस्। यो हेर्नुहोस्? पक्कै पनि, यहि नै हो। त्यो अर्को काम हो, यसलाई पूरा गरौँ। ठिक छ। मैले गर्न पर्ने अर्को कुरा शंकाहरुबाट टाढा जानुहोस्, यसलाई चिर्नु हो। त्यो मेरो अर्को ल्काम हो, मेरो सबै भ्रमहरु हटाउने। यदि मेरो इन्द्रियहरुले मलाई भन्छ, “ठिक छ, तिमीलाई नराम्रो लाग्छ,” अर्को गर्न पर्ने काम त्यो कुरा चिर्नुहो। त्यो सहि हो।

240 तपाई भन्नुहुन्छ, "ठिक छ, तपाई...उनीहरुले मलाई त्यसो भन्छन्... तपाईलाई थाहा छ, मेरो विवेकले मलाई भनछ, भाई ब्रन्हाम, कि म..." ठिक छ, तपाईले त्यो कुरा पनि चिर्न सक्नुहुन्छ। तपाई त्यो भन्दा टाढा पुग्न सक्नुहुन्न। केवल तपाईको अर्को काम पूरा गर्नुहोस्। तपाईको कोट फुकाल्नुहोस् र ठिक त्यसमा खाली हुनुहोस्। केवल गईराख्नुहोस्। एउटा उदेश्य, "म जित्न गईरहेको छु।" आमेन। "म हार्न सक्दिन। म जित जित्न जाँदैछु।" आमेन।

241 शैतानले अभिषेक गर्छ। बुझ्नुभयो? त्यसको पहिलो चाल के हो? त्यसको पुग्ने पहिलो ठाउँ के हो? दिमाग। उनी एक क्षणको लागि रोकिईन्, त्यसले भनेको कुरा सुन्नको लागि। "ओ, तिमीले त्यसो भन्दैनौ?"

242 त्यहाँ धेरै साना महिलाहरुले आफ्नो गल्ती गरे, र धेरै साना पुरुषले गल्ती गरे; ठिक, एक पलको लागि रोकिईन्, केवल एक पलको लागि रोकियो। कसरी धेरै पटक मैले सम्बन्ध विच्छेदका मामिलाहरु र कुराहरु आएको देखेको छु, त्यसमा।

243 "ठिक छ, म तपाईलाई भन्छु, भाई ब्रन्हाम, उहाँले 'ह्विट–ह्यु' जस्तो सिट्टी मार्नुभयो, तपाईलाई थाहा छ, र म रोकिए, र, इनमादर, म—मेरो अर्थ यो होइन।" अँ–ह। त्यहाँ तपाई हुनुहुन्छ।

244 "ओ, उनी, म उनीबाट मेच पार् बसिरहेको थिए। उन—उनको सबैभन्दा सुन्दर आँखा थियो।" बुझ्नुभयो? अँ–ह। यसलाई हेर्नुहोड? त्यहि नै हो।

245 शैतानले उही काम गर्छ। "ओ, चिकित्सकले भन्नुभएको म निको हुन सक्दिन, त्यसैले म..." त्यहाँ तपाई हुनुहुन्छ, उही कुरा, हेर्नुहोस्, आजसम्म लडिएको सबैभन्दा विशाल युद्ध।

246 "ठिक छ, तिनीहरुले मलाई भन्छन्...मैले *फलाना–र–फलानाले* पवित्र आत्मा भएको दावी गरेको देखे।" हो, तपाईले कुनै पुरानो पाखण्डीलाई हेर्नुभयो। तिनीहरुको बारेमा के साचै यो थियो? अँ–ह। हो। शैतानले तपाईलाई कुनै पुरानो काग छारो देखाउनेछ, तर त्यसले तपाईलाई वास्तविक ढुकुर चाहि देखाउनेछैन। अँ–ह। त्यो सहि हो। त्यसले तिमीलाई त्यो देखाउनेछैन, र त्यसले तपाईलाई अन्धो राख्नेछ।

247 ओ, ऊ एउटा योद्धा, पनि हो, याद गर्नुहोस्। तर हाम्रो..."संसारमा भएको भन्दा, तिमीमा हुनुहुने महान हुनुहुन्छ..." तर परमेश्वरको वचनलाई

पक्रिराख्नुहोस्; यसलाई विश्वास गर्छु, तपाई सेनाका कप्तानहरु यहाँ। आफ्नो किल्ला राखिराख्नुहोस्, भाई। त्यो सहि हो, आफ्नो कर्तव्यलाई समाईराख्नुहोस्।

248 त्यसैले, मसँग यहाँ एउटी सानी केटि थियो, एकपटक। महिला अहिले यहाँ बसिरहेकी हुन सक्छिन्। उनको नाम नेल्ली स्यान्डर्स थियो। पहिलो पटक मैले शैतानलाई बाहिर निकालेको देखेको थिएँ। हामी बसेको थियौ, अहिले, यदि मैले त्यो ठाउँ पाउनसके; र यहाँबाट लाभाग तीन ब्लक माथि थियो, चिहानको पछाडि। र म भर्खरै प्रचारक भएको थिए, र म ठिक यहाँ यस कुनामा प्रचार गरिरहेको थिएँ, एउटा पालको सभामा।

249 र त्यो सानी केटी उत्कृष्ट नाच्नेहरु मध्ये एक थिईन्। उनी यहाँ तल उच्च विद्यालयमा गईन्, र उनी र ली हर्न। र यहाँ शहरमा तपाईहरु मध्ये धेरैलाई ली हर्नलाई यहाँ तल चिन्नुहुन्छ, जसले पूल कक्ष चलाउनुहुन्छ। र त्यसैले तिनीहरु, उनी र ली हर्न, त्यहाँ देशमा भएका सबैभन्दा राम्रो नृत्य गर्नेहरु थिए। उहाँ क्याथोलिक हुनुहुन्थ्यो, आफै। अवश्य पनि, उनीहरुलाई धर्मको केहि अर्थ थिएन, त्यसैले तब...नेल्ली र तिनीहरु। त्यसैले, उनी एउटा महान नर्तक थिईन्, र उहाँ पनि, हुनुहुन्थ्यो। र तिनीहरुसँग यहाँ यो नृत्य थियो जसलाई “ब्ल्याक बटम,” र “जिटरबग्स” भनिन्थ्यो, र ती सबैकुराहरु। र उनी थिईन्...ती दुई देशमा सबैभन्दा उत्कृष्ट थिए।

250 एक दिन, उनी यहाँ माथि आईन्, एक रात, सभामा। त्यहाँ उनी लडिन्, वेदीमा, सानी नेल्ली। उनको हृदयलाई आशिष होस्। उनी त्यहाँ वेदीमा लडिन्। उनले आफ्नो शिर उठाईन्। र उनी कराईन्, र उनको गालाबाट आँशु बगिरहेको थियो। उनले भनिन्, “बिल्ली...” उनले मलाई चिन्थिन्। उनले भनिन्, “म मुक्ति पाउने अत्यन्त, चाहन्छु।”

251 र मैले भने, “नेल्ली, तिमीले मुक्ति पाउन सक्छौ। येशूले तपाईलाई बचाईसक्नुभएको छ, केटी। तपाईले वचनको अधारमा यसलाई अहिले स्वीकार गर्नुपर्छ।”

252 र उनी त्यहाँ बसिन्। र उनी कराईन्, र उनले प्रार्थना गरिन्, र उनले परमेश्वरलाई भनिन् कि उनले फेरी कहिल्यै पनि संसारको कुरा सुन्ने छैनन्। एकैचोटी, उनको प्राणमा एउटा सुन्दर मिठो शान्ति आयो। उनी त्यहाँबाट उठिन्, परमेश्वरलाई कराउदै र प्रशंसा गर्दै, परमेश्वरको महिमा गर्दै।

253 र त्यसको लगभग छ वा आठ महिना पश्चात, एक रात, उनी तल स्प्रिङ स्ट्रिटमा आउदै थिईन्।

254 अब, मात्रै एउटा जवान केटी, उनी भर्खरै आफ्नो किशोरावस्थामा थिईन्, लगभग अठार वर्षकी। र उनी मकहाँ आईन्, र उनले भनिन्, "होप..." उनी मेरी पत्नी थिईन्, उनी जो गईन्। उनले भनिन्, "म होप र आईरिन जस्तै देखिन चाहन्छु।" उनले भनिन्, "तपाईलाई थाहा छ, उनीहरु कहिल्यै पनि बाहिर संसारमा आएनन्।" भनिन्, "संसारले तपाईमा एउटा छाप लगाईदिन्छ।" भनिन्, "मैले नराम्रो नजर पाएँ।" भनिन्, "अब, मैले मेकअप र त्यस्ता कुरा लगाउन छोडिदिए, तर म यति नराम्री देखिन्छु। मेरो अभिनेता वर्गसमेत, मेरो अनुहारमा," उनले भनिन्, "म नराम्री देखिन्छु।" उनले भनिन्, "उनीहरु कति निर्दोष र कोमल देखिन्छन्।" भनिन्, "कास मैले त्यसो कहिल्यै नगरेको भए हुने।"

255 मैले भने, "नेल्ली, येशू ख्रीष्टको रगतले सबै पाप दोएको छ, प्रिय। जाऊ, र यसलाई विश्वास गर।"

256 वेन ब्लेडसो, तपाईहरु धेरैले यहाँ उसलाई चिन्नुहुन्छ, मेरो एउटा सानो बेला देखि, र धेरै वर्ष वर्षको साथी। ऊ एक पियक्कड थियो। र ऊ यहाँ माथि मेरो भाई, एडवार्डसँग आयो। र ऊ यहाँ सडकमा मातेको थियो, र मैले उसलाई उठाए, किनकि प्रहरीले उसलाई पक्रन लाग्दै थियो। र मैले उसलाई यहाँ माथि ल्याएँ। र म एउटा प्रचारक थिएँ र यहाँ माथि बस्थे, मेरो आमा र बाबासँग, विवाह गर्नुभन्दा धेरै अगाडि। र मैले उसलाई लिएर, त्यहाँ ओछ्यानमा राखिदिए। म सुते...फोल्ड गर्ने खाटमा सुते। त्यहाँ ब्रन्हामहरुको ठूलो झुण्ड थियो, तपाईलाई थाहा छ, हामीहरु दसजना। र त्यसैले हामीसँग लगभग चारवटा कोठाहरु थियो, र हामीले एक किसिमले त्यसलाई दोब्बर बनाउन पर्थ्यो, एउटा सानो। त्यसैले, मसँग फोल्ड गर्न मिल्ने पलंग थियो। मैले यसलाई *यसरी* ताने, र—र वेनलाई मसँगै खाटमा राखे। मातेकोले, उसलाई घरमा लगेर त्यहि सुताउनु पर्यो।

257 र म त्यहाँ पल्टिरहेको थिएँ। मैले भने, "वेन, के तिमीलाई आफै देखेर लाज लाग्दैन, त्यसरी?"

258 र उसले भन्यो, "अँ, बिल्ली, मसँग त्यसरी नबोल।"

र त्यसपछि मैले मेरो हात राखे। मैले भने, "म तिम्रो लागि प्रार्थना गर्न जाँदैछु, वेन। परमेश्वरले तिमीलाई आशिष दिनुभएको होस्।" र मैले मुक्ति पाएको, लगभग, ओ, मलाई लाग्छ लगभग, एउटा वर्ष भएको हुनसक्छ।

259 र त्यसपछि तब, एकैचोटी, एउटा—एउटा गाडि, बाहिर ढोकामा ठोकियो, र कसैले एकदम जोडले ढकढक्याउदै थियो। "भाई बिल! भाई बिल!" [भाई ब्रन्हामले पुल्पिटमा ढकढक गर्नुभयो—सम्पा।]

260 सोचे, "मेरो, परमेश्वर, कोहि मारिरहेको हुनुपर्छ।" म माथि उफ्रिएँ, ढोकामा; मेरो पुरानो चिज त्यहाँबाट लिए, मेरो पजामा फ्याँके, *यसरी*, र वेनलाई ढाके, ढोकामा दौडिए।

261 यो एउटा महिला जस्तै सुनिन्थ्यो। मैले ढोका खोले, र यो युवती ढोकामा उभिरहेकी थिईन्। उनले भनिन्, "ओ, के म भित्र आउन सक्छु?"

मैले भने, "आउनुहोस्।" र मैले बत्ती बाले।

262 र अब उनी केवल त्यसरी रोईरहेकी थिईन्, र उनले भनिन्, "ओ, बिल्ली, म—म—म गईसके! म गईसके!"

263 मैले भने, "के भयो, नेल्ली? तिमीलाई—तिमीलाई हृदयघात भयो?"

264 उनले भनिन्, "होइन।" उनले भनिन्, "भाई बिल, म तल स्प्रिङ्मा आउँदै थिएँ।" उनले भनिन्, "साच्चै, भाई बिल! साच्चै, भाई बिल, मैले कुनै हानी गर्न खोजेको होइन। मैले कुनै हानी गर्न खोजेको होइन।"

265 मैले भने, "के भयो?" मैले सोचे, "अब म उनलाई के गरूँ?" के गर्ने भनेर मलाई थाहा थिएन। म, केवल जवान मान्छे। र मैले...

266 भनिन्, "ओ, भाई बिल," भनिन्, "म केवल—म केवल—म केवल टुक्रा टुक्रा भएको छु।"

मैले भने, "अब, शान्त होउ, बहिनी। मलाई सबैकुरा भन।"

267 र उनले भनिन्, "ठिक छ," उनले भनिन्, "म तल बाटोमा आईरहेको थिएँ, र रेडम्यान हाल..." र तिनीहरुको त्यहाँ शनिबार रातीको नाचगान हुने गर्थ्यो। र उनले भनिन्, "मसँग केहि चिज थियो, जुन मैले लुगा बनाउनको लागि घर लिएर जाँदै थिए।" र उनले भनिन्, "मैले त्यो संगीत सुने।" र उनले भनिन्, "तपाईलाई थाहा छ," भनिन्, "म केहि मिनेट रोकिए।" र भनिन्, "यो अझै बढ्दै गयो। त्यसैले मैले सोचे, 'तिमीलाई थाहा छ, यदि म यहाँ उभिए भने यसले दुखाउदैन।'"

268 त्यहिनिर उनले आफ्नो गल्ती गरिन्, एक क्षणको लागि रोकिईन्। उनले सुनिन्।

269 भनिन्, "ठिक छ, म सोच्न जाँदैछु।" भनिन्, "ओ प्रभु, यद्धपि, म तपाईलाई प्रेम गर्छु तपाई जान्नुहुन्छ।" भनिन्, "म तपाईलाई प्रेम गर्छु त्यो तपाई जान्नुहुन्छ, प्रभु। तर म पक्कै सम्भन सक्छु त्यो समय जब ली र मैले—सबै कपहरु र अन्य कुराहरु जित्ने गर्थ्यौं।" भनिन्, "मेरो, मलाई सम्भना छ त्यो पुरानो संगीतले मलाई आकर्षित गर्ने गर्थ्यो। यसले अहिले गर्दैन।"

270 अँ–ह, अँ–ह! तिमी केवल सोच यसले गर्दैन। यसले तिमीलाई लिईसकेको छ, ठिक त्यहाँनिर। त्यो उसले चाहेको जस्तै नै हो, ठिक त्यहाँ। बुभ्नुभयो?

271 तपाईहरु कति जनालाई नेल्ली स्यान्डर्स थाहा छ? ठिक छ, मलाई लाग्छ लगभग तपाईहरु सबैलाई थाहा छ। हो। पक्कै पनि। त्यसैले तिनीहरु—तिनीहरु—तिनीहरु थिए...

272 भनिन्, उनले भनिन्, "ठिक छ, तपाईलाई थाहा छ?" भनिन्, "शायद यदि म त्यहाँ माथि भर्याङ्गमा हिडे भने," भनिन्, "शायद मैले ती मध्ये केहिलाई गवाही दिनसक्छु।"

273 ओ! हेर्नुहोस्, तिमी ठिक शैतानको भूमिमा छौ। यसबाट टाढा बस। "दुष्टको उपस्थितिलाई त्याग।"

274 तर उनी माथि हिडिन्, भर्याङ्गको टुप्पोमा, र केहि मिनेटको लागि त्यहाँ उभिईन्। र पहिलो कुरा तपाईलाई थाहा छ, उनी केटाको अँगालोमा थिईन्, बाहिर भुइँमा।

275 त्यसपछि उनी आफैमा आईन्। र उनी त्यहाँ उभिरहेकी थिईन्, कराउदै र जारी राख्दै, भनिन्, "ओ, म अब राम्रोको लागि, हराएकि छु। म..."

276 मैले सोचे, "ठिक छ, मलाई बाईबलको बारेमा धेरै त थाहा छैन, तर म विश्वास गर्छु कि येशूले यो भन्नुभएको थियो, 'मेरो नाममा तिमीहरुले भूतहरु धपाउनेछौ।'" म...

277 अनि वेन अलिकति, चनाखो भईसकेको थियो, र त्यहाँ बसेर, हेरिरहेको थियो। बुभ्नुभयो? त्यसैले मैले भने, "अब, शैतान, म जान्दिन तँ को होस्, तर म तँलाई अहिले भनिरहेको छु, यो मेरो दिदी हुनुहुन्छ, र

तैले उनलाई समातिरहने कुनै काम छैन। उनले त्यसो गर्न खोजेकी होइनन्। उनले केवल एक मिनेटको लागि रोकिईन्।" त्यहिनिर उनले आफ्नो गल्ती गरिन्, यद्धपि। मैले बहने, "त उनीबाट बाहिर आउनै पर्छ। तैले मलाई सुन्छस्?"

278 र त्यसैले परमेश्वरले, मलाई इन्साफको पट्टीमा मद्दत गर्नुहोस्, जान्नुहुन्छ। त्यो स्क्रिनको ढोका आफै, खोल्ने र बन्द हुने भईरह्यो। "प्लाम्पिटी, प्लमपिटी," त्यहाँ ढोकामा। "पम्प, का–प्लंप, का–प्लंप।" मैले सोचे।

र उनले भनिन्, "बिल, त्यहाँनिर हेर। त्यहाँनिर हेरे।"

र मैले भने, "हो। त्यो के हो?"

उनले भनिन्, "मलाई थाहा छैन।"

मैले भने, "न त मलाई छ।"

279 र ढोका गयो "पम्पिटी–पम्प, टि–पम्प," त्यसरी बन्द हुँदै थियो। मैले सोचे, "यहाँ के कुरा छ? के भयो?"

280 मैले फेरी हेरे, *त्यसरी*। र मैले भने, "उनलाई छोडिदे, शैतान! येशूको नाममा, उनीबाट बाहिर निस्की!"

281 जब मैले त्यो भने, त्यो ठूलो चमेरो जस्तो देखिन्थ्यो, लगभग *यति* लामो, उनको पछाडिबाट उठ्यो, लामो कपाल यसको पखेटा बाहिर र यसको खुट्टा बाहिर भुण्डिएको, *त्यसरी*। "ऊ" गईरहेको थियो। ठिक म तर्फ शुरू भयो, एकदम तेजले यो आयो।

282 मैले भने, "ओ परमप्रभु परमेश्वर, येशू ख्रीष्टको रगतले मलाई त्यसबाट बचाउनुहोस्।"

283 र वेन खाटमा उफ्रियो, हेर्यो। र यहाँ यो थियो, एउटा ठूलो छायाँ जस्तै, वरिपरी गोलो भएर, र माथि गयो र छोयाँको पछाडि तल गयो। खाटबाट बाहिर वेन गर्यो, अर्को कोठामा, जति सक्दो चाडो गयो। त्यसैले हामी...

284 मैले नेल्लीलाई उनको घर लगे। र फर्केर आए, र मैले सकिन...

285 आमा त्यहाँ भित्र जानुभयो र तन्ना र सबकुरा हल्लाउनुभयो। त्यो खाटमा त्यहाँ केहि पनि थिएन। यो के थियो? उनीबाट शैतान बाहिर गयो। के भयो? उनी एक क्षणको लागि रोकिईन्। त्यहि नै हो।

286 बिल्कुल, नरोक्नुहोस्। जब परमेश्वरले तपाईको हृदयमा उहाँको वचन डुबाउनुहुन्छ, केवल त्यो तरवार लिनुहोस् र छाट्न र काट्न शुरू गर्नुहोस्। हाल्लेलुयाह!

287 "मसँग केहि कुरा पर्खिनको लागि समय छैन। केवल पार गरे, मसँग बस्ने समयसम्म छैन।"

288 उहाँले भन्नुभयो, "ठिक छ, मेरो लौरो लिऊ र बच्चामा राख। र यदि कोहि तिमीसँग बोल्छ भने, त्यससँग समेत नबोल।"

289 यदि शैतानले भन्छ, "हे, तिमीलाई थाहा छ तिमीले के महसूस गर्दैछौ?" त्यससँग बोल्दै नबोल्नुहोस्। केवल गईराख्नुहोस्।

290 शैतान, तपाईलाई थाहा छ, शैतानले भन्छ, "तर के तिमीलाई थाहा छ? तिमीलाई थाहा छ, *फलाना–र–फलाना,* जब तिनीहरुले पवित्र आत्मा पाए, तिमीलाई याद छ तिनीहरु—तिनीहरुले झन्डै झन्डै आफ्नो दिमाग गुमाएका थिए।" त्यससँग बोल्दै नबोल्नुहोस्। केवल गईराख्नुहोस्। तपाईलाई *फलाना–र–फलानाको* बारेमा थाहा छैन।

291 यो तपाई र परमेश्वर हुनुहुन्छ। त्यो सहि हो। परमेश्वरलाई राख्नुहोस्। उहाँले आफ्नो दासलाई अभिषेक गर्नुहुन्छ। मैले चाडो गर्नुपर्छ। परमेश्वरले आफ्नो दासहरुलाई अभिषेक गर्नुहुन्छ। बुझ्नुभयो?

292 अब मैले यहाँ केहि टिपोटहरु छोड्नुपर्छ, तर म यो भन्न चाहन्छु। यहाँ, अब ध्यानका साथ, सुन्नुहोस्।

293 सानी महिला, अब ध्यान दिएर सुन्नुहोस्।

294 यहाँ हामीले शैतानको चाल देख्छौ। कसरी हामीले यो गर्छौ? अब, मसँग यहाँ टन्नै धर्मशास्त्रहरु छन्, अगमवक्ता र अरुको, जहाँ उहाँ तिनीहरुकहाँ आउनुहुन्छ, र अन्य मानिसहरुमा बाईबलद्वारा, र उही कुरा गर्नुभएको छ। यो सधै यसको चाल हो, कि मानिसहरुलाई परमेश्वरको वचनलाई अविश्वास गर्न लगाउने प्रयास गर्नु हो। सुन्नुहोस्, तपाई क्रूसका सिपाहीहरु। जब तपाईले परमेश्वरको लिखित एउटा वचन पनि अविश्वास गर्नुहुन्छ, तपाई निशस्त्र हुनुहुन्छ।

295 त्यो विश्वास गर्नुहुन्छ, प्रिय?

296 तपाई निशस्त्र हुनुहुन्छ। तपाई आत्मसमर्पण गर्नुहुन्छ, तपाई जेलिफिस। परमेश्वरको पूर्ण हातहतियार लिनुहोस्। आमेन। हामीहरु एउटा

युद्धमा छौ। जे परमेश्वरले भन्नुभएको छ त्यो सत्य हो। “सबै मानिसका वचन एउटा झुट हो।” बुझ्नुभयो? तर जति चाडो तपाई...एउटा कुरा सुन्न दिनुहुन्छ, त्यो त्यसको चाल हो, तपाई निशस्त्र हुनुहुन्छ।

297 कति ओटा कुराहरु हव्वाले सुन्न परेको थियो? एउटा। उनी ठिक त्यहिबेला निशस्त्र भईन्। शैतानले के गर्यो? उनको दिमागमा सिधा छिर्यो, उनको आत्मामा, र त्यहाँ उनी त्यहाँ विकृत भईन्। के त्यो सहि हो? उनी निशस्त्र भएकै क्षणमा उनी विकृत भईन्, जब उनले परमेश्वरको वचनलाई अविश्वास गरिन्। ठिक छ। यहाँ हामीले त्यसको चालहरु देक्छौ।

298 परमेश्वरका सिपाहीहरुलाई आज्ञा दिईएको छ “परमेश्वरको पूरा हातहतियार लगाउनुहोस्।” त्यो सहि हो? अब, यदि तपाईले त्यो पद तल लेख्न चाहनुहुन्छ भने, यो एफिसी ६:१० र १३ मा पाइन्छ। बुझ्नुभयो? हामीले केहि समयअगाडि पढेका छौ। यो हाम्रो पाठ। ठिक छ। ध्यान दिनुहोस्। “परमेश्वरको पूरा हातहतियार लेओ।” आउनुहोस्...के तपाईसँग केहि मिनेटको समय छ? [सभाले भन्छ, “आमेन...”—सम्पा।] यहाँ एक मिनेटको लागि फर्कौ। आउनुहोस् परमेश्वरको पूरा हातहतियार के हो हेरौ। ठिक छ। आउनुहोस् १० औ पदमा शुरू गरौँ। अब, ध्यान दिएर सुन्नुहोस् अब। परमेश्वरको पूरा हातहतियार पत्ता लगाऔं। “अन्तत, मेरा भाईहरु...” अब, मलाई थाहा छ म जाँदैछु...म...

299 यो बिस मिनेछ, ठिक अहिले, बाह्रसम्म, लगभग। म—म गर्दिन...मैले तपाईहरुलाई धेरै लामोसम्म सिकाउन चाहन्न, आज, तर म—मैले गर्मीको लागि मेरा केहि यात्राहरु मैले नलिएसम्म मसँग थप एउटा सन्देश बाहेक अरु नहुनसक्छ, तपाई बुझ्नुहुन्छ।

300 र तपाईलाई थाहा छ? तपाईलाई थाहा छ म यो किन गरिरहेको छु? म तपाईलाई भन्नेछु। अर्को दिन मैले एउटा सपना देखे। म यो बताउन जाँदै थिएँ, तर यो केवल मेरो दिमागमा छ। मैले यो पनि गर्न सक्छु, प्रभुले मलाई व्याख्याहरु दिनुभए पछि।

301 मैले सपना देखेँ कि म मिसनको कामको लागि ठूलो नदी पार् गर्ने तयारी, गरिरहेको थिए। र अब, पहिलो, म त्यहाँ मेरी श्रीमतीसँग थिएँ...

302 र कति जनालाई जर्ज स्मिथ चिन्नुभएको छ, छ–सेकेन्ड स्मिथ, यहाँ शहरमा? जर्ज स्मिथ, उहाँको केटा यहाँको प्रहरी बलमा छ। उहाँ, गरिब जर्ज, अहिले रक्सीको लतमा हुनुहुन्छ। तर उहाँ उत्कृष्ट लडाकु मध्ये एक

हुनुहुन्थ्यो। उहाँ नै एक हुनुहुन्थ्यो जसले मलाई मेरो तालिम दिनुभयो, म वाई.एम.सी.ए मा जानुभन्दा पहिले। र कतै। उहाँले हामीलाई तालिम दिनुहुन्थ्यो। र उहाँ छिटो हुनुहुन्थ्यो, एकदम छिटो। उहाँ केवल वेल्टरवेटमा हुनुहुन्थ्यो, एक–सय–पैतालिस पाउण्डको लागि। र उहाँले मलाई तालिम दिनुभयो। र त्यहाँ उभिन्थ्यो, र उहाँले आफ्नो मुट्ठी लिन सक्नुहुन्थ्यो, *त्यसरी,* र मलाई ठिक पेटमा हान्नुभयो, मलाई भित्ताको माथि उठाउनुभयो, हेर्नुहोस्, तर, अ र यसले मलाई केहि हुदैन थियो। उहाँले केवल मलाई तालिम दिनुभयो, केहि अरु केहि नभएर तालिम मात्रै थियो।

303 र त्यसपछि मैले—मैले सपना देखे, अर्को रातमा, त्यहाँ मैले छ–सेकेन्ड स्मिथलाएई देखे। अब, यो एउटा दर्शन थिएन। यो एउटा सपना थियो। र मैले छ–सेकेन्ड स्मिथलाई देखे, एउटा युवा साथी कुस्तीमा उहाँको विरुद्धमा, आउँदै थियो। र उहाँ, लगभग, त्यो बुढा मानिस, ओ, मलाई लाग्छ...म बावन्न वर्षको हुँ। उहाँ लगभग अन्ठाउन्न, साठ्ठीको हुनुहुन्छ। त्यहाँ कुनै पनि तरिकाले, उहाँलाई छुन सक्ने एउटा पनि युवा केटाहरु थिएन। उहाँले तिनीहरुलाई गाँठोमा बाँधेर, *त्यसरी*, तिनीहरुलाई भुइँमा राखेर आफ्नो हातले समात्नुभयो।

304 र मैले सोचे, “त्यो अनौठो छ।” मैले सोचेको थिए कि मेरी श्रीमती म सँगै थिईन्, र मैले भने, “त्यो अनौठो छ।” मैले भने, “तिमीलाई थाहा छ, मेडा? उहाँ मेरो प्रशिक्षक हुनुहुन्थ्यो।”

उनले भनिन्, “म—म त्यो याद गर्छु, तपाईले मलाई यसको बारेमा बताउनुहुन्छ।”

305 मैले भने, “हो, श्रीमान। उहाँको असल तालिमले, मैले पन्ध्रवटा व्यावसायिक लडाई जिते, र व्यवसाय—छोडे; सुसमाचार प्रचार गर्नलाई।”

306 ठिक तब यो परिवर्तन भयो, म एउटा—एउटा पानीको पार् गर्दै थिए। तर जब म जाँदै थिए, म पावे डुंगाबाट जाँदै थिए। मैले माथि हेरे, र त्यहाँ मेरा दुई जना भाईहरु, डुंगामा बसिरहेका छन्, मसँगै तयारी गर्दै। मैले भने, “तिमीले त्यो गर्न मिल्दैन, दाजुभाईहरु। ह–अ। म एक्लै जानुपर्छ।”

307 र डुंगावाला माथि आयो, र उहाँले भन्नुभयो, “यहाँ तपाईलाई एउटा डुंगा छ,” एउटा राम्रो सेतो कोनोए डुंगा।

मैले भने, “न। ह–अँ। त्यो होइन।”

308 उहाँले भन्नुभयो, “ठिक छ, तपाईले *यसले* यो बाटो, पचास मिल प्रति घण्टा दौडाउन सक्नुहुन्छ।”

मैले भने, “तर म *त्यो* बाटो पार् गर्नुपर्छ।” बुझ्नुभयो?

“ठिक छ,” उहाँले भन्नुभयो, “*ती* केटाहरु सँगै जानुहोस्।”

309 मैले भने, “तिनीहरु डुंगा चलाउनेहरु होइनन्। तिनीहरुलाई त्यसको बारेमा धेरै थाहा छैन। तिनीहरु उत्साहित छन्। तिनीहरुले यसलाई चलाउन सक्दैनन्। तिनीहरु दुवै त्यहाँ डुब्नेछन्। तिनीहरुले विल्कुलै यो गर्न सक्दैनन्।”

र उहाँले भन्नुभयो. “के तपाई...तपाई भरोसा गर्न सक्नुहुन्छ...?”

310 मैले भने, “सुन्नुहोस्, म—मलाई तिनीहरुभन्दा बढि डुंगाको बारेमा थाहा छ, र म त्यसको साथ चलाउन चाहन्न, केवल त्यस खालको समान।” मैले भने, “त्यो पार गर्नको लागि पावर बोट चाहिन्छ।” मैले भने, “हामीलाई केहि त्यो भन्दा ठूलो कुरा चाहिन्छ।”

311 र उहाँले वरिपरी हेर्नुभएको मैले देखे, एउटा भाईलाई, र भन्नुभयो, “के तपाई डुंगा चालक हुनुहुन्छ?”

भाईले भन्नुभयो, “हो।” बुझ्नुभयो?

मैले भने, “त्यो गलत हो।”

312 र डुंगा चालक फर्केर आउनुभयो। उहाँले भन्नुभयो, “तिमीले के गर्ने म भन्छु।” भन्नुभयो, “तिनीहरुले तपाईलाई प्रेम गर्छन्। तिनीहरुले तपाईलाई विश्वास गर्छन्। तर,” भन्नुभयो, “यदि तपाईले पावर डुंगाबाट पार् गर्ने कोशिष गर्नुहुन्छभने, तिनीहरुले तपाईलाई त्यस क्यानोई डुंगाबाट पछ्याउने प्रयास गर्नेछन्। तिनीहरु दुवैजना मर्नेछन्, हेर्नुहोस्।” भन्नुभयो, “तिनीहरुले तपाईलाई पछ्याउन सक्दैनन्।”

र मैले भने, “ठिक छ, मैले के गर्न पर्छ त?”

313 र डकमा भएको यस डुंगा चालक, उहाँले भन्नुभयो, “तपाई *त्यहाँ* पछाडि जानुहोस्।” भन्नुभयो, “त्यहाँ यो देश भरी केवल एउटा सानो गोदामघर छ, एउटा सानो गोदाम घर। र भर्खरै प्रशस्त आपूर्ति भएको छ,” भन्नुभयो, “र तिनीहरु त्यहाँ बस्नेछन्। तिनीहरु—तिनीहरु यहाँ—तपाई गएको बेलामा यहाँ हुनेछन्। तर,” भन्नुभयो, “तर तपाईले आपूर्ति राख्नुपर्नेछ।”

314 र मैले केवल सबै थरीका बन्दा, गान्टे, मुलाहरु, र मुलाहरु, र अन्य थोकहरु मगाउदै थिए, त्यसलाई त्यहाँ यसरी खाँदेर राख्दै थिए। त्यसपछि म ब्युँझिए।

315 मलाई थाहा थिएन यो के थियो, तर मलाई अहिले थाहा छ। हेर्नुहोस्, भाईहरु, हामी आपूर्ति राख्दै छौं। यो जिन्दगी त्यो हो जुन तपाई एक्लै हिड्नुपर्छ।

316 लियो, के तपाई पहिलो पटक यहाँ आउनुहुँदा देखेको सपना याद छ? [भाई लियो मर्सियरले भन्नुहुन्छ "आमेन।"—सम्पा।] पिरामिडको बारेमा, र तपाईले सोच्नुभएको थियो कि तपाई त्यहाँ माथि आउनुहुनेछ। मैले भने, "लियो, कुनै मानिस यहाँ माथि आउन सक्दैन। परमेश्वरले मानिसलाई यहाँ राख्नुपर्छ। तपाईले त्यो सबै भौतिक क्षेत्र चढ्न सक्नुहुन्छ जुन चढ्न सकिन्छ।" मैले भने, "तपाई यहाँ आउनसक्नुहुन्न, लियो। बुझ्नुभयो? फर्केर तल जानुहोस्। केवल मानिसहरुलाई भन्नुहोस् कि यो परमेश्वरबाट आएको हो।" बुझ्नुभयो? बुझ्नुभयो?

317 यो केहि त्यस्तो कुरा—जसमा तपाई भर पर्न सक्नुहुन्न, जत्तिको दाजुभाई र दिदीबहिनीमा गर्न सकिन्छ, र मेरो मण्डली र सबैकुरामा, र जत्तिको राम्रो मण्डलीहरु, र भाईहरु, जताततै हुनुहुन्छ।

318 अब, म त्यहाँको मण्डलीबाट टाढा राख्न सक्दिन। कसैले भन्नुभयो, "ठिक छ, किन तपाई ती मानिसहरुसँग बाहिर जानुहुन्छ, ती त्रिएकतावादी, *यो* सबै, *त्यो,* र *अन्यहरुसँग,* र एकतावादी, र येशूको नाम, र त्यहाँ भएका यी सबै अन्यकुराहरु? किन तपाई तिनीहरुसँग, यसरी घुलमिल हुनुहुन्छ?" तिनीहरु मेरा हुन्। चाहे तिनीहरुले जे सुकै गरेका होऊन्, तिनीहरु मेरा हुन्। उनीहरु मेरा पुल्पिट हुन्।

319 जब इस्राएलले यदि धेरै दुष्ट्याई गर्यो, कि परमेश्वरले मोशालाई यहाँसम्म भन्नुभयो, भन्नुभयो, "आफैलाई अलग गर्। तँसँग म एउटा नयाँ—नयाँ कूल शुरू गर्नेछु।"

320 मोशाले आफैलाई बीचमा ल्यायो, भन्यो, "तपाईले तिनीहरुलाई लैजानुभन्दा अगाडि, मलाई लैजानुहोस्।"

321 चाहे तिनीहरुले जे सुकै गरेका होऊन्, उनीहरुकै लागि मलाई पठाईएको हो। उहाँले ज्योति, त्यहाँ चम्कनको निम्ति पठाउनुहुन्न जहाँ ज्योति छ। जहाँ अन्धकार छ, त्यहाँनिर ज्योति हुनुपर्छ। र तपाई

मानिसहरुसँग जानुपर्छ। तपाई उनीहरुसँग उभिनुपर्छ, तपाईले गर्नुपर्छ, उनीहरुको गल्तीमा पनि।

322 इस्राएल गलत हुनसक्नेसम्मको गलत थियो। तिनीहरु यति गलत थिए कि परमेश्वरले छोड्नुपर्ने भयो। तर, मोशा, त्यो कसरी हुनसक्छ भनेर म सधै अचम्ममा परे तर, मोशामा भएको ख्रीष्टको आत्माले भयो। बुझ्नुभयो?

323 हेर्नुहोस्, हामीहरु सबै गलत छौ। उहाँ हामीहरु सबैको लागि खडा हुनुभयो जब हामीहरु सबै हाम्रा गल्तीमा थियौ।

324 चाहे जत्ति नै गलत तिनीहरु भएतापनि, हामीले आफैलाई केहि पनि कुराबाट असंगत वा सम्बन्ध नटुटाऔं। जबसम्म हामीले एउटा प्राण बचाउन सक्छौ, "सर्प जस्तै चलाक, ढुकुर जस्तै सोझो" हुन तर्फ जाँऔ, हेर्नुहोस्, र हामीले सक्ने सबै प्राणलाई जित्ने प्रयास गरौ।

325 अब, यो नै मैले आज बिहान भनिरहेको छु, जुन खाद्यान्न भण्डार गर्ने विषयमा हो। खाना भण्डार गर्ने, ताकी तपाईसँग खानलाई केहि कुरा होस्, ताकी तपाईसँग भोज गर्नको लागि केहि कुरा होस्। तपाईको टेपमा यो प्राप्त गर्नुहोस्। कोठाको शितल ठाउँमा राख्नुहोस्। शायद, जब म धेरै टाढा हुन्छु, तपाईले अझै पनि यी कुराहरु सत्य हुन् भनि सम्झनुभएको होस्। तपाईको कोठामा राखेर सुन्नुहोस्। बुझ्नुभयो? र यो खाना हो, भण्डारण गरिएको, भण्डारण गृहमा। यात्रा कहाँ छ मलाई थाहा छैन, तर, जे केहि पनि यो छ, उहाँले कहाँ अगुवाई गर्दै हुनुहुन्छ भन्ने कुरा उहाँलाई थाहा छ; मलाई थाहा छैन, म केवल पछ्याउछु।

326 अब, उहाँले अब यहाँ के भन्नुभोय? ध्यान दिएर सुन्नुहोस्।

*अब अन्त्यमा, मेरा भाईहरु, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा, बलवान् होओ।*

*...बलवान् होओ...उहाँको शक्तिको सामर्थ्यमा।*

*दियाबलसका युक्तिहरूका विरुद्धमा खड़ा हुन सक्नलाई,* तिमीहरु *परमेश्वरका सारा हातहतियार धारण गर।*

*किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन,...*

गोलीले हान्ने र चक्कुले काट्ने, हेर्नुहोस्, त्यो होइन।

*...तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक...शासकहरूका विरुद्ध,...*

327 "अन्धकारका शासकहरु।" संसारलाई कसले शासन गर्छ? शैतान। निश्चय नै। कसले यी सबैकुराहरु गरिरहेको छ, यी सबै अधर्मी कामहरु जुन भईरहेका छन्, यहाँ वरिपरी, र यी सरकारहरु, र त्यस्तै कुराहरु? यो सबै शैतान हो। बाईबलले त्यसो भन्यो। संयुक्त राज्य शैतानले नियन्त्रण गर्छ। शैतानले जर्मनीलाई नियन्त्रण गर्यो। संसारमा भएका सबै देश शैतानले नियन्त्रण गर्छ। म यसमा आउदैछु, मात्रै केहि मिनेटमा, र अनि हामीले पत्ता लाउनेछौ कतै यसले गर्छ, वा गर्दैन भनि। चाहे...हरेक राज्य जुन पहिले थियो र हुन आउनेछ, जबसम्म परमेश्वरले आफ्नो राज्य खडा गर्नुहुँदैन, तबसम्म शैतानले नियन्त्रण गरेको छ।

328 मैले यो भन्न खोजेको होइन कि यसमा सबैजना शैतान हो, अहिले। त्यहाँ सरकारमा—धर्मी मानिसहरु छन्।

329 त्यहाँ केहि रातमा यहाँ एउटा हुन गईरहेको छ, ठिक यहाँ, यहाँ भाई अर्गनब्राईटसँग एउटा तस्बिर देखाउनको लागि, यहाँ ठाउँमा। उहाँ लगभग पाँचवटा विभिन्न राष्ट्रपतिहरुको कुटनीतिज्ञ हुनुभएको छ, भाई रो। र उहाँ एक...उहाँ यहाँ हुनुहुनेछ, मलाई लाग्छ यो लगभग एप्रिलको दोश्रो हप्ता हुनेछ। भाई नेभिलले यो घोषणा गर्नुहुनेछ। र उहाँ एउटा अद्भूत मानिस हुनुहुन्छ।

330 उहाँले भन्नुभएको थियो कि उहाँले आठ भिन्न भाषाहरुमा बोल्न सक्नुहुन्छ, मलाई त्यस्तो लाग्छ। तर जब उहाँले पवित्र आत्मा प्राप्त गर्नुभयो, उहाँसँग प्रभुसँग कुरा गर्न सक्ने कुनै भाषा थिएन, त्यसैले परमप्रभुले उहाँलाई एउटा दिनुभयो, उहाँले भन्नुभयो, त्यसैले उहाँले परमप्रभुसँग त्यहि भाषामा बोल्नुभयो। उहाँलाई एउटा नयाँ दिनुभयो, जुन उहाँले कहिल्यै पनि अभ्यास गर्नुभएको थिएन। ठिक छ।

*...उच्च स्थानमा आत्मिक दुष्टताहरु।*

*त्यसैले...*

331 अब सुन्नुहोस्, तपाई सबै सिपाहीहरु, हामीले प्रार्थनाको पंक्ति शुरू गर्नुभन्दा पहिले।

> ...आफ्नो *लागि...आफ्नो लागि सारा* (डब्लू–एच–ओ–एल–ई) *सारा* (केवल यसको केहि मात्रै होइन)...*परमेश्वरका सारा हात हतियार उठाओ, ताकी यसरी* तिमीहरुले *खराब दिनको सामना गर्न सक,...*

त्यस दिनमा हामीहरु जिईरहेका छौ।

*...र सबै काम गरेर, खड़ा हुन सक्ने होओ।*

*खडा हुन...*

332 आमेन। बुझ्नुभयो? हेर्नुहोस्, प्रिय? जब तपाईले गर्न सक्ने सबै गर्नुभयो, खडा हुन, त्यसपछि खडा हुनुहोस्। नसर्नुहोस्।

*यसकारण, आफ्ना कम्मर सत्यले कसेर...*

333 यसलाई सुन्नुहोस्। यहाँ सुन्नुहोस्, यो के हो। "तपाईको कम्मर।" त्यो तपाईको बीचको भाग हो, *यहाँ*, हेर्नुहोस्।

...सत्यले *कसेर,...*

334 सत्य के हो? परमेश्वरको वचन। त्यो सहि हो। "तपाईको वचन सत्य हो।" ठिक छ।

*...धार्मिकताको छाती–पाता लाएर खड़ा होओ;*

335 जुन, "जे सहि छ त्यो गर्नु हो।" परमेश्वरको वचन तपाईले पाउनुभयो, जे सहि छ त्यो गर्दै। "धार्मिकताको छाती–पाटा लाएर खडा होओ।"

*र खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर तयार होओ;*

336 जहाँसुकै जानुहोस्, कुनै पनि ठाउँमा, कुनै पनि समयमा, सुसमाचारको जुत्ता लगाएर। हेर्नुहोस्? र हेर्नुहोस्:

*सबैभन्दा माथि*, सबैभन्दा माथि, *विश्वासको ढाल लगाओ,...*

337 त्यहि नै हो जसले डार्टलाई गिराउछ, हेर्नुहोस्, "विश्वासको ढाल।"

*...साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ।*

*मुक्तिको टोप लगाओ,...*

338 त्यहि नै प्राण हो...दिमाग—दिमाग, *यहाँ* भित्र, शिर; टाउकोमा छोप्छ।

*...र—र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो:*

339 तपाईले कसरी यो टोप, यसले के गर्छ? यो एउटा सुरक्षा हो। टोप के बाट बनेको हो? काँसा। पितललाई तड्का लगाउन समेत सकिन्न; कडा, फलामभन्दा कडा छ। काँसाको टाउको, (के?) मुक्ति, यो जान्नुको

ज्ञान, “र मेरो चंगाई परमेश्वरबाट आउँदछ। मेरो मुक्ति परमेश्वरबाट आउँदछ। मेरा अनुभाव उहाँको वचनसँग मिल्दछ, मण्डलीको विचार सँग होइन; वचनसँग!” आमने। त्यहाँ तपाई हुनुहुन्छ। छोपिएको, सुरक्षाले, मुक्तिको टोप, छुटकाराले। त्यो लिनुहोस्, त्यसपछि अगाडि बढ्नुहोस्। ओ, अब, अब त्यहाँ नै हामीले गर्नुपर्छ। शैतानको सेना...

340 अब हेर्नुहोस्, अब, हामी...मैले हतार गर्नुपर्छ, तर म—मैले यो ल्याउनुपर्छ।

341 शैतानको सेनाले रोगहरु ल्याउँछ। शैतान त्यहि नै हो, त्यो विनाशकारी हो। शैतान, शैतानको पूरा राज्य, बिमार, मृत्यु, र शोक, र चिन्ता, र फिक्री, सबै शैतानमा छ।

परमेश्वर जीवन, विश्वास, आनन्द, शान्ति हुनुहुन्छ, *यहाँ*। बुझ्नुभयो?

342 अब, त्यो दुई ठूला शक्तीहरु हुन् जुन अहिले सँगै आउँदैछ। तिनीहरु लडिरहेका छन्। तिनीहरु ठिक यहाँ भवनमा अहिले लडिरहेका छन्। तिनीहरु, दिन व दिन, तपाईसँग, सबै शक्तिले लडिरहेका छन्।

343 शैतान, तपाईलाई पछ्याउदै, त्यो महान, ठूलो, राजकीय, पूजारी गोलियथले तपाईको कलेजोलाई तर्साउन खोज्दैछ। उहाँ सहि हुनुहुन्छ, तर परमेश्वर...

344 तपाई मजबूत हुनुहुन्छ, आमेन, सुसमाचारका साथ, तपाईको कम्मरको वरपर परमेश्वरको वचनले। महिमा! प्रचारक, यो नै हो। मुक्तिको टोप; विश्वासको ढाल; र तरवारलाई, तपाईको हातमा लहल्लाउदै! “शैतान, म तँलाई भेट्न आउदैछु। तँ मलाई विज्ञानको नाममा भेट्न आउँछस्। तँ मलाई—संस्कृतिको नाममा भेट्न आउँछस्। तँ मलाई संस्थाको नाममा भेट्न आउँछस्। तँ मलाई *यो, त्यो,* वा *अर्कोको* नाममा भेट्न आउँछस्। तर म तँलाई इस्राएलको परमप्रभु परमेश्वरको नाममा भेट्न आउँछु। म तेरो पछि आईरहेको छु। बाटो दिनुहोस्!” यहाँसम्मकि मृत्यु आफै पनि त्यहाँ खडा हुन सक्दैन। त्यस बाटोबाट एउटा प्वाल बनाउनुहोस्। त्यो सहि हो।

345 शैतानको सेनाले रोगहरु ल्याउदछ, र तिनीहरुलाई निकाल्नको लागि परमेश्वरको सेनालाई नियुक्त गरिएको छ। आमेन। त्यहाँ तपाई हुनुहुन्छ। कुनै पनि बेला शैतानले त्यो तपाईमा, फाल्दछ, परमेश्वरको सेनाले त्यसलाई निकाल्दछ। आमेन। निकाल्नुहोस्!

346 त्यहि नै युक्ति परमेश्वरले प्रयोग गर्नुभयो। शैतानले विनाशको सेना प्रयोग गर्यो, परमेश्वरको वचन अविश्वास गर्नको निम्ति, र त्यसको लागि माईकलसँग भएको भन्दा राम्रो राज्य स्थापना गर्यो, र परमेश्वरले त्यसलाई निकाल्नुभयो।

347 परमेश्वरको विधि, हो, दुष्टलाई निकाल्ने। तर्कलाई निकाल्ने। अन्धविश्वासलाई निकाल्ने। चिन्तालाई निकाल्ने। रोगलाई निकाल्ने। पापलाई निकाल्ने। आमेन। तपाई यसमा हुनुहुन्छ, ख्रीष्ट येशूमा पुनरुत्थान भएको, स्वर्गीय स्थानहरुमा बसिरहेको, सबै शैतानहरु चाहि तपाईको खुट्टामुनि छ। यदि त्यसले आफ्नो टाउको त्यसमा टास्न शुरू गर्छ भने, के...

348 तपाई जान्नुहुन्छ, तपाई मृत हुनुहुन्छ। तपाईको जीवन लुकाईएको छ। *मृत* भनेको के हो? तपाई आफ्नो इन्द्रियहरुको मरिसक्नुभएको छ। तपाई आफ्नो विवेकमा मृत हुनुहुन्छ। तपाईको आफ्नै मानवीय इच्छाले भन्नेछ, "हो, मलाई लाग्छ म..." तपाईको तर्कको लागि मृत हुनुहुन्छ। ती सबै कुराहरुको लागि मरिसक्नुभएको छ। र तपाई येशू ख्रीष्टको नाममा गाडिनुभएको छ; र उहाँसँगै बौरी उठाईनुभएको छ। र उहाँ जहाँ हुनुहुन्छ, त्यहाँ तपाई पनि हुनुहुन्छ।

349 के भयो जब तिनीहरु, शंका गर्नेहरु मध्ये त्यो एउटा, स्वर्गमा पुग्यो? परमेश्वरले निकाल्नुभयो। र उहाँले ख्रीष्टमा बौरी उठाईएका सेनाहरुलाई के भन्नुभयो? "जब शैतान आउँछ, त्यसलाई निकाल। बाहिर निकालिदेओ।" जब येसूले उहाँको सेनालाई तालिम दिनुभयो, र संसारको अन्त्यसम्म तिनीहरुलाई आज्ञा दिनुभयो। "सारा संसारमा जाओ, हरेक प्राणीलाई सुसमाचार सुनाओ। विश्वास गर्ने र बप्तिष्मा लिनेले उद्धार पाउनेछ; विश्वास नगर्ने चाहि दोषी ठहरिनेछ। र विश्वासहरुमा यो चिन्हहरु हुनेछ, मेरा सेनाहरु। मेरो नाममा तिनीहरुले दुष्टहरु निकाल्नेछन्; नयाँ भाषाहरुमा बोल्नेछन्; सर्प लिनेछन्, वा घातक कुराहरु पिउने छन्, त्यसले तिनीहरुलाई केहि हानी गर्नेछैन; यदि तिनीहरुले आफ्नो हात बिरामीहरु माथी राखे भने, तिनीहरु निको हुनेछन्।"

अगाडि, इसाई सैनिकहरु!
युद्धको लागि अघि बढ्दै,

येशूको क्रूसको साथ
अगाडि बढ्दै।

350 "म उहाँसँग क्रूसमा टाँगिएको छु, तैपनि म जिउछु; म जिउने होइन, तर उहाँ जो ममा जिउनुहुन्छ।" वचन अघि, जाँदै, परमेश्वरले काट्दै, उहाँको धारिलो दुई–धारे तरवारले।

351 त्यसपछि, कुनै अचम्म छैन, जब ग्रान्टले रिचमण्डलाई लिए, र त्यो सानी दक्षिणी महिलाले ग्रान्टलाई भित्र आउँदै गरेको देखिन्, प्रेरणाले उनलाई छोयो। र उनले भनिन्:

मेरा आँखाहरुले परमप्रभुको आगमनको महिमा देखेका छन्;
उहाँले अंगुरका गुच्छालाई कुल्चीत पार्दै हुनुहुन्छ जहाँ क्रोधका अंगुरहरु भण्डार गरिएका छन्:
उहाँले आफ्नो भयानक तेज तरवारको साथ भाग्यशाली बिजुली फुकाउनुभएको छ;
उहाँको सेनाहरु अघि बढिरहेका छन्।

352 आमेन। ग्रान्टले कसरी रिचमण्डलाई लिए? जसै उनी यसमा आउछन्। आमेन। त्यसरी उनले रिचमण्डलाई लिए।

353 त्यसरी परमेश्वरको सिपाहीहरुले पाप, रोगलाई लिन्छन्: जसरी तिनीहरु यसमा आउँछन्। आमेन। त्यस तरिकामा तिनीहरुले आफ्ना शंकाहरु, र डरहरु, र अन्य कुराहरुमा विजय पाउछन्। जब एउटा उठ्छ, तिनीहरुले त्यसलाई काट्छन्। "बाटोबाट हट्!" ओ, मेरो! त्यहि नै हो। परमेश्वरले तिनीहरुलाई निकाल्नुभयो, जसरी उहाँले स्वर्गमा गर्नुभएको थियो। हाम्रा महान मूख्य कप्तानले हामीलाई यो कसरी गरियो भनेर देखाउनुभयो। आमेन।

354 रोय रोबर्सन र भाई फन्क, तपाईहरु मध्ये धेरै दिग्गजहरु यहाँ, तपाईलाई थाहा छ सच्चा कप्तान के हो भनेर।

355 एकपटक म...तल यहाँ यो सानो जेफरसनभिल अग्नि विभागमा। फाउको ठाउँमा आगलागि भयो। र यहाँनिर जेफरसनभिल अग्नि विभाग यहाँ तल उभिरहेको थियो, र कप्तानले वरिपरी हिड्दै, भन्यो, "*यहाँ* अलिकति पानी उचाल्नुहोस्।" "एस्प–एस्प–एस्प–एस्प," यहाँ बाहिर सानो नली

जस्तै। यहाँ माथि क्लार्कभिल आउँछ, "*यहाँनिर* थोरै पानी फाल।" "एस्प–एस्प–एस्प।" फाउको भवन जल्यो।

356 तिनीहरुले लुइसभिललाई बोलाए। यहाँ तालिम प्राप्त मानिसहरु आए। ओ, ती साईरनहरु त्यहाँ यसरी बज्यो!

357 र यहाँनिर एक प्रमुख कप्तान छन्, यो अग्नि विभागका, भन्छन्, "थोरै पानी *यहाँ* माथि फाल। *यहाँ* तल थोरै पानी फाल।" तालिम नपाएका पुरुषहरु।

358 भाई, जसै त्यो इन्जिन रोकियो, सिढीको टाउकोमा को थियो? कप्तान। जब त्यो सिढी माथि गयो, उनी त्यससँगै गए। जब उनले झ्याललाई प्रहार गरे, उनी अझै पनि झ्यालमा पुगेका थिएनन्। उनले आफ्नो बन्चरो समाते र झ्यालबाट फ्याँकेर, र भने, "आओ, केटाहरु।" र आगो निभ्यो, केहि मिनेट मै। एउटा कप्तान!

359 यो एउटा कप्तान होइन, जसले भन्छ, "*यहाँ* थोरै पानी फाल। थोरै *यहाँनिर* कोशिष गर।"

360 तर, "आओ, केटाहरु!" आमेन। उनले बाटो अगुवाई गरे। उनले यो कसरी गर्ने भनि हामीलाई देखाए।

361 मैले सोचे, "त्यो राम्रोसँग प्रशिक्षित अग्नि विभाग, तिनीहरुले त्यो आगोलाई केहि मिनेटमै निभाए।" किन? तिनीहरुसँग त्यहाँ त्यो एउटा कप्तान थियो जसलाई थाहा थियो कि उनले के गरिरहेका थिए भनि।

362 भाई, तपाईले चाहेको तपाईको सबै ईश्वरशास्त्रको बारेमा बोल्नुहोस्। तपाईको मानव–निर्मित सम्प्रदायहरु, तपाईको संस्थाहरु: त्यससँग खेल्नुहोस्।

मैले एक प्रमूख कप्तान पाएको छु जसले मलाई यो कसरी गर्ने भनेर बताउनुभयो।

भन्नुहुन्छ, "ठिक छ, यदि मैले यो सुँघ्न, महसूस गर्न सक्छु भने।" ओ, वाहियात!

363 *यहाँनिर* तरिका छ जहाँ प्रमूख कप्तानले यो गरिएको बताए, लूका ४ औ अध्याय। मसँग यो पढ्ने समय बाकि छैन। यसलाई, आफै पढ्नुहोस्। ठिक छ। लूका ४ औ अध्याय, १ पदबाट शुरू गरेर।

364 उहाँले कहिल्यै पनि भन्नुभएन, “अब म तिमीलाई भन्छु। तिमी *यहाँनिर* जाऊ र तिमीले एउटा ठूलो संस्था बनाऊ। तिमीले एउटा पुरोहित, र डिकन, र, वा कार्डिनल, अनि विशप ल्याऊ, र *यो* ल्याऊ।” उहाँले कहिल्यै पनि यो भन्नुभएन।

365 जब शैतानले उहाँलाई भेटे, त्यसले भन्यो, “अब तपाई भोको हुनुहुन्छ। यो ढुंगालाई रोटीमा परिणत गर्नुहोस्।”

त्यसले भन्यो, “यस्तो लेखिएको छ...”

366 त्यसले भन्यो, “यहाँ माथि, हामी तपाईलाई यहाँ माथि लान्छु र तपाईलाई केहि कुरा देखाउछौ।”

“तर यस्तो लेखिएको छ...”

“म यो गर्नेछु, यदि तपाईले यो गर्नुहुन्छ भने।”

“यस्तो लेखिएको छ...”

367 यो यसरी गरिएको छ भनि प्रमूख कप्तानले भन्नुभएको छ। यो कसरी गरियो, बहिनी? “यस्तो लेखिएको छ, ‘यदि तिनीहरुले विरामीहरु माथि हात राखे भने, तिनीहरु निको हुनेछन्।’” “यस्तो लेखिएको छ, ‘मेरो नाममा तिनीहरुले भूतआत्माहरु धपाउनेछन्।’” आमेन। यो के हो? “यस्तो लेखिएको छ!” त्यो कप्तानको आदेश हो। “यस्तो लेखिएको छ, ‘जसले मेरा वचनहरु सुन्छन् र मलाई पठाउनुहुनेमा विश्वास गर्छन्, तिनीहरुमा अनन्त जीवन छ।’ यस्तो लेखिएको छ! यस्तो लेखिएको छ! यस्तो लेखिएको छ!” त्यो—त्यो आदेश हो। त्यो सिपाही हो। त्यो तरिका हो। त्यो आर्टिलरी हो जुन हामीले चलाउछौ।

368 उहाँले के गर्नुभयो? उहाँ ठिक त्यहाँ माथि, गोलियथकहाँ जानुभयो। उहाँले देखाउनुभयो एउटा...कसरी दाऊदले सेनालाई यो कसरी गरिन्छ भने देखाए? यो कसरी गरिन्थ्यो भनि दाऊदले इस्राएललाई कसरी देखाए? *दाऊदको* अर्थ “प्रिय, मुक्तिदाता।” बुझ्नुभयो? कसरी दाऊदले यो गरे? उनले भने, “यो तरिकामा, यो गरिन्छ। परमप्रभुको वचनमा भरोसा गर।”

369 र गोलियथ त्यहाँ बाहिर आए, भने, “तँलाई थाहा छ? म तँलाई यो भालाको अन्त्यमा उठाउनेछु, र म तँलाई चराहरुलाई खुवाउनेछु।”

370 उनले भने, “तैले मलाई एउटा संस्थाको रुपमा भेट्छस्। तैले मलाई एउटा आधुनिक वैज्ञानिकको रूपमा भेट्छस्। तैले मलाई तेरो महान विशाल

चौथ–फूटको तरवार लिएर भेट्छस्। तैले मलाई एउटा काँसाको टोप सहित भेट्छस्, र त्यो एउटा ढालको टुक्रा सहित जुन मैले भुइँबाट उठाउनको पनि सक्दिन। तैले मलाई एउटा प्रशिक्षित योद्धाको रूपमा भेट्छस्। तैले मलाई पीएच.डी, र एल.एल.डी., र दोब्बर एल.डी सहित भेट्छस्। तँ मलाई यी सबैकुरा सहित भेट्छस्। तर म इस्राएलका परमप्रभु परमेश्वरको नाममा आउछु, र आज म तेरो शिर तेरो काँधबाट काट्नेछु।" आमेन। त्यो सानो मसिनो धुलो त्यहाँ विशाल राक्षसको विरुद्ध आउदैछ, तर उनलाई उनी कहाँ उभिदैछन् भन्ने थाहा थियो।

इस्राएल, भर्खरै त्यहाँ डराएर बसिरहेको थियो, "ओ, दरिद्र सानो साथी।"

गोलियथले भन्यो, "म कसलाई गर्छु भनि देखाउनेछु।" र यहाँ उनी आए।

371 उनीसँग एफ–ए–आई–टि–एच थियो, हेर्नुहोस्, जे–ई–एस–यु–एस मा, पाँच ओटा ढुङ्गा, पाँचवटा पत्थर। त्यहाँनिर एउटा सानो ढुंगा, शुरू गर्नको लागि। यसरी घुम्दै गयो, पवित्र आत्माले ढुङ्गालाई थाम्नुभयो, र टाढा यो पुग्यो। गोलियथ भुइँमा लड्यो। त्यस तरिकामा यो गरिन्छ।

372 त्यहि तरिकामा येशूले भन्नुभयो, जे उहाँले भन्नुभयो। "अब, यदि तपाई दाजुभाईहरु जो बाहिर मैदानमा जाँदै हुनुहुन्छ, यदि तपाई यी दुष्टहरुलाई कसरी जित्ने भनि जान्न चाहनुहुन्छ भने, यो कसरी गरिन्छ भनि म तपाईलाई देखाउनेछु।"

373 शैतानले भन्यो, "म तपाईलाई भेट्नेछु।" गोलियथ, "म के गर्न सक्छु म तपाईलाई देखाउनेछु। तपाई भोकै छस्। यदि तपाई परमेश्वरको पुत्र हुनुहुन्छ भने, म तपाईलाई चुनौती दिनेछु। तपाई भन्नुहुन्छ तपाई परमेश्वरको पुत्र हुनुहुन्छ। म तपाईलाई चुनौती दिन्छु। यदि तपाई परमेश्वरको पुत्र हुनुहुन्छ भने, यी ढुङ्गाहरुलाई रोटीमा परिणत गर्नुहोस्। खानुहोस्; तपाई भोको हुनुहुन्छ। र यदि तपाई परमेश्वरको पुत्र हुनुहुन्छ भने, तपाईसँग यो गर्न सक्ने शक्ति छ।"

374 उहाँले भन्नुभयो, "तर यस्तो लेखिएको छ, अब, 'मानिस रोटीले मात्रै जीवित रहदैन।'" ओ, त्यस तरिकामा प्रमूख कप्तानले यो गर्नुभयो।

उहाँलाई मन्दिरको चुचुरोमा माथि लगे। त्यसले भन्यो, “यदि तपाईले आफैलाई तल फ्याँक्नुभयो भने,” भन्नुभयो, “तँलाई थाहा छ यस्तो पनि लेखिएको छ...”

375 उहाँले भन्नुभयो, “हो।” भन्नुभयो, “यो पनि, लेखिएको छ, ‘परमप्रभु तेरो परमेश्वरलाई तैले परिक्षा नगर्नू।’” हेर्नुहोस् उहाँले आफैलाई के भन्नुभयो? “परमप्रभु तेरो परमेश्वर।” अ–ह। “‘तैले परमप्रभु तेरो परमेश्वरलाई परिक्षा नगर्नू,’ फेरी पनि, यस्तो लेखिएको छ, त्यस्तो।” बुझ्नुभयो? ओ, मेरो!

376 उहाँले के गर्नुभयो? उहाँले त्यसलाई परमेश्वरको वचनले, पराजित गर्नुभयो। शैतानको युक्ति भनेको तपाईलाई परमेश्वरको वचनमा अविश्वास गर्न लगाउनु हो। र प्रमूख कप्तानले भन्नुभयो, “परमेश्वरको वचन लिऊ र गर। मेरो नाममा तिनीहरुले प्रेतआत्माहरु धपाउनेछन्।”

377 ओ, शैतान, तिनीहरुको प्रमूख कप्तान, ओ, हो, तपाईलाई थाहा छ, यी मध्ये केहि नामधारी संगठित मण्डलीहरुले तपाईलाई विश्वास दिलाउन कोज्छान्न कि त्यससँग काँटाको खूर छ, तपाईलाई थाहा छ, विभाजन भएको पुच्छर छ, र सबै त्यस्ता कुराहरु छन्। तपाईले यो विश्वास नगर्नूहोस्। त्यो त्यसको छैन। होइन, श्रीमान, भाई। त्यो एक धोकेबाज हो। त्यससँग त्यो छ भनेर विश्वास नगर्नुहोस्। तिनीहरुले केवल तपाईलाई तर्साउनको निम्ति त्यसो गर्छन्। त्यो शैतान होईन। शैतानसँग पहिलो त, खुर छैन; म यसमा धेरै शंका गर्छु। त्यो केवल एक आत्मा हो। शैतान एक आत्मा हो। त्योसँग काँटेदार खुर र त्यस्ता कुरा छैन, जस्तो तपाईले त्यसको चित्रण गर्ने प्रयास गर्नुहुन्छ। होइन, होइन।

378 तर, त्यो बुद्धिमान छ। त्यो एउटा वास्तवमै बुद्धिमान मानिस, एकदम शिक्षित, सधै थियो, संसारको बुद्धिमा। ओ, हो। त्यो सुन्दर छ। त्यसको सेनालाई संसारको ज्ञानले संगठित गरेको छ, यहाँसम्म, भाई, तपाई—तपाईले आफ्नो शब्दहरु बोल्ने कोशिष नगर्नुहोस्। यी मध्ये केहि केटाहरुलाई भेट्दा तपाईले के को बारेमा बोलिरहेको छु भनि बुझ्नु बेस हुन्छ, भन्नुहुन्छ, “आश्चर्यकर्मका दिनहरु बितीगएका छन्।” होइन, त्यससँग—त्यससँग विभाजित खुर छैन। त्यो, ओ, त्यो—त्यो—त्यो ठिक सेमिनारीबाट बाहिर आएको छ। त्यो चम्काईएको छ, भाई। मेरो मतलब, ऊ होसियार छ, पीएच.डी., एल.एल.डी., क्यु.यु.एस.टि., र बाकि

रहेका सबै। बुझ्नुभयो? सबै त्यसमा, ऊ हुनसक्नेसम्मको होसियार छ। बुद्धिमान, निश्चय नै, ऊ एक सर्प हो, ती सबैमध्ये धूर्त। कपाल राम्रो भएको, भाई, र मेरो अर्थ, पोशाक लाएको, र कोटमा एउटा खुम्चिएको पनि हुदैन। होसियार, उत्तिकै बुद्धिमान र चतुर जति ऊ बन्न सक्छ। त्यो सहि हो।

379 तपाई के को बारेमा बोलिरहनुभएको छ भन्ने थाहा नभएसम्म उससँग मूर्ख नबन्नुहोस्। त्यो सहि हो। ओ, तर हामीलाई त्यसको—त्यसको पुरानो युक्ति थाहा छ। हामीलाई थाहा छ त्यसले के गर्न खोजिरहेको छ भनि: हामीलाई परमेश्वरको वचन अविश्वास गर्ने बनाउन खोजेको छ।

380 र त्यससँग काँटेदार खुरहरु छैन। छैन, छैन, छैन। अब, हामीले पायौ कि यदि त्यससँग काटेदार खुर छैन भने, ऊ केहि अर्कै हुनुपर्छ। ऊ एक धोकेबाज हो। ऊ बुद्धिमान, शिक्षित, संगठित छ। भाई, उसँग आफ्नो सेना छ।

381 हेर्नुहोस्, एक पटक, स्विजरल्याण्डमा। म रोकिनको लागि केवल ठाउँमा पाउदिन, साथीहरु। त्यहाँ एउटा—एउटा...स्विजरल्याण्डमा, त्यहाँ यो जर्मन सेना आउछ, अगाडि बढ–...विदेशीहरु भित्र आउदै। किन, यो इट्टाको पर्खाल जस्तै देखिन्थ्यो; हरेक मानिसहरु प्रशिक्षित, हरेक भाला *यसरी* राखिएको थियो, अगाडि आठ वा दस फिट थियो। र तिनीहरु त्यहाँ गरिब सानो स्विसकहाँ आउछन्, तिनीहरुसंग के हुन्थ्यो? तिनीहरु सशस्त्र थिए—आफ्नो हँसियाको धारले, लौरो र ढुंगाले, र त्यहाँ तिनीहरु उभिए। उनीहरुले तिनीहरुको समर्थन गर्थे। ठिक डाँडाको पारी तिनीहरुको घर थियो। यहाँ स्विस सेनाहरु तिनीहरुलाई भेट बाहिर गए। उनीहरुले तिनीहरुलाई केहि पनि गरेका थिएनन्। तिनीहरु केवल आएर तिनीहरुको भूमि लिए।

382 यो बच्चाले संसारमा के गरेको थियो, केवल एउटा बच्चा? शैतान, त्यो नै हो, उसले सके त उनको ज्यान लिनेथियो। पक्कै पनि। त्यहाँ ऊ छ; समयभन्दा पहिले। बुझ्नुभयो?

383 स्विसहरुले केहि पनि गरेका थिएनन्। तिनीहरु राम्रा मानिसहरु थिए। तिनीहरुले आफ्ना घरहरुको प्रतिरक्षा गर्न खोजिरहेका थिए, तर तिनीहरु त्यहाँ प्रतिरक्षा गर्नको लागि खडा भए। केहि समय पछि, त्यहाँ एक जना आर्नल्ड भोन विन्केलरिडको नाममा थियो। यहाँ यो सेना आउँछ। तिनीहरु सबैलाई घेरिएको थियो। भन्यो, "हामीले के गर्न सक्छौ?"

384 जतातत्तै, मानिसहरुका सागर थियो, राम्रोसँग प्रशिक्षित मानिसहरु। त्यस तरिकामा शैतानले गर्छ। अति–प्रशिक्षित, त्यसको भाला ठिक ताकेर, आउने हरेक मानिसमा: एक, दुई; एक, दुई; केवल यस सानो सेनामा तान्दै। केवल—केवल हिडिराख्नुहोस्, उनीहरुले गर्न पनि त्यहि मात्रै हो, र तिनीहरुलाई टिप्ने, हरेकलाई, तरवारमा। भालाहरु ठिक तिनीहरुलाई छेडेर जान्छन्। त्यसले स्विस सेनालाई समाप्त गर्न सक्थ्यो। त्यहि नै अन्त्य हुने थियो। ठिक डाँडाको पारी तिनीहरुको घर र प्रियजनहरु थिए। तिनीहरुका नारीहरु इज्जत लुटिने र बलात्कृत हुन सक्थे, र तिनीहरुका जवान छोरीहरु, र बालबच्चाहरु मारिने थिए, र घरहरु जलाईन्थे, र सबै कुरा, खाना लगिंठे, गाईबस्तु र सामानहरु, जान्थे। त्यहाँ तिनीहरु थिए।

385 के भयो? आर्नल्ड भोन विन्केलरिड नाम भएको एकजनालाई प्रेरणा आयो। उसले भन्यो, "स्विजरल्याण्डका मानिसहरु, यस दिन म स्विजरल्याण्डको लागि मर्छु।" आमेन। "यस दिन म स्विजरल्याण्डको लागि मर्छु।"

तिनीहरुले भने, "तिमी के गर्नेछौ?"

386 उसले भन्यो, "तिमीहरुले केवल मलाई पछ्याओ र आफूसँग भएको जे छ त्यस सहित लड।" उनी त्यहाँ माथि खडा भए; आफ्नो भाला तल फाले, र उनको हातमा सानो लौरो थियो, *त्यसरी।* र कराए, आफ्नो हात माथि राखेर, *त्यसरी*, र त्यता तर्फ दौदिए, कराउदै, "स्वतन्त्रताको लागि बाटो बनाउ!" उनले सकेको बलले दौडिए, ठिक सेना भएको ठाउँमा। र, र जब उनले त्यसो गरे, उनले सकेको जति सबै भालाहरु समाते, र ठिक आफ्नो छातीमा *त्यसरी* फ्याँके, र मरे।

387 उनले तिनीहरुलाई भने, उनी जानुभन्दा अघि। भन्यो, "त्यहाँ एउटा सानो छ चाह पारी, एक पत्नी र केहि बच्चाहरु जसलाई म छोड्दैछु, एउटा सानो घर जुन मैले भर्खरै किने।" र मैले भने, "म—म तिनीहरुलाई प्रेम गर्छु, तर, आज, म स्विजरल्याण्डको लागि मर्छु। उनले मलाई थियो..." उनले भने, "म देशलाई बचाउनको लागि मेरो जीवन दिन्छु।" र त्यो एक नायक थियो। त्यस समय देखि तिनीहरुको युद्ध भएको छैन। त्यो, त्यसले यो अन्त्य गर्यो।

388 यसले त्यस सेनालाई, त्यो वीरता देखाएर, यतिसम्म...कि—सेनाहरु यति अन्योलमा परे। स्विसले तिनीहरु माथि ढुङ्गालाई गुल्टाए,

र तिनीहरुलाई आफ्नो देशबाट भगाए; र त्यसपछि कहिल्यै पनि फर्केर आएनन्। त्यो सयौ वर्ष अघिको कुरा हो। बुझ्नुभयो? किन? त्यो महान काम थियो।

389 तर, ओ, भाई, एकदिन, जब अज्ञानता, अन्धविश्वास, शंका, भ्रम, र डरहरुले, परमेश्वरका मानिसहरुलाई कुनामा फर्काएको थियो, त्यहाँ येशू ख्रीष्ट नामको एकजना हुनुहुन्थ्यो, “यस दिन म मानिसहरुको निम्ति मर्छु।” त्यो सहि हो।

390 उहाँले आफ्ना सेनाहरुलाई के भन्नुभयो? “मलाई पछ्याओ र तिमीहरुसँग भएका सबैकुराले लड। यदि तिमीसंग क्लब छ, क्लबसँग लडाई। नडराओ। तिमीसँग लौरो छ, लौरो लिएर लड। तिमीसँग ढुङ्गा छ, ढुङ्गाले लड, जे तिमीसँग छ त्यसले लड।”

391 त्यहि नै आज हाम्रो प्रमूख कप्तानले भन्नुहुन्छ। “मैले परमेश्वरको वचन लिएँ, र मैले शैतानलाई र त्यसको शक्तिलाई पराजित गरेको छु।” उहाँले त्यसलाई रिबनमा काट्नुभयो, आमेन, वचनले। अब, जे केहि तपाईले पाउनुभएको छ, यदि तपाईले केवल एउटा वचन पाउनुभयो, “परमप्रभु तेरो परमेश्वरले तँलाई निको पार्नुहुन्छ,” त्यसलाई काट्नुहोस्। पछ्याउनुहोस्। आमने। हाम्रो कप्तानलाई पछ्याउनुहोस्। हो, श्रीमान। उहाँले त्यसलाई काट्नुभयो।

392 शैतान, त्यसको ठूलो, र सुन्दर राज्य सहित, र अझै सुन्दर, र सबैकुरा भएको, सबै आजको दिनसम्म। त्यसको हामीसँग कुनै सरोकार छैन। त्यो सहि हो। त्यो अझै पनि भूमिको सबै पशुहरुभन्दा धूर्त छ। हो, श्रीमान। येशूले भन्नुभयो कि परमेश्वरका राज्यको सन्तानहरु भन्दा यस संसारको सन्तानहरु अझ बढि बुद्धिमान थियो।

393 अब, यी दुई ठूला द्वन्द्व। हामीहरु जाँदैछौ...मैले...मैले बन्द गर्नुपर्छ। यी दुई ठूला द्वन्द्वहरु ठिक अहिले सँगै आईरहेका छन्। ठिक अहिलेको घडी हो जब विमारहरु र कुराहरुले संसारलाई हानेको च, चिकित्सा विज्ञान ठप्प हुन्जेलसम्म, र सबैकुरा ठप्प छ। त्यहाँ केहि पनि छैन, र—र हामी केवल...र सेना, परमेश्वरको साना सेना, कुना र सबैकुरामा लागिएको छ। भाई, यो अर्को आर्नल्ड भोन विन्केलरिडको लागि समय हो। यो समय, अर्को परमेश्वरको मानिस खडा हुने समय हो। यो एलिया देखा पर्न पर्ने समय हो। यो केहि हुन पर्ने समय हो।

394 परमेश्वरको सेना, आफ्ना दिमागहरु बन्द गर्नुहोस्। एक मिनेटको लागि नपर्खनुहोस्, तपाईको इन्द्रियहरुबाट शैतानले तपाईलाई प्रताव गरेको कुनै पनि कुरा नसोच्नुहोस्। तर याद गर्नुहोस्, परमेश्वरको वचन कहिल्यै पनि असफल हुन सक्दैन।

395 यी दुई महान सेनाहरु! जब शत्रु बाढी झैँ गरी आउँछ, जसरी यो आज आईरहेको छ, परमेश्वरले के गर्छु भनि भन्नुभयो? "परमेश्वरको आत्माले यसको विरुद्धमा एउटा मापदण्ड उठाउनुहुनेछ।" के तपाई ती मध्ये एक हुनुहुन्छ? हो, श्रीमान।

396 हामीलाई याकूब ४:७ मा सिकाईएको छ, मसँग यो पढ्नको लागि समय छैन, याकूब ४:७, देखि, "शैतानको प्रतिरोध गर, र," यो टाढा जानेछैन, तर, "त्यो भाग्नेछ।" "शैतानको प्रतिरोध गर।" तपाईले शैतानलाई कसरी प्रतिरोध गर्नुहुन्छ? उही तरिकामा जुन हाम्रो प्रमूख कप्तानले हामीलाई गर्नलाई भन्नुभयो। परमेश्वरको वचनलाई लिनुहोस्। त्यो तरिकामा तपाईले शैतानलाई प्रतिरोध गर्ने हो, जुन परमेश्वरको वचनद्वारा हो। प्रमूख कप्तानले यो कसरी गरिन्छ भनि हामीलाई बताउनुभयो। ठिक छ।

397 अब, अन्त्यमा, म यो भन्न चाहन्छु। त्यो पुरानो शैतान, अब, तपाई सोच्नुहुन्छ निर्लज्ज छ। तपाईलाई लाग्छ त्यसले बच्चालाई आक्रमण गर्छ? त्यसले जेलाई नि आक्रमण गर्छ। त्यसले येशू ख्रीष्टलाई आक्रमण गर्यो। त्यो उहाँ कहाँ आयो, तिनवटा भयानक आक्रमण सहित। के तपाईलाई त्यो थाहा छ? शैतानले केवल एक पटक मात्रै आक्रमण गरेन। त्यसले तपाईलाई रोगले आक्रमण गर्नेछ, त्यसपछि यहाँ यो फर्केर आउँछ र तपाईलाई आक्रमण गर्छ, तपाईलाई भन्छ, "आश्चर्यकर्मका दिनहरु बितीगएको छ। तिमी निको भएनौ। त्यहाँ यसको लागि केहि पनि छैन।" त्यो सहि हो भनि तपाईले त्यो थाहा छ?

398 त्यसले येशूलाई तिन पटक आक्रमण गर्यो। तिन भयानक आक्रमण, त्यो येशूको पछि लाग्यो, परमेश्वरको वचनमा त्यसको अविश्वास सहित। येशू वचन हुनुहुन्थ्यो। निश्चय नै, उहाँले यो विश्वास गर्नुभएन। "यदि तपाई...यदि तपाई..." यहाँ त्यो आयो, भयानक आक्रमणको साथ, जस्तो कहिलेकाहि आज शत्रु छ। यहाँ तिनीहरु आए, भने, "यदि तिमी परमेश्वरको पुत्र हौ भने, मलाई आश्चर्यकर्म देखाऊ। यो पूरा भएको मलाई हेर्न देऊ।" भाई, तिन भयानक आक्रमण त्यसले उदायो, "यदि तपाई...यदि तपाई..."

399 अब, येशूले के गर्नुभयो? येशू परमेश्वरको वचन हुनुहुन्थ्यो। उहाँ वचन हुनुहुन्थ्यो। त्यसले वचनलाई आक्रमण गर्यो। महिमा! म—म केवल हुँदैछु...मलाई राम्रो महसूस हुँदैछ, अहिले प्रचार गर्न, म इमानदार छु। त्यो सहि हो। येशू वचन हुनुहुन्छ। "आदिमा वचन हुनुहुन्थ्यो, र वचन परमेश्वरसँग हुनुहुन्थ्यो, र वचन नै परमेश्वर हुनुहुन्थ्यो। र वचन वास गर्नुभयो, देहधारी हुनुभयो, र वास गर्नुभयो..." येशू वचन हुनुहुन्थ्यो। उहाँले के गर्नुभयो? उहाँले त्यसलाई रिबनमा काट्नुभयो। ओ, मेरो! म त्याग्न जाँदैछु। येशूले के गर्नुभयो? उहाँ वचन हुनुहुन्थ्यो। त्यसैले, वचनसँग, उहाँले शैतानलाई त्यसको भयानक आक्रमणमा चिर्नुभयो। त्यो त्यहाँ एउटा प्याराको झुण्ड, हवाई सेना जस्तो, वा केहि अर्को त्यस्तै, येशू कहाँ उडेर आयो, वचनमा, त्यसरी। र येशूले वचन लिनुभयो, र त्यसलाई टुक्रा-टुक्रामा काट्नुभयो। हाल्लेलुयाह! पक्कै पनि, त्यसलाई टुक्रामा काट्नुभयो, वचनले त्यसलाई पराजित गर्नुभयो।

400 त्यसको आक्रमणलाई देख्नुहुन्छ? हेर्नुहोस्, ध्यान दिएर सुन्नुहोस्, यो अन्त्यमा। त्यसको आक्रमण के थियो? परमेश्वरको वचनमा अविश्वास गर्ने, त्यो त्यसको आक्रमण थियो। त्यहाँ, के तपाईले सबैभन्दा ठूलो युद्ध लडिएको देख्नुभयो? त्यहाँ केवल दुई शक्तिहरु छन्: शैतान र परमेश्वर। र तपाईको विरुद्धमा शैतानको हतियार के हो? त्यो तपाईको हतियारमा अविश्वास गर्नको लागि प्रयास गर्नु हो। त्यसले तपाईलाई निशस्त्र पार्छ। अब—अब एकदम शान्त साथ सुनौ। सुन्नुहोस्। यदि त्यसले तपाईलाई अविश्वास गराउन सक्छ भने तपाईको हतियार बराबर छ, यदि त्यसले तपाईको हतियार पर्याप्त रूपमा बलियो छैन भनि विश्वास दिलाउछ भने, त्यसले तपाईलाई निशस्त्र बनाएको छ।

401 ओ, भाई नेभिल, म आशा गर्छु कि हामी कहिल्यै पनि त्यो विश्वास गर्दैनौ।

402 हेर्नुहोस्, जब त्यसले तपाईलाई त्यो हतियारमा अविश्वास गर्ने बनाउछ त्यसले तपाईलाई निशस्त्र बनाउछ। जब तपाईले त्यो तल राख्नुहुन्छ, त्यसले तपाईको लडाई अन्त्य गराउछ, तपाई सिद्धिनुभयो। त्यो हतियार समाईराख्नुहोस्, तपाई त्यसलाई तल नराख्नुहोस्। हामीले त्यसको अविश्वास देख्छौ। आउनुहोस्...

अहिले म थप एउटा कुरा गर्न चाहन्छु, एक मिनेटमा।

403 रूस। म दिग्गजहरु, र अन्य, र बाईबलका विद्यार्थीहरुलाई फाईदाको लागि यो भन्न चाहन्छु। तपाई रूसको बारेमा के लड्ने र कराउने गर्दै हुनुहुन्छ? हँ! मैले तपाईलाई बम सेल्टर बनाउनको लागि भनेको त सुन्नुभएको छैन, हैन र? रूसको विषयमा तपाई किन लड्दै हुनुहुन्छ? रूस केहि पनि होइन। तिनीहरुले कुनै पनि युद्ध जित्नेवाला छैन। तिनीहरुले कुनै पनि संसार जित्नेवाला छैन। साम्यवादले कुनै संसार जित्नेवाला छैन। मानिसहरुलाई के भएको छ? के परमेश्वरको वचन असफल हुन सक्छ र?

404 सुन्नुहोस्, यो अहिले टेपमा छ, संसारको लागि, म बोल्छु, वा जहाँकहिँ पनि यो टेपहरु जान्छ त्यसको लागि। र यहाँ भएका तपाई मानिसहरुको लागि, चाहे मलाई जे सुकै होस्, तपाई यो विश्वास गर्नुहोस्।

405 रूस, साम्यवादले, केहि पनि कुरा जित्ने छैन। परमेश्वरको वचन असफल हुन सक्दैन। रोमनवादले संसार जित्नेवाला छ।

406 आउनुहोस् दानिएलको दर्शन लिऔं। त्यो परमेश्वरको वचन हो। "तिमी, ओ दानिएल..." "तिमी, ओ राजा नाबुकदनेसर, यो सुनको टाउको हो," बेबिलोन। "तिमीले अर्को राज्यले जित्नेछ, जुन चाँदी हो," हेर्नुहोस्, जुन मादी–फारसी हो। अर्को चाहि ग्रिस हो, एलेक्जेन्डर महान। अर्को, आउँछ, रोम। र त्यहाँ साम्यवादको बारेमा केहि भनिएको थिएन। रोमले संसारलाई जित्यो।

407 येशू ख्रीष्ट रोमन राज्यमा जन्मनुभएको थियो, र सताईनुभएको थियो, उहाँ पहिलो पटक राज्यद्वारा, यहाँ आउनुभयो। र उहाँको दोस्रो आगमनमा, अहिले आउँदै छ, उहाँको सन्देश रोमन संगठित मण्डलीहरुद्वारा सताईएको छ, जो तिनीहरु सबैको आमा हुन्। र जब उहाँ फर्कनुहुन्छ, उहाँ त्यो रोमन राज्यलाई मेटाउनलाई फर्केर आउनुहुनेछ, जुन यहूदीहरुले सधै उहाँ आएर रोमी राज्यलाई मेटाउएको हेर्नलाई बसिरहेका छन्।

408 संसारका सबै संगठित मण्डलीसँग क्याथोलिक पदानुक्रम, ठिक अहिले संगठनको रूपमा सँगै आईरहेका छन्, मण्डलीहरुका संघले आफैलाई सँगै संगठित गर्दैछ। यो रूस होइन। यो रोम हो। **परमप्रभु यसो भन्नुहुन्छ**। हो। मलाई एउटा धर्मशास्त्र देखाउनुहोस् जहाँ साम्यवाद, वा रोम बाहेक अरुले, शासन गर्नेछ।

409 के मादी–फारसीले नबूकदनेसरमा सफल भयो? निश्चय नै। के ग्रिसले तिनीहरुलाई जित्यो? हो। के रोमले तिनीहरुलाई, जित्यो? के यो दसवटा ओट्टोमन शक्तिहरुमा टुक्रियो जस्तो हामीले अहिले पाईरहेका छौ?

410 के *आईजेनहोवर*, जसको अर्थ हो “आईरन,” *क्रूसेभ* जसको अर्थ “माटो,” के तिनीहरुले ठिक यहाँ बैठक बसे? अनि क्रूसेभले आफ्नो जुत्ता फुकाले, [भाई ब्रन्हामले पुल्पिटमा ढक ढक गर्नुभयो—सम्पा।] यसलाई सरल बनाउनको लागि, कुरा खोल्नको लागि, मानिसहरुलाई देखाउनको लागि, *त्यसरी*, मेचमा पिट्नुभयो। [भाई ब्रन्हामले पुल्पिटमा ढकढक गर्नुभयो।]

411 ठिक छ, मानिसहरुलाई आज के भएको छ? विश्वास कहाँ गयो? किन, तपाई परमेश्वरको वचन सत्य हो भनि विश्वास गर्नुहुन्न? र त्यो कुरा *यहाँ* भित्र छैन। आज प्रचारकहरुलाई के भएको छ? “साम्यवाद!” हरेक प्रचारकहरु यहाँ साम्यवादसँग लड्न खोजिरहेको छ। साम्यवाद, केहि होइन!

412 कुरा, शैतानले यसलाई तपाईको नाक मुनि बुनिरहेको छ, र थाहा छैन; यो रोमनवाद हो, साम्प्रदायवाद। र रोम संगठित मण्डलीको आमा हो। बाईबलले भन्यो, “उनी वेश्या थिईन्, र उनको छोरीहरु वेश्या थिए,” परमेश्वरको विरुद्ध, उहाँको वचनको विरुद्धमा।

413 सैनिकहरु, वचन उठाउनुहोस्। अनुग्रहका दूतहरु, त्यो वचनसँग रहनुहोस्। एक दिन म नाश हुनेछु, तर यो वचन नाश हुनेछैन। र तपाई युवाहरु, यदि यो मेरो पुस्तामा हुँदैन भने, तपाईले देख्नुहुनेछ। त्यहाँ छ कुरा।

414 के तपाईले आज बिहान समाचार सुन्नुभयो? श्रीमती. केन्नेडी जाँदैछिन्, पपलाई हेर्न, अनि पपले के भने? हेर्नुहोस्, संसारका सबै धर्महरु! ओ! ठिक छ, शायद हामीले त्यसको केहि भाग, अर्को आईतबार हेर्नेछौ।

415 हेर्नुहोस्, रूसको विषयमा चिन्ता नलिनुहोस्।रूस समुद्र तटमा एउटा सानो ढुंगा हो। तपाई साम्यवादको विषयमा चिन्ता नलिनुहोस्। तपाईले रोमनवादले मण्डलीसंग एकतामा आएको हेर्नुहोस्। त्यहाँ धर्मशास्त्रमा साम्यवादले शाषन गरेको विषयमा केहि पनि लेखिएको छैन।

416 अनि म वचन अनुसार जान्छु, चाहे अन्य जसरी गए पनि। यो वचन हो जुन म विश्वास गर्छु। यो रोमनवाद हो जसले संसारलाई लिन्छ। र रोमनवाद संस्थाहरुको आमा हो। रोम नहुन्जेलसम्म त्यहाँ कहिल्यै कुनै

संगठन थिएन, र तिनीहरु मध्ये प्रत्येक यसबाट बाहिर आयो। र बाईबलले त्यसो भनेको छ, "उनी वेश्याहरु कि आमा हुन्।" म यस कुरामा आधा दिन नै बस्न सक्छु, फेरी पनि, तर मलाई लाग्छ म अगाडि पनि बढ्न सक्छु।

417 जब शत्रुले हामीमाथि आक्रमण गर्छ, तब, "ओ, म तपाईलाई भन्छु, तपाईले हाम्रोमा सामेल हुनुपर्छ..." तपाई के गर्न जानुहुनेछ, पछाडि तल, सम्झौता गर्ने? एउटा सच्चा सिपाहीले, गर्दैन। होइन, श्रीमान।

418 त्यसो भए हामीले के गर्छौं त? दिमाग, "ख्रीष्टमा भएको मन..." के बाईबलले भएको यहि हो? "ख्रीष्टमा भएको मन, तिम्रो साथमा होस्।" उहाँसँग कस्तो खालको मन थियो? वचनसँग बस्ने। त्यो सहि हो। वचनसँग बस्ने, पिताको वचन, र हरेक पटक शत्रुलाई पराजित गर्नुभयो। अब जब शत्रुले आक्रमण गर्छ र तपाईले *यो* गर्नुपर्छ र *त्यो* गर्नुपर्छ भनेर भन्न खोज्छ, तपाई के गर्न जानुहुनेछ? वचनसँग बस्नुहोस्। त्यो सहि हो।

419 त्यसो भए तपाईले गर्न चाहनुहुन्छ? वचन लिनुहोस्। वचन के हो? बाईबलले यहाँ भएको छ। हामीले भर्खरै यो पढ्यौ। किनकि आत्मा, र परमेश्वरको, वचन हो। बुझ्नुभयो? यहाँ हेर्नुहोस्। "अनि मुक्तिको टोप, र तरवार लिनुहोस्, आत्माको तरवार।" आत्माको तरवार! के? आत्मा जुन तपाईको दिमागबाट भित्र आउँछ र तपाई भित्र प्रवेश गर्छ, र त्यो आत्माको तरवार परमेश्वरको वचन हो।

420 त्यो आत्मा के सँग लड्छ? पवित्र आत्मा के सँग लड्छ? संवेदनाहरु? भावनाहरु? वचन; हृदय! ह्यु! महिमा! यो केसँग लड्छ? भावनाहरु? वचन! वचन! यो भनौ, वचन! वचन! परमेश्वरको वचन त्यो हो जससँग आत्माले लड्छ।

421 परमेश्वरको आत्मा सिधा शैतानमा जानुहुन्छ, र भन्नुहुन्छ, "यो लेखिएको छ!" आमेन! "यस्तो लेखिएको छ!" अनि शैतानले बाटो दिन्छ।

422 हामीले के गर्छौं? तरवार लिने, जुन परमेश्वरको वचन हो, तान्ने (के?) ले विश्वासको हातले, विश्वासको बलियो हातले, दुई धारे तरवारले। बाईबलले भनेको छ, हिब्रू ४, "यो—यो एउटा दुई धारे तरवार हो," आउने र जाने दुवैलाई काट्छ।

423 भाई, उहाँले के गर्नुहुन्छ? वचन लिन्छ। आत्मा लिन्छ, आत्मालाई तपाईको हृदयमा आउन दिनुहोस्। आफ्नो मन खोल्नुहोस्, भन्नुहोस्,

"तपाईको वचन सत्य हो।" अब, तपाई यो गर्नुहुन्छ, बहिनी। "तपाईको वचन सत्य हो।"

424 "प्रभु, म कस्तो महसूस गर्छु, कसैले के भन्छ, म के भन्छु, त्यो कुरामा कुनै ध्यान दिनेछैन। म यो रोक्दैछु, म मेरा हरेक बाटाहरु उडाईरहेको छु, मसँग भएका सबै भ्रम, शंकाहरु, र विश्वासहरु। मसँग भएका सबै भावना, सबै विमारहरु, मसँग भएका सबैथोकहरु, म ती सबैलाई बाहिर निकाल्दै छु। म त्यो सबैलाई नाघ्दै छु। म ठिक सिधा मेरो आत्मामा आउदैछु। ओ प्रभु, तल आउनुहोस्। तपाईले भन्नुभयो कि तपाईले मलाई स्वेच्छा नैतिक अभिकर्ता बनाउनुभयो।"

"तिमी, मेरो छोरा हौ।"

425 "ठिक छ, म मेरो हृदय र दिमाग खोल्छु। भित्र आउनुहोस्, प्रभु येशू।"

426 र विश्वासलाई समात्नु होस्, त्यो आत्माको तरवार, परमप्रभु भन्नुहुन्छ। कराउनुहोस्, "हाल्लेलुयाह!" आमेन। त्यसपछि तपाईको अगाडि भएका सबै शत्रुलाई काट्नुहोस्। आमेन। त्यहाँ यो छ। हरेक शत्रुलाई काट्नुहोस्। यदि एउटा—एउटा पुरानो डरलाग्दो आत्माले तपाईलाई सबै महसूस गराउछ... त्यस्तो कुरालाई काट्नुहोस्, परमप्रभुको वचनद्वारा।

तर हाम्रो बल, हो, "परमप्रभुको आनन्द मेरो बल हो।"

427 "मबाट टाढा जा।" वाक! तपाईले त्यसलाई वचनले चिर्नुहोस्। चाहे त्यो दुष्ट होस्, चाहे त्यो शत्रु होस्, चाहे बिमार होस्, चाहे रोग होस्, यो जे सुकै होस्, वचन लिनुहोस् र यसलाई तरवारले तान्नुहोस्। र यदि तपाईले यसलाई पहिलो पटक हान्नुभयो भने, यो सर्ने जस्तो देखिदैन भने, यसलाई फेरी हान्नुहोस्, र फेरी हान्नुहोस्, र फेरी हान्नुहोस्। र तपाईले एउटा प्वाल नबनाएसम्म यसलाई हिर्काउनुहोस्, एउटा सानो चल्लाले आफैलाई निकालेको जस्तै गरी; वा एउटा चिलले, तपाई के हुनुहुन्छ। आफैलाई त्यो पुरानो बिमारको खोलबाट सहि रूपमा निकाल्नुहोस्। तपाईको बाटो चिर्नुहोस्, र भन्नुहोस्, "हाल्लेलुयाह! अर्को कहाँ छ?" आमेन। त्यो लडाई हो। त्यो एउटा सिपाही हो। त्यो क्रूसको एउटा सपाही हो। हो, श्रीमान। हरेक शत्रुलाई ढाल्नुहोस्।

428 किन? किन? हामी, एउटा पूर्वनियुक्त, अब्राहामका राजकीय बीऊ हौँ। जब अब्राहामले परमेश्वरको वचनको विरुद्ध भएका सबैकुराहरु इन्कार गरे, उनले आफ्नो अगाडि आउने हरेक अवरोधबाट आफ्नो बाटो काटे।

तिनीहरुले भने “तिम्री श्रीमती एकदमै बुढी भईन।” उनले भर्खरै आफ्नो बाटोबाट त्यो काट्यो। शैतान भन्यो, “तिमीले *यो* गर्न सक्दैनौ। तिमीले *त्यो* गर्न सक्दैनौ।” अब्राहामले यसलाई आफ्नो बाटोबाट हटाए। उनले यसलाई हिर्काए, र यसलाई हिर्काए, जबसम्म यसले आफैलाई काट्यो।

“अर्को कहाँ, प्रभु?”

429 “तिम्रो पाल *यहाँ* माथि सार।” उनी त्यहाँ माथि गए र उहाँको निम्ति माथि वेदी बनाए।

430 त्यहाँ माथि पुगे, र शैतान आयो, भन्यो, “अब, म तिमीलाई भन्ने छु, यो ठिक ठाउँ होइन।”

“म ठिक यहाँ बस्ने छु। मेरो मैदानबात निस्की।” उनले भन्नेम “हाल्लेलुयाह!”

431 लोतले भने, “तिमी यहाँ तल आउदा राम्रो हुन्छ। यहाँ तल हाम्रो राम्रो समय भई राखेको छ। हामी सबैको संस्थाहरु यहाँ तल छ। किन, मेरी श्रीमती शहरको साहितियिक समाज, र अरु सबैको प्रमुख छिन। म तिमीलाई भन्छु, तिमी यहाँ तल आउनुपर्छ।”

साराले भनिन्, “अब्राहाम...”

432 “चुप लाग, सारा।” हाल्लेलुयाह! “ठिक यहाँ उभिऊ। यहाँनिर परमेश्वरले मलाई राख्नुभएको छ। ठिक यहाँनिर म खडा हुन्छु।”

433 यहाँनिर हो जहाँ परमेश्वरले मलाई राख्नुभएको छ:

सबैले येशूको नामको शक्तिको जय भन्नुहोस्!
स्वर्गदूतहरुले दण्डवत् गरून्;
शाही मुकुट ल्याऔ,
र उहाँलाई सबैका प्रभु भनि मुकुट लगाऔ।

ख्रीष्ट, ठोस चट्टानमा, म खडा छु;
अरु सबै मैदान डुब्ने बालुवा हो,
सबै अरु मैदान डुब्ने बालुवा हो।

434 मृत्यु आफै पनि, सबैथोक, डुब्ने बालुवा हो। ख्रीष्ट, ठोस चट्टानमा, म खडा छु।

435 “अब्राहामको शाही वंश।” राजकीय बीऊ! किन, बेलायतको सबैभन्दा चयन गरिएको सेना बेलायतको राजकीय हो, राजकीय रगत, सबैकुरा।

र ख्रीष्टको राजकीय बीऊ पवित्र आत्माले–भरिपूर्ण मण्डली हो, पवित्र आत्माले भरिएको। के? राजकीय सन्तान, जुन प्रतिज्ञाद्वारा हो, संवेदनाद्वारा होइन। तर, परमेश्वरको प्रतिज्ञाद्वारा हो, तिनीहरु परमेश्वरको वचनद्वारा खडा हुन्छन्, र तिनीहरुको बाटो काटेर जान्छन्, कराउदै, "हाल्लेलुयाह!"

यहाँसम्म कि मृत्यु पनि आउँछ र भन्छ, "यो तपाईको आस्तीनमा आउँदैछ।"

436 भन्छ, "बाटो देऊ, यर्दन। म पार् गर्दैछु।" ठिक त्यसबाट आफ्नो बाटो काट्नुहोस्, प्रतिज्ञाको देश तर्फ। आमेन।

437 के हुन्छ जब सबै युद्ध समाप्त हुन्छ? म अब बन्द गर्दैछु, निश्चित रूपमा। जब सबै लडाई अन्त्य हुन्छ, र सन्तहरु मार्च लगाएर घर आउँछन्, म तपाईलाई केहि कुरा सोध्न चाहन्छु, के भयो?

438 के भयो जब हिटलर फ्रान्समा गए? किन, तिनीहरुले भने कि तिमीले आकाश समेत देख्न सक्नेछैनौ, केहि समयको लागि, विमानहरुले गर्दा। जर्मनको गुज–स्टेप। [भाई ब्रन्हामले गुज–स्टेपको नक्कल गर्नुहुन्छ—सम्पा।] हेर्नुहोस्, तिनीहरु उभिरहेका थिए, जाँदै थिए, विजयका उत्सव मनाउदै।

439 जब स्टालिन रूस गए, केहि मिल पछाडिसम्म, हरेक ट्यांक ठिक अर्कोको पछाडि थियो, बर्लिनमा यति बमबारी गरे कि त्यहाँ केहि पनि बाकि रहेन। त्यहि नै हो। र जब तिनीहरु गए, र यी जर्मन...यी रूसका सिपाहीहरु उत्सव मनाउदै, त्यो सहि तिनीहरु भित्र गए, तपाईलाई थाहा छ, त्यो सानी हास्यास्पद काम जुन तिनीहरुले गरे। मैले यो तस्बिरमा देखेको छु, एक पटक लन्डनमा, कसरी तिनीहरु भित्र आए भनि, जहाँ, के भयो, भित्र आउदै गरेको, उत्सव मनाउने कुराको वास्तविक तस्बिर थियो। ओ, मेरो!

440 जब हामीले युद्ध अन्त्य भयो भनि सुन्यौ, हामीहरु करायौ, हामीले सिट्टी बजायौ। जब नायकहरु फर्केर आए, हामीले तिनीहरुलाई त्यहाँ माथि भेट्यौ। तिनीहरु कराए। तिनीहरु चिच्याए। मेरो एक जना भाई थियो, भन्यो, जब ऊ फर्केर आयो, सबै पुरानो...दिग्गजहरु जो नराम्ररी घायल भएका थिए, तिनीहरु ओछ्यानबाट उठ्न सक्दैन थिए, त्यसैले तिनीहरुले उनीहरुलाई जहाजको टुप्पोमा घुमाए जब तिनीहरु भित्र पसे, त्यो स्ट्याच्यु

अफ लिबर्टी माथि उभिएको हेर्नको लागि। भने, "ती महान ठूला मानिसहरु त्यहाँ उभिदै छन्, तिनीहरु केवल कराए, र ठिक त्यहाँ *त्यसरी* लडे, जब तिनीहरुले त्यो स्ट्याच्यु अफ लिबर्टी देखे।" घरबाट चार वर्षको लागि टाढा थिए, लड्दै, लडाईमा पर्दै, र सबैथोक। तर तिनीहरुलाई थाहा थियो कि पत्नी, अनि प्रिय, र आमा, र बुवा, र बच्चाहरु, र सबैजना जसलाई तिनीहरुले प्रेम गर्थे, ठिक स्ट्याच्यु अफ लिबर्टी पछाडि थिए। यसले तिनीहरु के को लागि लडिरहेका थिए भनि प्रतिनिधित्व गर्थ्यो। ओ, सिट्टी बज्यो, र न्यु योर्कले चिच्यायो, त्यहि नै हो, जब ती नायकहरु मार्च गर्दै आए। त्यो एउटा सानो कुरा हुनेछ।

441 एक पटक जब सिजर, एउटा ठूलो युद्ध पछि, उनले भने, "म चाहन्छु कि मेरो सबैभन्दा प्रसिद्ध योद्धाले हाम्रो शत्रु माथि विजयको यो महान उत्सवमा मसँगै सवार गरोस्।" र हरेक अधिकारीहरुले आ–आफ्ना प्ल्युमहरु छाँटे र आफ्ना ढालहरु चम्काए, र मार्च गरे, तपाईलाई थाहा छ, त्यसरी, जस्तो—जस्तो सच्चा सिपाहीले गर्छन्। केहि समय पछि, एउटा सानो, पुरानो साथी आए, काट्यो। मेरो! उनले एक तरिकाले माथि हेर्यो, र शुरू गर्यो, *त्यसरी*। सिजरले भने, "एक मिनेट पर्ख। एक मिनेट पर्ख। तिमी," एउटा अधिकारी जसरी—पोशाक समेत लाएको छैन, भन्यो, "यहाँ आऊ।" भने, "तिमीले ती चोटहरु कहाँबाट पायौ?"

उनले भने, "बाहिर युद्धभूमिमा।"

442 भने, "माथि चढ। तिमी नै हौ जसलाई म मेरो छेमा राख्न चाहन्छु।" किन? उनी युद्ध भूमिमा थिए भनि देखाए।

443 ओ परमेश्वर, सर्डीन क्यानमा आफ्नो हात काटेर प्रशंसा पत्र प्राप्त गर्ने मानिसलाई दया गर्नुहोस्। म युद्धको चोट पाएको चाहन्छु। जसरी पावलले भने, "म मेरो शरीरमा येशू ख्रीष्टको निशाना बोक्न चाहन्छु।" त्यहि कारणले मा मैदानमा लड्न चाहन्छु।

444 कुनै दिन, जब हाम्रो महान मूख्य कप्तान आउनुहुनेछ, जसले हामीले सशस्त्र बनाउनुभयो, जसले हामीलाई परमेश्वरको हतियार दिनुभयो, पवित्र आत्मा, लड्नको लागि वचन दिनुभयो, त्यहाँ खडा हुनको लागि; जब हाम्रो महान प्रमूख कप्तान सवार भएर आउनुहुन्छ, म माथि रथमा टेक्न चाहन्छु र उहाँसँग माथि घरमा जान चाहन्छु, तपाई चाहनु हुन्न र? त्यसपछि जब म मेरी बुढी श्रीमतीलाई आफ्नो अँगालोमा राख्छु, वरपर हेर्छु यहाँ र मेरा

भाईहरु र उहाँहरुको पत्नीहरु देख्छु, र उहाँहरुका नानीहरु, जब हामी ती परमेश्वरको स्वर्गहरु हुँदै हिड्न थाल्छौ, र स्वर्गदूतहरुले गानले हावालाई भर्दै, माथि त्यसरी, उत्सवको बारेमा कुरा गर्छन्!

445 र जब लडाई अन्त्य हुन्छ, हामीले ताज लगाउनेछौ। ओ, मेरो! ओ, क्रूसका सिपाहीहरु, यस बिहानी, विश्वासको हतियार यहाँ तान्नुहोस्, र यस हतियार समात्नुहोस्।

446 यसको बारेमा के छ, बहिनी, के तपाई तयार हुनुहुन्छ? त्यो हतियार बाहिर तान्नुहोस्, भन्नुहोस्, "परमेश्वर, मलाई वास्ता छैन—शैतानले मलाई के भन्यो भनि, अरु कसैले कति भनेका छन्, यस बिहान, म विश्वास गर्छु, म विश्वास गर्दैछु।"

447 जसरी मैले अर्को दिन भनेको थिए, एउटा सानो...मलाई लाग्छ केहि आईतबारहरु अगाडि भनेको थिए, त्यहाँ एउटा मानिसले एउटा सपना देखेको थियो। उसले सपनामा शैतानलाई सानो मसिनो कुरा देख्यो, जो उसको अगाडि आयो। त्यसले भन्यो, "बू!" र उहाँ पछाडि उफ्रनुभयो, अनि शैतान ठूलो भयो। "बू!" र उहाँ पछाडि उफ्रनुभयो, अनि शैतान ठूलो भयो। अन्तमा, शैतान उहाँ जत्तिकै ठूलो भयो, उहाँलाई जित्न लागेको थियो। उहाँलाई थाहा थियो कि उहाँले त्यससँग केहि कुराले लडाई गर्नुपर्छ, त्यसैले उहाँले चारैतिर हेर्नुभयो। उहाँले त्यससँग लड्नको लागि केहि पनि पाउनुभएन। उहाँले बस बाईबल उठाउनुभयो। र शैतान भन्यो, "बू!" उहाँले फर्केर त्यसलाई, "बू!" भन्नुभयो, र शैतान सानो भयो, र सानो भयो, र अझै सानो भयो। र, अन्तमा, उहाँले त्यसलाई वचनले अन्तिम स्थितिमा पराजित गर्नुभयो।

448 तपाई एक सिपाही हुनुहुन्छ, होइन र, बहिनी? वचन लिनुहोस् अनि भन्नुहोस्, "यस्तो लेखिएको छ।" आमेन। "म मर्नेवाला छैन। म जिउनेवाला छु। म ठिक यहि पवित्र स्थानमा बस्नेछु र परमेश्वरलाई बाकि रहेकाहरुसँग मिलेर, उहाँको भलाईको निम्ति प्रशंसा गर्नेछु।

449 के तपाई त्यो विश्वास गर्नुहुन्छ, सन्तहरु? आमेन।

आउनुहोस् हाम्रा शिरहरु झुकाऔ।

450 ओ परमप्रभु परमेश्वर, स्वर्ग र पृथ्वीका सृष्टिकर्ता, आज यो थाहा दिनुहोस् कि तपाई अझै पनि परमेश्वर हुनुहुन्छ। चाहे जति सुकै म प्रचार

गरूँ, जति नै धेरै कुरा म भनूँ, प्रभु, तपाईबाट आएको एउटा वचनले यसलाई मिलाउदछ।

451 यी रूमालहरु यहाँ राखिएका छन्, बिमार मानिसहरुलाई प्रतिनिधित्व गर्दै। म प्रार्थना गर्दछु, स्वर्गीय पिता, कि तपाईको आशिष र शक्ति यी हरेकमा रहनेछ, जब म तिनीहरु माथि हात रक्दछु। परमेश्वर, येशू ख्रीष्टको नाममा, म प्रार्थना गर्दछु कि तपाई ले यी रूमालहरुलाई तपाईको पवित्र उपस्थितिले अभिषेक गर्नुहुनेछ, किनकि यो तपाईको वचनमा लेखिएको छ। यो वचनको कत्ति पनि विरुद्धमा छैन। तर यसले वचनमा भनेको छ, कि, "तिनीहरुले पावलको शरीरबाट लिए, रूमाल र कपडाहरु। अशुद्ध आत्माहरु मानिसहरुबाट बाहिर गए, र तिनीहरु विभिन्न बिमारहरुबाट निको भए।" अब, हामीहरु सन्त पावल होइनौ, तर तपाई अझै पनि परमेश्वर हुनुहुन्छ, र तपाई अझै पनि उही नै पवित्र आत्मा हुनुहुन्छ। म मेरो हात यी रूमालहरु माथि राख्दछु, प्रभु येशूको नाममा, र तपाईले आशिष दिनुहोस् र हरेकलाई निको पार्नुहोस् भनि मागदछु।

452 र, परमेश्वर, यहाँ ओछ्यानमा सुतिरहेर, जो यहाँ लेटिरहनुभएको छ, एउटा बच्चा बाहेक केहि होइन, केवल एउटा सुन्दर सानी केटि। उनी बाच्न सक्दिनन्, प्रभु। शैतानले उनलाई दुष्ट्याई गरेको छ। र यस पृथ्वीका प्रिय चिकित्सकहरुले सक्दो प्रयास गरेका छन्, कुनै शंकै छैन, यो बच्चालाई बचाउनको निम्ति। तिनीहरुले बस यो गर्न सक्दैनन्। तिनीहरु आफ्नो बुद्धिको अन्त्यमा छन्। तिनीहरुलाई अरु केहि गर्नलाई थाहा छैन। तर, प्रभु, म यदि खुसी छु कि त्यहाँ अर्को अध्याय लेखिएको छ। हामीले अर्को पाना पल्टाउन सक्छौ, र यो पानामा हामीले महान चिकित्सक भित्र आउनुभएको देख्छौ। हामी आज बिहान उहाँलाई सल्लाहको निम्ति बोलाउँदछौ।

453 अब, प्रभु, के यो तपाईको वचनमा यो लेखेको छैन, कि, "विश्वास गर्नेहरुमा यी चिन्हहरु हुनेछ"? प्रभु, यदि म एउटा विश्वासी होइन भने, मलाई अब एउटा बनाउनुहोस्। यदि यो सानी केटि एउटा विश्वासी होइन भने, उनलाई अब एउटा बनाउनुहोस्। "विश्वास गर्नेहरुमा यी चिन्हहरु हुनेछ; यदि तिनीहरुले आफ्नो हातहरु विरामीमा राख्छन् भने, तिनीहरु निको हुनेछन्।" यो पनि लेखिएको छ, "मेरो नाममा तिनीहरुले भूतहरु धपाउनेछन्।" प्रभु, ती—ती तपाईका वचनहरु हुन्। यो तपाईको हो। यो तपाईको वचन हो। र अब तपाईको दास जस्तै...

454 जस्तो तपाईले भन्नुभयो, “यदि तपाई तिमी दुई या तिनजना भेट्छौ, म तिमीहरुको बीचमा हुनेछु; र यदि तिमीहरु सहमत भयौ, जस्तो एक कुरा छुने गरी, र माग्छौ, तिमीहरुले त्यो प्राप्त गर्नेछौ।”

455 परमेश्वर, यो बच्चा आज बिहान यस भवनमा सबैभन्दा बिमार व्यक्ति होला, किनभने उनी तपाई बिना, धेरै बेर बाँच्न सक्दिनन्, र उनी सबैभन्दा बिमार छिन्। त्यसैले, हामीहरु सबै, हामीहरु सहमत भईरहेका छौ, जसरी हरेक सिपाही यहाँ खडा हुनुहुन्छ। र यस समूहमा अब्राहामको राजकीय बीउ खडा छ।

456 हामीले अब शैतान तर्फ अघि बढिरहेका छौ। र शैतान, जानको लागि पनि तयार हुनसक्छ, किनकि हाम्रा हतियारहरु चम्किरहेको छ, रङ्गहरु चलिरहेको छ; तरवार समातेका पुरुष र महिलाहरु, अब तँ तर्फ अघि बढिरहेको छ, यस सानी केटिको लागि। उनीबाट निस्केर आईज, शैतान। बच्चालाई छोडिदे। जीवित परमेश्वरको सेनाको रूपमा, हामी तँलाई विरोध गर्छौं। उनलाई छोडिदे, येशू ख्रीष्टको नाममा।

457 म उनी माथि हात राख्न जान्छु। र, शैतान, तैले यस बच्चालाई बाधेको छस्, तैले यो दुष्ट्याई गरेको छस्। मलाई थाहा छ कि तँ मान्छेको बराबर भन्दा माथि छस्, तर तँ मेरो परमप्रभुको बराबरमा छैनस्, त्यसैले म उहाँको नाममा आउँदछु। शैतानको आत्मा, उनलाई छोडिदे। तँ रोगको दुष्ट, यस बच्चाबाट बाहिर निस्की, र उनी स्वतन्त्र जान सकून्, आजको दिन उप्रान्त। म यो, येशू ख्रीष्टको नाममा उच्चारण गर्दछु।

458 अब, प्रभु परमेश्वर, तपाई जसले मरेकालाई जीवित उठाउनुभयो र तपाई परमेश्वर हुनुहुन्छ भनि प्रमाणित गर्नुभयो, यस जवान महिलालाई उनको स्वास्थ्य र बलमा फेरी पनि उठाउनुहोस्, ताकी उनी यस भवनमा यहाँ उभिन सकून्। उनीबाट दुष्ट गएको छ!...?...उनलाई निको पार्दै हुनुहुन्छ। उनी परमेश्वरको महिमा र आदरको निम्ति जिएकि होऊन्।

यो—यो बोलिएको छ, अब यो पूरा भएको होस्।

459 के यहाँ अरू छन् जसले आफ्नो हात उठाएर यो भन्न चाहनुहुन्छ, “मलाई प्रार्थना गरिएको चाहन्छु। म बिमार छु। मलाई परमेश्वरको खाँचो छ”? मलाई थाहा छैन हामीसँग कति समय बाकि छ। हामीसँग ती मानिसहरुलाई यहाँबाट भएर जान दिनको लागि काफि समय छ। म आज बिहान अहिले साँच्चै नै सान्त्वना महसूस गर्दैछु। हो। हो। तिमी यहाँ तल

आएको म चाहन्छु, बिल्ली, र बस लियो शायद यो एउटा भाग ठिक यहाँको, *यो* पट्टि यहाँ निर, एक्कै। केवल यो खण्डलाई पहिला आउन दिनुहोस्, त्यसपछि हामी पछाडिको खण्डलाई लिनेछौ, केवल *त्यो* गलियारसम्म त्यहाँ। त्यसपछि हामी तिनीहरुलाई केवल त्यसरी लिनेछौ, त्यसपछि तिनीहरु...

460 र अब भाई नेभिल र मेरा केहि सेवक भाईहरु मेरो छेउमा यहाँ खडा भएको म चाहन्छु, ठिक यहाँनिर, ताकी तपाईहरुले उहाँहरुलाई फेरी ठिक तल गलियारमा लान सक्नुहुन्छ। ठिक छ। ठिक छ। अब म...

461 तपाईहरु कति जनाले आफ्नो हतियार लिनुभएको छ?

462 (अब केहि फरक हुन गईरहेको छ। घर जानुहोस्, अब ठिक हुनुहोस्, निको हुनुहोस्।)

463 आमेन। ओ, मेरो! सबै तपाई सेनाहरु, तरवार तान्नुहोस्। तरवार तान्नुहोस्, क्रूसका सेनाहरु, अगाडि बढ्दै, अगाडि बढ्दै।

ख्रीष्ट, ठोस चट्टानमा, म खडा छु।
सबै अरु मैदान डुब्दै गरेको बालुवा हो।

464 ठिक छ, सिधै आउनुहोस्, ठिक तल छेउमा यहाँ। सबैजना अब, उहाँहरु जाँदै गर्दा प्रार्थनामा बस्नुहोस्।

येशूको नाममा, यस महिलालाई चंगाई गर्नुहोस्। आमेन।

आफ्नो तरवार अब निकाल्नुहोस्। ठिक तपाईको मेचमा, कराउदै राख्नुहोस्।

465 [भाई ब्रन्हामले मानिसहरुको निम्ति प्रार्थना गरिरहनुहुन्छ, उहाँका धेरै शब्दहरु अस्पष्ट छन्—सम्पा।]...?...

अगाडि, इसाई सेनाहरु!
युद्धमा जसरी अघि बढ्दै,
येशूको क्रूस सँगै
अगाडि जाँदै।

466 बाटो दे, शैतान! के भयो, सेनाहरु? के तपाईलाई हामीले जित्न सक्छौ जस्तो लाग्दैन? उहाँले पहिले नै जितिसक्नुभएको छ। हामीहरु ख्रीष्ट येशूमा विजयी भन्दा पनि बढि हौ! सबै दुष्टहरु फालिएको छ, सबैथोक। आमेन।

यहाँ आउनुहोस्, मेरो भाई!...?...

तपाई निको हुनुहुनेछ भनि म प्रार्थना गर्दछु...?...

मेरो भाईलाई निको पार्नुहोस्, डाक्टर; उहाँलाई निको पार्नुहोस्, पिता, येशूको नाममा।

येशू ख्रीष्टको नाममा, यस महिलालाई निको पार्नुहोस्। आउनुहोस्...?...

467 अब, उहाँले लिनुभयो...मैले पछाडिका भाईहरुलाई सोध्नुपर्छ। जतातते, प्रभु...?...

468 ओ परमप्रभु परमेश्वर, स्वर्ग र पृथ्वीका सृष्टिकर्ता! ओ परमेश्वर, उनको हृदयमा के छ तपाईलाई थाहा छ। तपाईलाई यो सबैको बारेमा थाहा छ। म दुवै आमा र बुवाको निम्ति प्रार्थना गर्दछु। येशू ख्रीष्टको नाममा, म प्रतिबद्ध छु...?...

येशू ख्रीष्टको नाममा, म...?...

येशू ख्रीष्टको नाममा, म...?...

469 परमेश्वर, मेरी बहिनीसँग रहनुहोस्। हामी जान्दछौ, बर्षौ बित्न थाल्छ र मृत्युले यस महिलाको शरीरलाई समात्न चाहन्छ। अब, येशूको नाममा...?...

470 येशू ख्रीष्टको नाममा, यस सानी केटिलाई आशिष दिनुहोस्, प्रभु। त्यहाँ विद्यालयमा हाम्रो युद्धहरु, मलाई थाहा छ उनी कुन पिडाबाट भएर जान्छिन्। म प्रार्थना गर्छु कि तपाईले आशिष दिनुहुनेछ। उनले त्यो तरवार तानेकी होउन्, यस बिहान, र अगाडि बढ्न्!...?...यो सानो केटालाई आशिष दिनुहोस्, प्रभु; ऊ आउदैछ, तपाईको नाम पुकार्दै, यस बिहानमा; तपाई योसँगै जानुहुन्छ भनि म प्रार्थना गर्दछु...?...

471 परमेश्वरले, मेरो भाईलाई आशिष दिनुभएको होस्, उहाँको अनुरोधलाई पूरा गरेर। प्रभु येशूको नाममा, मैले यो बोले!...?...

येशू ख्रीष्टको नाममा, हामी यो प्रार्थना चढाउदछौ।

येशू ख्रीष्टको नाममा, हामी यो प्रार्थना चढाउदछौ।

येशू ख्रीष्टको नाममा, हामी यो प्रार्थना चढाउदछौ।

येशू ख्रीष्टको नाममा, हामी...?...

येशू ख्रीष्टको नाममा, हामी यो प्रार्थना चढाउदछौ।

येशू ख्रीष्टको नाममा, हामी...?...

येशू ख्रीष्टको नाममा, हामी...?...

येशू ख्रीष्टको नाममा, मेरो भाईलाई निको पार्नुभएको होस्।

येशू ख्रीष्टको नाममा, हामी...?...

येशू ख्रीष्टको नाममा!

येशू ख्रीष्टको नाममा!

येशू ख्रीष्टको नाममा!

येशू ख्रीष्टको नाममा!

येशू ख्रीष्टको नाममा!

472 [कसैले भन्छ, "पिता मर्नुभयो।"—सम्पा।] परमेश्वर, उहाँलाई मद्दत गर्नुहोस्, येशूको नाममा।

परमेश्वर, येशू ख्रीष्टको नाममा, हामी...?...

परमेश्वर, येशू ख्रीष्टको नाममा!

येशू ख्रीष्टको नाममा, हामी...?...

येशू ख्रीष्टको नाममा, मेरो भाईलाई निको पार्नुभएको होस्।

येशू ख्रीष्टको नाममा...?...

तपाई अब बुझ्नुभयो?

ओ परमेश्वर, यो यहाँबाट गएको होस्...?...

473 येशू ख्रीष्टको नाममा, हामी प्रार्थना गर्दछौं!...?...बहिनीलाई दिनुहोस्...?...

474 ओ परमेश्वर, त्यो अनमोल सानी आमालाई चिनेर, जो यी सविया समस्याहरुबाट गईरहनुभएको छ, म प्रार्थना गर्छु, परमेश्वर, कि तपाईले...?...उहाँमा।

त्यो तरवार तान्नुहोस्, एड, र अगाडि बढ्नुहोस्, येशूको नाममा।

475 ओ परमेश्वर, महिलालाई निको पार्नुहोस्। उहाँको अनुरोधलाई पूरा गर्नुहोस्। कठिनाईको समयमा, उहाँको अगाडि भएको थियो तरवार उहाँले लिनुभएको।

ओ परमेश्वर...?...यो बिहान। म प्रार्थना गर्छु कि तपाईले गर्नुहुनेछ...?...

476 पिता परमेश्वर, म प्रार्थना गर्छु कि तपाईले हाम्रो भाईलाई चंगाई दिनुहुनेछ अनि निको पार्नुहुनेछ। र येशू ख्रीष्टको नाममा...?...

477 परमेश्वर, म प्रार्थना गर्छु कि तपाईले हाम्रो बहिनीलाई चंगाई दिनुहुनेछ, उहाँलाई निको पार्नुहुनेछ, येशू ख्रीष्टको नाममा।

478 पिता परमेश्वर, म प्रार्थना गर्छु कि तपाई—तपाईले हाम्रो भाईलाई निको पार्नुहुनेछ।

हाम्रो बहिनीलाई निको पार्नुहोस्, प्रभु...?...

पिता, येशूको नाममा, यो, हाम्रो बहिनीलाई निको पार्नुहोस्, पिता।

479 पिता,...?...हामी येशूको नाममा प्रार्थना गर्छौं। परमेश्वर, यस महिलालाई निको पार्नुहोस्।

ओ परमेश्वर, म प्रार्थना गर्छु कि तपाई...?...

480 ओ परमेश्वर, उहाँलाई आशिष दिनुहोस्, पिता!...?...हामी ती वृद्धा साथीहरुलाई कति प्रेम गर्छौं, प्रभु। र म प्रार्थना गर्छु कि तपाईले उहाँको अनुरोध पूरा गर्नुहुनेछ!...?...

481 हाम्रो स्वर्गीय पिता, म प्रार्थना गर्छु कि मेरो भाई...?...ओ परमेश्वर, ...?...उहाँ, ओ परमेश्वर...?...क्रूसको सेना। र उहाँले त्यो तरवार राख्नुहुनेछ, यो बिहान, र अगाडि बढ्नुहुनेछ।

परमेश्वर, हामी...?...यो प्रदान गर्नुहोस्, ओ प्रभु, उहाँको अनुरोध।

482 परमेश्वर, भाईलाई आशिष दिनुहोस्...?...म प्रार्थना गर्छु कि तपाईले उहाँलाई निको पर्नुहुनेछ, प्रभु! ...?...उहाँको हृदयको चाहना दिनुहोस्, येशू ख्रीष्टको नाममा।

483 ओ स्वर्गीय पिता, सुसमाचारको यो सानो सेवक, उहाँको घाटी...?... जहाँ उहाँले भाँडो धुनुभएको छ...?...परमेश्वर, म प्रार्थना गर्छु कि तपाईले गर्नुहुनेछ...?...र अहिले परमेश्वरको महान सेना अगाडि बढ्दै गर्दा, तरवार उठाएर, उनलाई विजय दिनुहोस्, प्रभु। उहाँको सानो पति यहाँ हुनुहुन्छ, प्रभु, जसली त्यो क्यान्सरयुक्त ओछ्यानबाट ल्याईयो जहाँ उहाँ लेटिरहनुभएको थियो, क्यान्सरले मर्दै गरेको स्थितिमा, र चिकित्सकहरुले पनि उहाँमा हार मानीसकेको थियो, जसै उहाँ जाँदै हुनुहुन्थ्यो। र

यहाँ उहाँ हुनुहुन्छ, यस बिहान, क्रूसको एउटा सानो सिपाही। उहाँलाई बलियो बनाउनुहोस्, प्रभु, तपाईको सेवाको निम्ति, हामी प्रार्थना गर्छौं, येशूको नाममा।

484 म त्यस सानी महिला चाहन्छु...यहाँ यो सानो प्रचारकसँग केहि अर्को कुरा छ। यहाँ आउनुहोस्, भाई किड। यो मान्छे हालसालै, अस्पतालबाट घर पठाईएको थियो, मर्दै, क्यान्सरले खाईरहेको थियो। [बहिनी किडले भन्नुहुन्छ, "एक वर्ष अगाडि।"—सम्पा।] एक वर्ष अगाडि। ["दुई।"] दुई वर्ष अगाडि, प्रोस्टेटले। उहाँको चिकित्सकले उहाँलाई केहि दिन मात्रै जिउनको लागि दिनुभएको थियो। र एक बिहान, हामीहरु त्यहाँ माथि गयौ, सवेरै बिहान, उहाँको लागि प्रार्थना चढायौ, त्यहि खालको जुन तपाईको लागि गर्यौं, र तिनीहरुले त्यसको ट्रेस समेत फेला पार्न सकेनन्। उहाँ निको पारिनुभयो। आमेन। उहाँ—उहाँ...["यो मान्नै पर्यो।"] उहाँको तौल पहिलेको भन्दा अहिले धेरै छ। उहाँ र उहाँको सानी श्रीमती सुसमाचारको क्षेत्रमा हुनुहुन्छ, शायद म जन्मदा भन्दा अगाडि देखि नै हुनुहुन्थ्यो। उहाँ अहिले यहाँ हुनुहुन्छ...[भाई किडले भन्नुहुन्छ, "पचपन्न वर्ष।"] पचपन्न वर्ष। म पृथ्वीमा आउनुभन्दा अगाडि, उहाँहरुले सुसमाचार प्रचार गरिरहनुभएको थियो। र यहाँ उहाँ हुनुहुन्छ, निको पारिएको, लगभग पचहत्तर वर्षको उमेर, वा, ["एकासी।"] एकासी वर्ष। ["हामीसँग जागृती भयो, दुई हप्ते सभा, हरेक रात प्रचार गरियो।"] दुई हप्ते जागृती, भर्खरै दुई हप्ते जागृती गरियो, र हरेक रात प्रचार भयो। एकासी वर्ष, निको हुनुभएको, क्यान्सरबाट, जब उहाँ वृद्ध हुनुहुन्थ्यो।

485 ठिक छ, बहिनी, यो अब तपाईको पालो हो। तपाई विश्वास गर्नुहुन्छ? *अगाडि, इसाई सिपाही।* ठिक छ, बहिनी। तपाई, तपाईहरु हरेकलाई, तपाई के गर्न जानुहुनेछ? **परमप्रभु यसो भन्नुहुन्छ**। हामीले के गर्ने, यहाँ वरपर बस्ने?

486 शैतान, तँ हारेको छस्। हामीहरु अब आउदैछौ। हामीहरु प्रतिज्ञाको देश तर्फ बढ्दै छौ। त्यो के हो? "यरूबाबेलको अगाडि, यो पहाड के हो? यो को हो, त्यहाँको अगाडि उभिने? त सम्म हुनेछस्।" किन? दुई–धारे तरवारले, हामीले उनलाई मैदानमा काट्नेछौ। त्यो सहि हो। ठिक छ।

अगाडि बढ, इसाई सिपाही!
युद्धमा अगाडि बढे जसरी,

येशूको क्रूस सहित
अगाडि बढ्दै;
ख्रीष्ट, राजकीय मालिक,
शत्रुको विरुद्ध नेतृत गर्नुहुन्छ; (उहाँको वचनसँग।)
युद्ध तर्फ अगाडि बढ्दै,
हेर्नुहोस्, उहाँको झण्डा जान्छ!

अगाडि बढ, इसाई सिपाही!
अगाडि बढ, इसाई सिपाही,
येशूको क्रूस सहित
अगाडि बढ्दै।

487 हाल्लेलुयाह! तिनीहरुले के गरे? पहिलो कुरा जुन अगाडि गयो, युद्धमा, इस्राएलको निम्ति, पहिलो कुरा के थियो? गायकहरु अगाडि गए, पहिलो। के ले पछ्यायो? सन्दुक। त्यसपछि युद्ध। ठिक छ। के तपाई यो अब विश्वास गर्नुहुन्छ? हामीहरु *अगाडि गाईरहेका छौ, इसाई सिपाहीहरु।* हामीले सबै शंकाहरुलाई निकाल्दै छौ। अब हाम्रो खुट्टामा उभिदै, हामी युद्ध तर्फ बढ्छौ।

आउनुहोस् अब उठौ, सबैजना।

अगाडि बढ, इसाई सिपाही!
युद्धमा अगाडि बढे जसरी,
येशूको क्रूस सहित
अगाडि बढ्दै;
ख्रीष्ट, राजकीय मालिक,
शत्रुको विरुद्ध नेतृत गर्नुहुन्छ;

हामीले त्यसली कसरी पराजित गर्छौ? वचनसँग।

युद्ध तर्फ अगाडि बढ्दै,
हेर्नुहोस्, उहाँको झण्डा जान्छ!

अगाडि बढ, इसाई सिपाही!
युद्धमा अगाडि बढे जसरी,
येशूको क्रूस सहित
अगाडि बढ्दै।

हामी विभाजित छैनौ,
सबै एउटै शरीर हामी;
आशा र सिद्धान्तमा एक,
परोपकारमा एक।

488 सबैजना जसले अहिले विश्वास गर्नुहुन्छ, भन्नुहोस्, “आमेन।” [सभाले भन्छ, “आमेन।”—सम्पा।] हाल्लेलुयाह! तपाई त्यो विश्वास गर्नुहुन्छ? हामीहरु विजेताहरु हौँ। सबै शत्रुहरु कहाँ छन्? हाम्रो खुट्टा मुनि। हामीहरु आज को हौँ? ख्रीष्टमा जीवित उठेका!

489 अब, यो समाप्त भयो, बहिनी। के तपाई त्यो विश्वास गर्नुहुन्छ? अब घर जानुहोस्। तपाईलाई ठिक महसूस भएको छ? उहाँले भन्दै हुनुहुन्छ कि उहाँले ठिक महसूस गर्दै हुनुहुन्छ अहिले। सबैकुरा ठिक छ।

490 त्यहाँ बाहिर कतिजनाले ठिक महसूस गर्नुहुन्छ? र जब तिनीहरु कराए, पर्खाल भत्कियो, आमेन, अनि तिनीहरुले यो लिए। आमेन। तिनीहरुले शहर कब्जा गरे। आमेन! आमेन! तपाईले उहाँलाई विश्वास गर्नुहुन्छ?

491 अब, आज रातीको सेवा नभुल्नुहोस्। भाई नेभिल आज राती यहाँ हुनुहुनेछ, र हामीलाई एउटा राम्रो सन्देश ल्याउदै हुनुहुन्छ। र आईतबर, अर्को आईतबार, प्रभुको इच्छा भए, म यहाँ हुनेछु।

492 अब, जाऔ, हामी चल्दै गर्दा। र अब, भवनबाट बाहिर, जाऔ, गाउदै, *अगाडि, इसाई सिपाहीहरु।* र आजको दिनदेखि, अब उप्रान्त, त्यो तरवार म्यानमा नराख्नुहोस्। त्यसलाई बाहिर तान्नुहोस्। विजय गरौ। “तिनीहरु अगाडि गए, विजय पाउदै, र विजय पाउनलाई।” ठिक छ, फेरी, त्यो पहिलो श्लोकमा।

अगाडि बढ, इसाई सिपाही!
युद्धमा अगाडि बढे जसरी,
येशूको क्रूस सहित
अगाडि बढ्दै।

***आजसम्म लडिएको सबैभन्दा विशाल युद्ध*** NEP62-0311

(The Greatest Battle Ever Fought)

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा मूल रूपमा अंग्रेजीमा आईतबार बिहान, मार्च ११, १९६२, ब्रन्हाम टेबरनेकल जेफरसनभिल, इन्डियाना, यु.एस.ए., मा प्रचार गरिएको थियो। यो प्रवचन चुम्बकीय टेप रेकर्डिङ्गबाट लिईएर अंग्रेजीमा कुनै काँट–छाँट नगरी छापिएको छ। यो नेपाली अनुवाद वोईस अफ गड रेकर्डिङ्गद्वारा छाप्ने र वितरण गर्ने गरिएको छ।

NEPALI

©2023 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org